CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङ - व्याकरण

अमृत योञ्जन तामाङ

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङ - व्याकरण

अमृत योञ्जन तामाङ

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङ-व्याकरण

अमृत योन्जन तामाङ

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
कमलादी, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकः-

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं
नेपाल

प्रथम संस्करण २०५४
११०० प्रति

मूल्य रू. ८५।-

मुद्रकः-

प्रज्ञा-छापाखाना
प्रज्ञाभवन कमलादी
फोन नं. २-२१२८३
२-२१२४२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

प्रजातन्त्र पुनःस्थापनापश्चात् निर्माण गरिएको नेपाल अधिराज्यको संविधान २०४६ ले नेपाललाई एक 'बहुभाषिक' राष्ट्र स्वीकार गरेको तथ्य सर्वविदितै छ । यसैअनुरूप नेपालका विभिन्न भागमा बोलिने भातृभाषाहरूलाई 'राष्ट्रिय भाषा'को रूपमा मान्यता दिई तिनको संरक्षण र संवर्द्धन गर्ने तथा प्राथमिक शिक्षाको माध्यम बनाउने संवैधानिक प्रावधान भएको छ । तदनुरूप नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको ऐनमा पनि संशोधन गरी नेपालका विभिन्न राष्ट्रभाषाहरूको अध्ययनमा बढी जोड दिइएको छ ।

कुनै पनि भाषाको संरक्षण र संवर्द्धनका लागि शब्दकोश लगायत व्याकरणलेखन अत्यन्त आवश्यक देखिन्छ । प्रस्तुत पुस्तकमा अमृत योन्जन तामाङज्यूले यसै आवश्यकतालाई पूर्ति गर्ने एउटा सराहनीय प्रयास गर्नुभएको छ । साथै, तामाङव्याकरण-लेखनकार्यमा लेखकलाई प्रोत्साहित गर्नमा प्राज्ञ वैरागी काइँलाको योगदान महत्त्वपूर्ण छ ।

विगतमा तामाङ भाषाको केही पक्षको अध्ययन नभएको होइन । यस सन्दर्भमा हड्सन (१८४८) को तामाङशब्दसङ्कलन, कोनो (१९०९)को तामाङ वाक्यसंरचना, एस. आइ. एल.को तामाङ-वाक्यविश्लेषण, मार्टिन मजाउदन (१९७३) को तामाङ भाषाको तान आदि अध्ययनहरू उल्लेखनीय छन् । तर, अमृत योन्जन तामाङद्वारा तैयार पारिएको तामाङ व्याकरण तामाङ भाषाका विभिन्न पक्षहरूको भाषावैज्ञानिक विश्लेषण समग्र रूपमा प्रस्तुत गर्ने प्रथम प्रयास हो र त्यसैले प्रस्तुत पुस्तक ऐतिहासिक महत्त्वको कृति हुन पुगेको छ ।

यो पुस्तक वर्णनात्मक भाषावैज्ञानिक आधारमा लेखिएको छ । तामाङ भाषाका विभिन्न भाषावैज्ञानिक पक्षहरूलाई सँगालेर तयार गरिएको यो ग्रन्थ चार अध्यायमा विभाजित छः १. वर्णव्यवस्था, २. शब्दवर्ग, ३. वाक्यव्यवस्था र ४. केही व्याकरणात्मक कोटिहरू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तमा सन्दर्भसूचीका साथै नाम, सर्वनाम र क्रिया रूपावलीलगायत तामाङव्याकरणआलेखन तथा शब्दार्थलाई पनि परिशिष्टको रूपमा समावेश गरिएको छ।

प्रस्तुत पुस्तक तामाङ भाषाको एक सन्तुलित अध्ययन भएकोले यस भाषाको आगामी अध्ययन र अनुसन्धानमा एउटा आधारभूत ग्रन्थको रूपमा उपयोगी हुनेछ भन्ने हामीलाई विश्वास छ। यसका अतिरिक्त यस पुस्तकले सम्बन्धित भाषालाई संरक्षण, सम्वर्द्धन र नियमित गर्न र शैक्षिक प्रयोजनका लागि पनि प्रयोग हुन उपयुक्त बनाएको छ। भन्ने कुरा हामी ठान्दछौं। साथै यस ग्रन्थबाट तामाङका अन्य क्षेत्रिय/सामाजिक भाषिकाहरूको अध्ययनमा सहयोग मिल्नेछ भन्ने विश्वास हामीले लिएका छौं। यस महत्त्वपूर्ण ऐतिहासिक प्रयासका लागि लेखक धन्यवादका पात्र हुनुहुन्छ।

डा. योगेन्द्रप्रसाद यादव
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

०५४ वैशाख १ गते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

डेन्छेन् आखे गोरे योन्जन

र

डेन्छेन् माम् टुल्की लो लाई

जसको संरक्षकत्वमा

मैले तामाङ व्याकरण सिकें

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङ-व्याकरणको प्रसङ्गमा

तामाङ जाति नेपालको एउटा प्राचीन जाति हो । उनीहरू काठमाडौं उपत्यकालाई आफ्नो आदिभूमि मान्दछन् । यसका वरिपरिका पहाडी भू-भागमा नै यो जाति बढी केन्द्रित छ । हाल यो जाति मध्यमाञ्चल विकास क्षेत्रका रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, ललितपुर, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लामा घना रूपमा छन् । पातलो रूपमा नेपाल अधिराज्यभरि नै फैलेको छ । नेपालबाहिर भारतको पूर्वाञ्चल विशेष गरी दार्जिलिङ, सिक्किम, आसाम, नागालैंड र बर्मा तथा भूटानमा पनि यो जातिको बाक्लो बसोबास पाइन्छ । २०४८ सालको जनगणनाको प्रतिवेदनअनुसार नेपाल अधिराज्यमा यो जाति १०,१८,२५२ अर्थात् कुल जनसङ्ख्याको ५.५% रहेको छ । तामाङ विद्वान्हरू यस सङ्ख्यालाई यथार्थभन्दा ज्यादै न्यून मान्दछन् ।

यस जातिले बोल्ने भाषालाई तामाङभाषा भन्दछन् । नेपालमा यो भाषा पाँचौं स्थानमा छ भने नेपालका चीनी-तिब्बती परिवारका भाषाहरूमा यसले प्रथम स्थान ओगटेको छ । नेपाल अधिराज्यको संविधान-२०४७ को धारा ६(२) ले तामाङभाषा लगायतका मातृभाषाको रूपमा बोलिने भाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरेको छ । यस्तै भारतको सिक्किम राज्यले पनि १९९५ मार्च ३१ का दिन तामाङ भाषालाई सिक्किमको राजभाषाको मान्यता प्रदान गरेको छ । नेपाल अधिराज्यको संविधान-२०४७ को धारा १८(२) ले अन्य मातृभाषालगायत यस भाषामा प्राथमिक तहसम्म पठनपाठन गर्न पाउने संवैधानिक व्यवस्था गरेको छ ।

शिक्षाको औपचारिक शैक्षिक क्षेत्रहरूमा यसको प्रयोग हुन सकेको छैन तर अनौपचारिक शिक्षणमा भने यस भाषाको प्रयोग सुरु भएको छ । प्रौढशिक्षामा एक प्याकेज र अनौपचारिक प्रौढशिक्षामा दुई गरी जम्मा तीन प्याकेजको प्रयोग भइरहेको छ । विमला तामाङ र हेपवर्न जेनिफरद्वारा तयार गरिएको प्रौढशिक्षाका 'ङय्हङ्मा खेप्प लोप्के' (हामी पढ्न सिकौं) का तीन भाग छन् र यो मूलतः नेपालको पश्चिमी क्षेत्र नुवाकोट, धादिङ र गोर्खामा 'युनाइटेड मिसन टु नेपाल' ले प्रयोग गरिरहेको छ । यस्तै अमृत योन्जन तामाङद्वारा तयार पारिएको अनौपचारिक प्रौढ शिक्षाको प्याकेज 'छारठीम' (नयाँ चलन) का दुई भाग छन् र यो प्याकेज 'सेभ द चिल्ड्रेन फन्ड (यू.के.)' ले नुवाकोटमा र एक्शन एड नेपाल र युगल सामुदायकि विकास मञ्चले सिन्धुपाल्चोक जिल्लामा शिक्षण गरिराखेका छन् । जितवीर लामाज्यू र वहाँका सहयोगीहरूले तयार गर्नुभएको यस्तै नयाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्याकेज ह्वाओसेर् (प्रकाश) यसै वर्षदेखि प्लान इन्टरनेशनलको सहयोगमा मकवानपुर जिल्लाका तामाङगाउँहरूमा अध्यापन-कार्य सुरु भएको छ । यसरी यो भाषा अनौपचारिक शिक्षाको क्षेत्रमा व्यापक हुँदै छ ।

यस भाषाको अर्को प्रयोगक्षेत्र सञ्चार हो । २०५१ साल भदौ १ गतेदेखि यस भाषामा रेडियो नेपालबाट पाँच मिनेटको क्षेत्रीय प्रसारणअन्तर्गत तामाङभाषाको समाचार-प्रसारण शुरू भएको छ र सिक्किमको विधानसभामा पनि तामाङ भाषाका इन्टरप्रेटरको व्यवस्था भई तामाङ-इन्टरप्रेटरको नियुक्ति भइसकेको छ ।

तामाङ जाति आफ्ना भाषाप्रति निकै वफादार छन् भन्ने तथ्य राष्ट्रिय जनगणनाको प्रतिवदेन- १९९१ बाट प्रस्ट हुन्छ । तथ्याङ्कअनुसार तामाङ जाति नेपाल अधिराज्यको कुल जनसंख्याको ५.५% छन् भने तामाङभाषा मातृभाषाको रूपमा बोल्नेहरूको संख्या ४.८९% रहेको छ । यस तथ्याङ्कले आफ्नो मातृभाषाप्रति यस जातिको वफादारी ८८.८२% देखाइएको छ ।

तामाङभाषीहरू यस भाषाका वाङ्मयको विकासमा पनि संलग्न हुन थालेका छन् । २०१६ सालदेखि हालसम्म २२ शीर्षकमा पत्रपत्रिकाहरू फाटफुट रूपमै भए पनि प्रकाशित भइसकेका छन् । त्यस्तै ६० भन्दा बढी शीर्षकमा पुस्तकहरू प्रकाशित भएका छन् । हालसम्म १० वटा गीति एल्बम निक्लिसकेको छ । यसरी आफ्नो भाषाप्रतिको चासो र वफादारिता तामाङ वक्ताहरूमा निकै देखिन थालेको छ ।

तामाङभाषाको आफ्नो लिपि छैन । पारम्परिक रूपमा तामाङभाषा तिब्बती लिपिमा लेखिन्थ्यो र हाल पनि फाटफुट रूपमा लेखिरहेका छन् । तिब्बतका राजा स्रङ्चङ गोम्पोको पालामा थोन्म्ही संभोटा (७ औं शताब्दी) ले यस लिपिको निर्माण गरेको विश्वास गरिन्छ । नेपालमा यस लिपिको प्रेस सुलभ नहुनाले यस लिपिमा लेखन कार्य प्राय: रोकिन गएको छ । यस लिपिमा तामाङ संस्कृतिसम्बन्धी पुस्तकहरू लेखिएका छन् ।

हाल देवनागरी लिपिमा तामाङभाषा लेख्ने प्रचलन बढेको छ । मूलत: औपचारिक शिक्षा प्राप्त गर्ने तामाङहरू यसै लिपिमा लेख्दछन् । ६४ वर्षअगाडि तामाङ भाषा देवनागरीमा मुद्रित भएको छ । यो १९८९ साल कार्तिक १ गते सोमवारको गोरखापत्र (भाग ३२ संख्या २६ र २७) मा श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाको भाषणको सारांश छापिएको छ -

> "....दुनित्राला सुख, मुलुक्ला संपत्ति बढप लाबरी ङाला सेम् तबसे हरेक ग्याम्से थे सेम तबसे पूरा लाबरी ङा सधैं खुब योनालासे...."
>
> *(श्री ३ सरखार ग्ले जुद्धसंशेर जंगबहादुर राणा ग्याम्से पिन्बा तं तुम्बा) १९८९।६।३१।१*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङभाषा देवनागरीमा लेखिएको यो नै हालसम्म प्राप्त पहिलो आधिकारिक अभिलेख हो। तर रोमन लिपिमा यसभन्दा २३ वर्ष अगाडि नै यो भाषा प्रकाशित भएको पाइन्छ। (ग्रियरसन १९०९)

तामाङभाषामा लेख्ने परम्परा कहिलेदेखि सुरू भयो ज्ञात हुन सकेको छैन। तर तामाङ-समाजमा सामाजिक परम्पराका पुस्तक ताम्बा काइतेन र वंश-परम्पराका पुस्तक दोङ्राप्, फाराप् आदि लेख्ने परम्परा भने निकै पुरानो मानिन्छ। ताम्बा काइतेन मा तामाङ-परम्पराका नियमहरूको सङ्ग्रह गरिएको हुन्छ भने दोङ्राप् मा तामाङ जातिको वंशकथा। त्यस्तै फाराप मा सम्बद्ध थरका मृतकहरूको नामावली हुन्छ।

यिनै पुस्तकहरूमध्ये केही संकलन गरेर सर्वप्रथम वि.सं. २०१३ सालमा बुद्धिमान मोक्तानले देवनागरी लिपिमा लिपिबद्ध गरी 'जिक्तेन ताम्छ्योइ अथवा तामाङ वंशावली ह्रामा' लेखी प्रकाशित गुर्नभएको थियो। त्यसैताका सन्तवीर लामा (२०१६) ले पनि हस्तलिखित पुस्तकहरूको सङ्कलन गरी केही व्याख्यासहित 'ताम्बा काइतेन ह्वाइ रिमठिम' र 'सेबुसेमु' प्रकाशित गर्नुभयो। त्यस्तै जंगवीर बोम्जन र हर्कबहादुर पाखिन (२०२०) ले 'तामाङ गीद' प्रकाशित गरेका थिए। सांस्कृतिक तथा मौलिक प्रस्तुतिको दृष्टिले तामाङ-समाजमा यी पुस्तकहरूको निकै ठूलो महत्व रहेको छ। तामाङ-संस्कृतिको परिचय दिने अरू पुस्तकहरूमा जी. डी. लामा (२०४०) को 'तामाङ चुङ्नीला ठिमतेन ताम्छ्योइ', मोक्तान भाइ (२०४०) को 'उठान देखि...' शङ्खबुद्ध लामा (२०४०) को 'काल्पाल्होर्ग्युइ छ्योइताम् म्हानेगाम्भु' (२०४० ?) लाई लिन सकिन्छ।

२०४७ सालमा अमृत य़ोन्जनको 'चु सा हेन्छे' (कविता-सङ्ग्रह प्रकाशित भएपछि आधुनिक तामाङ-साहित्यको प्रारम्भ भएको मानिन्छ। दुपवाङ्गेल मोक्तानको 'प्राङ्बोला ह्वाई' (२०४८) र आमात चोथेन (२०४९) को 'ङ्याङ्ला काइरानरी' ले तामाङ कविताफाँटलाई अगाडि बढाएको छ।

भाषिक अध्ययनको क्षेत्रमा सर्वप्रथम बी. एच. हड्सनले सन् १८४८ तिर मुर्मी (तामाङ) शब्द सङ्कलन गरेको पाइन्छ। यस भाषाको संरचनाको अध्ययन सर्वप्रथम स्टेन कोनोले सन् १९०९ मा Linguistic Survey of India Vol. 1.III मा गरेका थिए। यसपछि २०२४ सालमा चूडामणि बन्धुको नेतृत्वमा त्रिभुवन विश्वविद्यालयले मध्यमांचलका पहाडी भेगका विभिन्न ९ भाषासहित सिन्धुपालचोक जिल्लाका तामाङभाषाको अति संक्षिप्त सर्वेक्षण गरेको थियो।

समर इन्स्टिच्युट अफ लिङ्ग्युस्टिक (SIL) ले तामाङ वाक्य, वाक्यांश, तान र शब्दावली आदिको अध्ययन गरेको छ। यसअन्तर्गत डोरिन टेलर (१९६९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मारिया हरि (१९७०) रिचार्ड पिटम्यान (१९७०) र फे एभरिट (१९७३) को उल्लेख गर्न सकिन्छ ।

तामाङभाषाको तान (Tone) को अध्ययन मार्टिन मजाउदन (१९७३) ले गर्नुभएको छ । वहाँका Tamang Phonologie (तामाङ-ध्वनिविज्ञान) प्रकाशित छ । यसै सम्बन्धमा वहाँका १० वटाभन्दा बढी अनुसन्धानात्मक प्रबन्धहरू प्रकाशित भएका छन् । यसै गरी योशियो निशी (१९७२), आर. के स्प्रिङ (१९८९), जेनिफर हेपवर्न (१९७८) छेरिङ थिङ्गो (१९८२) जर्ज रोइच (१९५८) आदिले पनि तामाङभाषाको अध्ययन गरेका छन् ।

यसरीनै २०४० सालमा वि.ना. 'कोही' को **'तामाङभाषा: एक परिचय'** शीर्षक लेख मधुपर्कमा छापियो । त्यस्तै २०४१ मा पद्म लामा पाखिनको **'तामाङभाषालाई व्याकरणीकरण'** नामक लेख फ्याफुल्ला मा प्रकाशित भयो । २०४५ मा अमृत योन्जनका दुईवटा लेखहरू **'ध्यात्ला कुल्बा म्हान्बा काइ'** (क्रिया शब्दको विध्यार्थक रूप) र **'ध्यात्ला काइ थेन चुला यालङा'** (काम शब्द र यसको प्रकार) स्योम्हेन्दोमा प्रकाशित भएको थियो ।

तामाङभाषाको अध्ययनको सम्बन्धमा उपर्युक्त अध्ययनहरूपछि २०४९ मा जगन्नाथ उपाध्यायको **'तामाङभाषा र नेपालीभाषाका व्याकरणको व्यतिरेकी तुलना'** त्रि.वि. स्नातकोत्तर शोधपत्रको रूपमा तयार भयो । यसै वर्षमा अमृत योन्जनको **'तामाङ-व्याकरणको प्रारूप'** नामक पुस्तक प्रकाशित भयो ।

माथि उल्लेखित तामाङभाषा सम्बन्धी अध्ययनहरू मूलत: भाषाविज्ञानका कुनै न कुनै सैद्धान्तिक पक्षसंग गाँसिएका छन् र हालसम्म तामाङभाषाको समग्रमा व्याकरणगत अध्ययन र विश्लेषण भने भएको छैन ।

यस्तै यहाँ तामाङ-भाषिकाको चर्चा गर्नु पनि सान्दर्भिक नै हुनेछ । तामाङ भाषाको के कति भाषिकाहरू छन् त्यसबारे भाषावैज्ञानिक सर्वेक्षण भएको छैन । तर पश्चिमी भाषिका र पूर्वेली भाषिकाको चर्चा तामाङ समाजमा सुनिन्छ र त्रिशुली नदीलाई भाषिका विभाजनको सिमारेखा मान्न सकिन्छ । तसर्थ त्रिशुली नदीको पश्चिम तिरको तामाङभाषालाई पश्चिमी भाषिका र यस नदीको पूर्व तिरका तामाङभाषालाई पूर्वेली भाषिका मान्न सकिने आधारहरू छन् ।

पश्चिमी भाषिकाको अध्ययन मूलत: डोरिन टेलर, मारिया हरि आदिले गरेका छन् भने पूर्वेली भाषिकाको अध्ययन मूलत:मार्टिन मजाउदनले गरेका छन् ।

पूर्वेली भाषिकालाई पनि मोटामोटी सैलुङे भाषिका र तेमाले भाषिकाको रूपमा विभाजन गर्न सकिने आधारहरू छन् । सुनकोशी नदीको उत्तर-पूर्व क्षेत्रका तामाङभाषालाई सैलुङे भाषिका र यसै नदीको दक्षिण-पश्चिम क्षेत्रमा तामाङभाषालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेमाली भाषिका मान्न सकिन्छ ।

प्रस्तुत व्याकरण तामाङ-व्याकरण-लेखनको पहिलो प्रयास हो । गत ५ वर्षदेखि यसलाई पूर्णता प्रदान गर्ने प्रयास गर्दागर्दै पनि तामाङ-व्याकरणको सम्पूर्ण पक्षको समावेश गर्न सकिएन । केही व्याकरणगत पक्षहरूको अध्ययन र विश्लेषणसूक्ष्म हुनाले यहाँ समाविष्ट गरिएन पनि । प्रत्येक अध्ययन र विश्लेषणको आफ्नै सीमा र कमजोरीहरू हुन्छन् । यस अध्ययनको पनि आफ्नै सीमा र कमजोरीहरू छन् । तामाङभाषा लेख्य परम्परातिर उन्मुख भाषा हुनाले यस भाषाको मानक रूपको विकास भइसकेको छैन । यसर्थ यो व्याकरण तामाङभाषाको मानक रूपको अध्ययन विश्लेषण गरेर लेखिएको आदर्श (काल्पनिक) व्याकरण होइन ।

यो व्याकरण मूलत: सैलुङ क्षेत्रमा बोलिने लोकभाषाको अध्ययन-विश्लेषणमा आधारित वर्णनात्मक व्याकरण हो । सैलुङ (३३१० मी.) मध्यपहाडी क्षेत्रको अग्लो पहाडी भूभाग हो, जो रामेछाप र दोलखा जिल्लाको पश्चिमी सीमामा अवस्थित छ, यसैको पश्चिमी फेदमा काभ्रेपलान्चोक र सिन्धुपालचोक जिल्लाको पूर्वी सीमा पर्दछ । यो क्षेत्र तामाङ जातिको ऐतिहासिक तथा साँस्कृतिक केन्द्रको रूपमा चिनिन्छ ।

ग्याब्रिल टाउचर (Gabrial Tautscer) ले सैलुङ क्षेत्रको ऐतिहासिक र साँस्कृतिक अध्ययन गर्नुभएको छ । वहाँले सैलुङको सिमाना पश्चिम र दक्षिणमा सुनकोसी, पूर्वमा तामाकोसी र उत्तरमा चरङ्गे खोला मानेका छन् :

> Sunkosi in the west and south, Tamakosi in the east and Charanawoti Khola with its source on Kalinchok in the North. This makes a Thulo Sailung a natural Centre of the entire area. (**"The five Tamang Ancestors and Sailung Phoi Sibda Karpo"** P.2).

सामान्यत: सैलुङे भाषाको मूल क्षेत्र पश्चिम र दक्षिणमा सुनकोसी, पूर्वमा लिखूखोला र उत्तरमा हिमालको काखसम्म मान्न सकिन्छ र हाल यो भाषिका नेपालीका पूर्वी भाग र दार्जिलिङ तथा सिक्किमसम्म फैलेको छ । यस क्षेत्रमा रिस्याङ्गु-धादिङ, आन्दरबुङ, पुडी, सैलुङ, भुरुङ्गा,माने-दोरम्बा, गागल-पिङ्खुरी, घ्याङ-भेडपु, मुदे-मृगे, फुलासी, तिलपुङ् जस्ता प्राचीन तामाङबस्तीहरू छन् ।

फ्रान्सकी मार्टिन मजाउदन यसै भाषिकाको केन्द्रको रुपमा रहेको रिस्याङ्गुमा तामाङभाषाको अनुसन्धान गरिन् । उहाँले सन् १९७३ मा Tamang Phonologie (तामाङ-ध्वनिविज्ञान)मा पि.एच.डि. गर्नुभएको थियो र वहाँका तामाङ- फ्रेन्च-अङ्ग्रेजी-नेपाली शब्दकोष प्रकाशोन्मुख छ ।

त्यस क्षेत्रका तामाङभाषाभाषीहरू पनि आफ्नो भाषाको अध्ययन अनुसन्धान र लेखनमा सक्रिय रही आएका छन् र कैयौं हस्तलिखित ग्रन्थहरू फेला परेका पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । यो व्याकरण पनि यसै भाषिकामा लेखिएको हो भन्ने जानकारी माथि भइसकेको छ ।

यस तामाङ-व्याकरणमा तामाङ-व्याकरणसम्बन्धी जे-जस्तो अध्ययन विश्लेषण भएको छ, त्यो सबै मेरो सिङ्गो प्रयासबाट मात्र सम्भव भएको होइन । भाषावैज्ञानिकहरू- डा. माधवप्रसाद पोखरेल र देवीप्रसाद गौतमले तामाङभाषाको व्याकरणको स्वरूपको खोजी गर्न मार्गदर्शन गर्नुभएको थियो । यस्तै भाषावैज्ञानिकहरू डा. नोबलकिशोर राई र काशीनाथ तमोटज्यूले व्याकरणसम्बन्धी मेरा थुप्रै जिज्ञासाहरू कैयौंपटक शान्त गर्नुका साथै व्याकरण-लेखनमा ऊर्जा प्रदान गर्नुभएको छ ।

यस्तै यस व्याकरणको पहिलो पाण्डुलिपिमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित तामाङ-व्याकरणसम्बन्धी गोष्ठीमा प्राज्ञ डा. योगेन्द्रप्रसाद यादव, डा. नोबलकिशोर राई, डा. हेमाङ्गराज अधिकारी, काशीनाथ तमोट, मोहनराज शर्मा जस्ता शीर्षस्थ भाषावैज्ञानिकहरू सहभागी हुनुभई अमूल्य सुझाव दिनुभएको थियो । त्यसै गोष्ठीमा व्यक्त विचारहरूबाट यो व्याकरण यस रूपमा प्रस्तुत गर्नु सम्भव भएको हो । यस्तै गत वर्ष मार्टिन मजाउदन आफ्नो शब्दकोषको कार्य सम्पन्न गर्न नेपालमा आउनु हुँदा वहाँसँग तामाङ-व्याकरणसम्बन्धी केही छलफल भएको थियो । यसपछि तामाङ वचन, विशेषण तथा तानको बारेमा पुर्नलेखन गरें । माथि उल्लिखित सबै विद्वान्हरूप्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

नेपालका चीनी-तिब्बती भाषाहरूको उत्थानमा दिलोज्यानले लागिरहनुभएका प्राज्ञ बैरागी काइँलाज्यूले तामाङभाषा र व्याकरणबारे चासो राख्नुभई मलाई व्याकरण लेख्न प्रोत्साहित गर्नुभयो, तदारूखताका साथ आवश्यक सहयोग जुटाइदिनुभयो, तामाङ व्याकरण सम्बन्धी गोष्ठीको संयोजन गर्नुभयो र यो लेखनकार्य टुङ्ग्याउन पनि झक्झक्याउनुभयो । तसर्थ यो व्याकरण यस रूपमा ल्याउन वहाँको अमूल्य योगदान रहेको छ । यसरी नै मेरो नेपाली लेखनलाई सच्याइदिनु हुने राजकीय प्रज्ञा-प्रतिष्ठानका कुमारधर शर्मा 'ज्ञानी' तामाङ ग्योई सेमलेङ सेङ्जाङ्का मित्रहरू-मूलत: प्रताप बल तामाङ, ध्यानबहादुर मोक्तान र केही ठेट तामाङशब्दका अर्थ र प्रयोगबारे जानकारी दिनुभई श्रीमती मीना तामाङले ठूलो सहयोग गर्नुभएको छ । म उहाँहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

तामाङभाषाको लेखनमा यस व्याकरणले लिएको दिशालाई प्रकाशन-पूर्व नै यसका नियमअनुरूप तामाङ ग्योइ सेम्लेङ् सेङ्जाङ्, अन्य संघ/संस्था र लेखकहरूले प्रयोग गरेर मलाई प्रोत्साहित गरेकोमा म ती संस्थाहरू प्रति पनि आभार व्यक्त गर्न चाहन्छु । झिझो नमानी यस व्याकरणको कम्प्यूटर टङ्कण गर्नुहुने भरत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोइराला, भुपराज काफ्ले र मगन श्रेष्ठ प्रति पनि म आभारी छु । वहाँहरूको लोभलाग्दो सहयोगविना तामाङभाषाको शुद्ध टंकण सम्भव हुने थिएन नै ।

अन्तमा, यो तामाङ-व्याकरणलाई सरल रूपमा प्रस्तुत गर्न मेरो प्रयास रहेको छ । यस प्रयासमा व्याकरणका सम्पूर्ण अंगहरू समेट्ने र तामाङव्याकरणलाई भाषावैज्ञानिक दृष्टिकोणबाट प्रस्तुत गर्ने जमर्को पनि भएको छ । मलाई सहयोग पुऱ्याउनु हुने विद्वान्हरू र सहयोगीहरूको सद्भावनाबाट नै यो व्याकरण पाठक समक्ष प्रस्तुत गर्न सम्भव भएको छ । यसमा भएका कमी-कमजोरीहरू मेरो अज्ञानता वा विवशताका परिणाम हुन् । यसमा रहेका कमी-कमजोरीहरू खुटचाउन र छलफल गर्नको लागि तपाईमा जाँगर चलाउन यो व्याकरण आधारभूमि बन्न सक्यो भने त्यो नै मेरो लागि ठूलो उपलब्धि हुनेछ ।

४ असार, २०५३ अमृत य़ोन्जन तामाङ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची (Contents)

तामाङ व्याकरणको प्रसंगमा क-छ

विषयसूचि ज-त

अध्याय एक - वर्णव्यवस्था (Tamang Phonology)

१. तामाङवर्ण (Tamang Phonemes)

१.१ तामाङ-खण्डीयवर्ण(Tamang Segmental Phonemes) १-२०

तामाङ-स्वरवर्ण (Vowels) २-८

१.१.१ स्वरवर्ण (Vowels)

१.१.२ स्वरवर्णको पहिचान (Inventory of Vowels Phonemes)

१.१.३ स्वरवर्णहरू बीचको व्यतिरेकी (Phonemic Contrasts of vowels)

१.१.४ स्वरवर्णको वर्गीकरण (Classification of Vowels)

१.१.५ ओठको स्थिति

क. गोलित स्वर (Rounded Vowels)

ख अगोलित स्वर (Unrounded Vowels)

१.१.६ जिब्रोको उचाइ

क. संवृत (Close Vowels)

ख. अर्धसंवृत (Half -close Vowels)

ग. विवृत (Open)

१.१.७ जिब्रोको सक्रियता

क. अग्रस्वर (Front Vowels)

ख. मध्यस्वर (Central Vowels)

ग. पश्चस्वर (Back Vowels)

१.१.८ मात्रा (Length)

क. ह्रस्व स्वर (Short Vowels)

ख. दीर्घ स्वर (Long Vowels)

ग. ह्रस्व तथा दीर्घ स्वरको अर्थविभेदक जोडी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.९ स्वरवर्णको संयुक्तता

क. मूलस्वर (Vowels)

ख. द्विस्वर (Diphthons)

१.१.१० स्वरवर्णको वितरण व्यवस्था (Distribution of Vowels)

तामाङ-व्यञ्जन (Tamang Consonants) ८-२१

१.१.११ तामाङ-व्यञ्जन (Tamang Consonants)

१.१.१२ व्यञ्जनवर्णको पहिचान (Inventory of consonants phonemes)

१.१.१३ व्यञ्जनवर्णको वर्गीकरण (Classification of consonants)

१.१.१४ उच्चारणस्थानको आधार (Place of Articulation)

क. द्वयोष्ठ्य (Bilabial)

ख. दन्त्य (Dental)

ग. जिह्वाग्र दन्तमूलीय (Apico-alveolar)

घ. फलक दन्तमूलीय (Lamino-alveolar)

ङ. तालव्य (Palatal)

च. कण्ठ्य (Velar)

छ. स्वरयन्त्रमुखी (Glottal)

१.१.१५ उच्चारण-स्थानको आधारमा व्यञ्जनवर्णको वर्गीकरण

१.१.१६ प्रयत्नको आधार (Manner of articulation)

क. स्पर्श (Stops)

ख. स्पर्शसंघर्षी (Affricates)

ग. संघर्षी (Fricatives)

घ. नासिक्य (Nasals)

ङ. कम्पित (Trills)

च. पार्श्विक (Laterals)

छ. अर्धस्वर (Semi-vowels)

१.१.१७ स्वरयन्त्रको आधार (State of Glottis)

क. अघोष (voiceless)

ख. सघोष (Voiced)

ग. श्वसन घोष (Breathy voiced)

१.१.१८ प्राणतत्त्वको आधार

क. अल्पप्राण (Unaspirated)

ख. महाप्राण (Aspirated)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.१९ व्यञ्जनवर्णको वितरण व्यवस्था (Distribution of Consonants)
१.१.२० व्यञ्जनवर्णको वर्गीकरणको तालिका
१.१.२१ व्यञ्जनवर्णहरूको संयुक्तता (Consonant clusters)
क. /य/ वर्णसँगको संयुक्तता
ख. /र/ वर्णसँगको संयुक्तता
ग. /ल/ वर्णसँगको संयुक्तता
घ. /व/ वर्णसँगको संयुक्तता

१.२. तामाङ–खण्डेतरवर्ण (Supra-Segmental Phonemes)

खण्डेतरवर्ण २१-२२
१.२.१ बलाघात (Stress)
१.२.२ मात्रा (Length)
१.२.३ अनुतान (Intonation)
१.२.४ तान (Tone)
१.२.५ संहिता (Juncture)

१.३ तामाङ–अक्षर (Tamang Syllable)

तामाङ–अक्षर (Tamang Syllable) २३-२६
१.३.१ अक्षर संरचना (Syllabic structure)
१.३.२ अक्षरको वर्गीकरण (Classification of syllable)
१.३.३ अक्षर अन्तको आधार
क. मुक्ताक्षर (Opened Syllable)
ख. बद्धाक्षर (Closed Syllable)
१.३.४ शब्दमा अक्षरसंख्या
क. एकाक्षरी शब्द (MonoSyllabic)
ख. द्वयक्षरी (DiSyllabic)
ग. वहुअक्षरी (MultiSyllabic)
१.३.५ अक्षरको सीमा (Limitation of Syllable)

अध्याय दुई – शव्दवर्ग (Tamang Word Class)

२. शब्दवर्ग (Word Class)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.१ नाम (Noun) २७-३१
२.१.१ सजीव नाम (Living Noun)
२.१.२ निर्जीव नाम (Non-living Noun)
२.१.३ जन्तुनाम (Animate Noun)
२.१.४ जन्तु-इतर नाम (Non-animate Noun)
२.१.५ मानवीय नाम (Human Noun)
२.१.६ मानवेतर नाम (Non-human Noun

२.२ सर्वनाम (Pronoun) ३२-४२
२.२.१ सर्वनामको प्रकार (Types of Pronoun)
२.२.२. पुरुषवाचक सर्वनाम (Personal Pronoun)
क. प्रथम पुरुषवाचक (First Person Pronoun)
ख. द्वितीय पुरुषवाचक (Second Person Pronoun)
ग. तृतीय पुरुषवाचक (Third Person Pronoun)
२.२.३. समावेसी र असमावेसी (Inclusive & Exclusive Pronoun)
२.२.४. आत्मवाचक सर्वनाम (Reflexive Pronoun)
२.२.५. दर्शकवाचक सर्वनाम (Demonstrative Pronoun)
क. निकटवर्ती
ख. दूरवर्ती
२.२.६. दिशाबोधक सर्वनाम (Directional Pronoun)
२.२.७ आदरार्थी सर्वनाम (Honorific Pronoun)
२.२.८. प्रश्नवाचक सर्वनाम (Introgative Pronoun)
२.२.९. अनिश्चयवाचक सर्वनाम (Indefinite Pronoun)
क. प्रश्नमूलक
ख. सम्बन्धवाचिमूलक
२.२.१०. निश्चयवाचक सर्वनाम (Definite Pronoun)
२.२.११. पारस्परिक सर्वनाम (Receprocal Pronoun)

२.३ विशेषण (Adjective) ४३-४७
२.३.१ विशेष्य
२.३.२ शब्दक्रम (Word Order
२.३.३ वर्गीकरण (Classification of Adjectives)
२.३.४. गुणवोधक विशेषण (Qualitative Adjective)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.३.५. परिणामवोधक विशेषण (Quantitative Adjective)
२.३.६. सम्बन्धात्मक विशेषण (Possessive Adjective)
२.३.७. सार्वनामिक विशेषण (Pronominal Adjective)

२.४ **तामाङ-संख्याप्रणाली** (Tamang Numeral system) ४७-६२

२.४.१ संख्याबोधक संख्या (Cardinal Numerals)
क. १ देखि १०० सम्मको गणना
ख. १०० भन्दा माथिको गणना
२.४.२ क्रमबोधक संख्या (Ordinal Numerals)
२.४.३ परम्परागत गणना (Traditional Numerals)
२.४.४ समुच्चयबोधक संख्या (Aggregatives Numerals)
२.४.५ अंशबोधक संख्या (Fractional Numerals)
२.४.६ गुणनबोधक संख्या (Multiplicative Numerals)
२.४.७ लगभगबोधक संख्या (Approximative Numerals)
२.४.८ नापतौल आदिमा प्रयुक्त शब्द(Weight, Measurement etc.)

२.५ **क्रिया** (Verb) ६३-७२

२.५.१ क्रियाको पहिचान
२.५.२ क्रियामूल (धातु) (Verb Root)
२.५.३ क्रियापद (Verb Stem)
२.५.४ क्रियाको बनौट (Composition of verb)
२.५.५ क्रियाको वर्गीकरण (Classification of Verb Root)
२.५.६ बनौटको आधारमा
क. सरल क्रियामूल (Simple Verb Root)
ख. यौगिक क्रियामूल (Compound Verb Root)
२.५.७ वाक्यात्मक आधारमा
क. अकर्मक क्रिया (Intransitive Verb)
ख. सकर्मक क्रिया (Transitive Verb)
१. एककर्मक क्रिया
२. द्विकर्मक क्रिया
२.५.८ केही अकर्मक तथा सकर्मक क्रियाहरू
२.५.९ समापिका र असमापिका क्रिया
क. समापिका क्रिया (Finite Verb)
ख. असमापिका क्रिया (Non-finite Verb)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.५.१० **काल** (Tense) ७२-७८
क. भूत काल (Past Tense)
ख. अभूत काल (Non-past Tense)
२.५.११ अभूत वर्तमान काल
२.५.१२ अभूत भविष्यत् काल
२.५.१३ काल-व्यतिक्रम
२.५.१४ कालिक क्रिया (Temporal verb)
२.५.१५ **पक्ष** (Aspect) ७८-८२
क. अपूर्ण पक्ष (Imperfect)
ख. पूर्ण पक्ष (Perfect)
ग. अभ्यस्त पक्ष (Habitual)
घ. अज्ञात भूत (Unknown Past)
ङ. शीघ्रता पक्ष
२.५.१६ **भाव/अर्थ** (Mood) ८२-८६
क. आज्ञार्थ (Imperative)
ख. इच्छार्थ (Optative)
ग. प्रस्तावार्थ (Proposanal)
घ. सम्भावनार्थ (Possibility)
ङ. सङ्केतार्थ (Conditional)

२.६ **क्रियायोगी** (Adverb) ८७-९१

२.६.१ वर्गीकरण (Classification of Adverbs)
२.६.२ कालिक क्रियायोगी (Temporal Adverbs)
२.६.३ स्थानिक क्रियायोगी(Spatial Adverbs)
२.६.४ परिमाणवोधक क्रियायोगी (Quantitative Adverbs)
२.६.५ रीतिवोधक क्रियायोगी (Manner of Adverbs)

२.७ **नामयोगी** (Postposition) ९२-९४

२.७.१ वर्गीकरण (Classification of Postposition)
२.७.२. कालिक नामयोगी (Temporal Postposition)
२.७.३ स्थानिक नामयोगी (Spatial Postposition)
२.७.४ स्थानिक तथा कालिक दुवैमा प्रयोग हुने नामयोगी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.७.५ सङ्गबोधक नामयोगी

२.७.६ तुलनाबोधक नामयोगी

२.७.७ परिणामबोधक नामयोगी

२.७.८ प्रत्येकार्थ नामयोगी

२.७.९ व्याप्ति नामयोगी

२.८ संयोजक (Conjunction) ९५-९९

२.८.१ वर्गीकरण (Classification of Conjunction)

२.८.२ समपदिक संयोजक (Conjunction)

क. सम संयोजक

ख. विकल्प जनाउने संयोजक (Alternative Conjunction)

ग. कारण जनाउने संयोजक(Sub-ordination Conjunction)

२.८.३ विषमपदिक संयोजक

२.९ विस्मयादिबोधक (Interjection) १००-१०२

१. हर्ष/प्रशंसा
२. आश्चर्य
३. तिरस्कार/उपेक्षा
४. दुखाइ
५. सम्बोधन
६. अभिवादन
७. आशीर्वाद
८. स्वीकार
९. निषेध
१० अज्ञानता
११. अविश्वास

अध्याय तीन – वाक्यव्यवस्था (Syntax)

३. वाक्यसंरचना (Sentence Structure) १०३-११०

३.१ रूप (Morpheme)

३.१.१ मुक्त रूप (Free Morpheme)

३.१.२ बद्ध रूप (Bound Morpheme)

३.२ शब्द (Word)

३.३ शब्दावली

३.३.१ नाम शब्दावली

३.३.२ क्रिया शब्दावली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.३.३ क्रियायोगी शब्दावली
३.४ उपवाक्य (Clause)
३.५ वाक्य (Sentence)
वाक्यका प्रकार (Types of Sentences) ११०-११६

३.६ वाक्यका प्रकार

क. अर्थको आधारमा

३.६.१ सामान्यार्थक वाक्य (Assertive Sentence)
३.६.२ प्रश्नार्थक वाक्य (Interogative Sentence)
३.६.३ इच्छार्थक वाक्य (Optative Sentence)
३.६.४ आज्ञार्थक वाक्य (Imperative Sentence)
३.६.५ सम्भावनार्थक वाक्य (Possibility Sentence)
३.६.६ प्रस्तावार्थक वाक्य (Proposal Sentence)
३.६.७ सङ्केतार्थक वाक्य (Conditional Sentence)
३.६.८ आश्चार्थक वाक्य (Exclaimatory Sentence)

ख. संरचनाको आधारमा

३.६.९ सरल वाक्य (Simple Sentence)
३.६.१० संयुक्त वाक्य (Compound Sentence)
३.६.११ मिश्र वाक्य (Complex Sentnece)

३.७ शब्दक्रम (Word Order) ११७-१२७

३.७.१ कर्ता र क्रियाको शब्दक्रम
३.७.२ कर्ताको विस्तार
३.७.३ कर्मको स्थान
३.७.४ प्रश्नवाचक सर्वनाम
३.७.५ विशेषणको स्थान
३.७.६ क्रियाविशेषणको स्थान
३.७.७ क्रियाको स्थान
३.७.८ पूर्वकालिक क्रिया
३.७.९ संयोजकको शब्दक्रम
३.७.१० /ज़ेन्/ को शब्दक्रम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.७.११ विस्मयादिबोधक शब्दको क्रम
३.७.१२ सम्वोधन शब्द
३.७.१३ अकरणात्मक शब्द

३.८ कथन (Narration) १२८-१३६

३.८.१ प्रत्यक्ष कथन (Direct)
३.८.२ अप्रत्यक्ष कथन (Indirect)
३.८.३ कथन-परिवर्तनको प्रक्रिया (Narration Change)
३.८.४ वाक्यप्रकृति र कथन परिवर्तन

अध्याय चार - केही व्याकरणात्मक कोटिहरू

४.१ वचन-व्यवस्था (Number System) १३७-१४२
४.२ लिङ्गव्यवस्था (Gender System) १४२-१४५
४.३ आदरार्थी व्यवस्था (Honorific System) १४६-१४९
४.४ अकरण-व्यवस्था (Negation System) १४९-१५२

सन्दर्भ सूचि (Reference) १५३

परिशिष्ट

क. नाम रुपावली १५४
ख. सर्वनाम रुपावली १५५
ग. क्रिया रुपावली १५६-१५८
घ. तामाङ व्याकरण आलेखन १५९-१६६
ङ. शब्दार्थ १६७-१९४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङ वर्णव्यवस्था (Phonology)

१. **वर्ण** (Phoneme)

उच्चारणको सबभन्दा सानो अर्थ विभेदक एकाईलाई वर्ण भन्दछन् : अ आ ..., क् ख् ग्... आदि वर्ण हुन् । वर्णलाई स्वनिम पनि भन्दछन् । तामाङवर्णहरू मुख्यत: दुई प्रकारका छन् -

१. खण्डीय वर्ण
२. खण्डेतर वर्ण

१.१ **खण्डीय वर्ण** (Segmental Phoneme)

स्वतन्त्र अस्तित्व भएका अर्थात् एकलै उच्चरित हुने वर्णहरूलाई खण्डीय वर्ण भन्दछन् । अर्को शब्दमा भन्नुपर्दा उच्चरित ध्वनिलाई खण्ड गरेर सुन्न वा लेख्न सकिने वर्णहरू नै खण्डीय वर्ण हुन् । बोलचालको भाषामा खण्डीय वर्णलाई नै वर्ण भन्दछन् ।

तामाङभाषामा ४७ वटा वर्णहरू छन् -

आ	आः	इ	इः	उ	उः
ए	एः	ओ	ओः		
क	ख	ग	ग़[1]	ङ	ङ
च	छ	ज	ज़		
ट	ठ	ड	ड़	न	ऩ
त	थ	द	द़		
प	फ	ब	ब़	म	म़
य	य़	र	ऱ		
ल	ल़	व	व़		
स	स़	ह			

खण्डीय वर्ण पनि दुई प्रकारका छन् -

१. स्वरवर्ण (Vowels)
२. व्यञ्जनवर्ण (Consonants)

१ हेर्नोस् १.१.१७ ग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.१ स्वरवर्ण (Vowels)

श्वास प्रवाहमा वाधा नपरी उच्चरित हुने ध्वनि वा वर्णलाई स्वरवर्ण भन्दछन् । तामाङ-अर्थविभेदक स्वर १० वटा छन् -

आ आः इ इः उ उः ए एः ओ ओः

१.१.२ स्वरवर्णको पहिचान

व्यतिरेकी (Contrast) विश्लेषणद्वारा तामाङ स्वरवर्णको पहिचान गर्न सकिन्छ :

क.	/छा/(बा)	- चराउनु	/छाः/(बा)	- टट्टचाउनु
	/छी/(बा)	- छाप्नु	/छीः/	- बोसो
	/छु/(बा)	- भुक्नु	/छुः/(बा)	- रमाइलो हुनु
	/छे/	- घाँस	/छेः/	- आयु
	/छो/	- डोरी	/छोः/	- प्रसाद
ख.	/चाजी/	- खायो	/चाःजी/	- उत्ताउलो भयो
	/थीजी/	- फुट्यो	/थीःजी/	- उठायो
	/थुजी/	- पिरो भयो	/थुःजी/	- टिप्यो
	/ठेजी/	- बिस्कुन चलायो	/ठेःजी/	- ठुङ मार्‍यो
	/तोजी/	- चाहियो	/तोःजी/	- पिटचो

माथिका व्यतिरेकीबाट प्रस्ट हुन्छ तामाङभाषामा १० ओटा स्वरवर्णहरू छन् ।

१.१.३ स्वरवर्णहरूबीचको व्यतिरेकी :

विभिन्न स्वरवर्णवीचको व्यतिरेकीलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पार्न सकिन्छ ।

व्यतिरेकी स्वरवर्ण

आ - इ	मा (निगालो)	मी (आँखा)
	साङ् (धूप)	सीङ् (दाउरा)
आ - उ	टा' (फेद)	टु (पसीना)
	साङ् (धुप)	सुङ् (मुख)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ - ए	ऩा (पीप्)	ऩे (दूध)
	का (रगत)	के (पटुका)
आ - ओ	कान् (भात्)	कोन् (भानिज)
	गा (बर्को)	गो (आङ्)
इ - उ	डी (छाला)	डु (६-अंङ्क)
	सीङ् (दाउरा)	सुङ् (मुख)
इ - ए	मी (आँखा)	मे (आगो)
	पीङ् (हरियो)	पेङ् (पाहा)
इ - ओ	फी (बोक्रो)	फो (पेट)
	तीङ् (मुटु)	तोङ् (माथि)
उ - ए	कु (मूर्ति)	के (पटुका)
	लुङ् (माला)	लेङ् (मीत)
ए - ओ	ऩे (दूध)	ऩो (लसुन)
	केन् (ससुरो)	कोन् (भानिज)
उ - ओ	रु (सिङ)	रो (साथी)
	ठुङ्बा (उत्पत्ति हुनु)	ठोङ्बा (खोल्नु)

१.१.४ स्वरवर्णको वर्गीकरण

तामाङभाषाका स्वरहरूलाई निम्नलिखित आधारमा वर्गीकरण गर्न सकिन्छ :

१.१.५ ओठको स्थिति

सबै प्रकारका स्वरको उच्चारणमा ओठको स्थिति एकै प्रकारको हुदैन । कुनै स्वरको उच्चारणमा ओठको आकार गोलो हुन्छ भने कुनै स्वरको उच्चारणमा ओठ फैलेको हुन्छ । यस आधारमा उच्चरित हुने स्वर दुई प्रकारका छन् -

क. गोलित स्वर ख. अगोलित स्वर

क. गोलित स्वर (Rounded Vowels)

ओठको आकार गोलो भई उच्चारण हुने स्वरलाई गोलितस्वर भन्दछन् । तामाङ गोलितस्वरहरू यी हुन् :

उ उः ओ ओः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. अगोलित स्वर (Unrounded Vowels)

ओठको आकार फैलेर उच्चारण हुने स्वरलाई अगोलित स्वर भन्दछन् । तामाङ अगोलित स्वरहरू यी हुन् :-

आ आः इ इः ए एः

१.१.६ जिब्रोको उचाइ

स्वरवर्णको उच्चारणमा जिब्रोको स्थिति एकै प्रकारको हुदैन । उच्चारणको क्रममा जिब्रोको उचाइ बढ्ने र घट्ने गर्दछ । यस आधारमा उच्चारित हुने तामाङस्वर तीन प्रकारका छन् -

क. संवृत स्वर ख. अर्धसंवृत स्वर ग. विवृत स्वर

क. संवृत (Oosed)

जिब्रो पूरापूर उठेर मुखद्वारा नै बन्द हुने जस्तो स्थितिमा उच्चारण हुने स्वर लाई संवृत (बन्द) स्वर भन्दछन् । तामाङ-संवृतस्वर यी हुन् :-

इ इः उ उः

ख. अर्धसंवृत (Half Oosed)

जिब्रो उठेर मुखद्वार आधा जस्तो बन्द हुने स्थितिमा उच्चारण हुने स्वरलाई अर्धसंवृत (आधा बन्द) स्वर भन्दछन्। तामाङ अर्धसंवृतस्वर यी हुन् :-

ए एः ओ ओः

ग. विवृत (Open)

जिब्रो मुखको सतहमा रही मुखद्वार पूर्णतः खुला रहेको स्थितिमा उच्चारण हुने स्वरलाई विवृत (खुला) स्वर भन्दछन् । तामाङ खुला स्वर यी हुन् :
आ आः

१.१.७ जिब्रोको सक्रियता

स्वरध्वनिको उच्चारणमा जिब्रोको एउटै मात्र भाग सक्रिय नभई विभिन्न भाग सक्रिय हुन्छन् । यस आधारमा तामाङ-स्वरवर्ण तीन प्रकारका छन् :-

क. अग्रस्वर ख. मध्यस्वर ग. पश्चस्वर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. **अग्रस्वरः (Front Vowel)**

जिब्रोको अग्रभाग (Tip of the tongue) सक्रिय भएर उच्चारित स्वरलाई अग्रस्वर भन्दछन् । तामाङ अग्रस्वर यी हुन् :-

इ इः ए एः

ख. **मध्यस्वर (Central Vowel)**

जिब्रोको मध्यभाग (Mid of the tongue) सक्रिय भएर उच्चारण हुने स्वर लाई मध्यस्वर भन्दछन् । तामाङ मध्यस्वर यी हुन् :-

आ आः ,

ग. **पश्चस्वर (Back Vowel)**

जिब्रोको पछिल्लो भाग (Back of the tongue) सक्रिय भएर उच्चारण हुने स्वरलाई पश्चस्वर भन्दछन् ।[२] तामाङ पश्चस्वर यी हुन् :-

उ उः ओ ओः

जिब्रोको सक्रियताको आधारमा उच्चारण हुने स्वर संक्षेपमा यसरी पनि प्रस्तुत गर्न सकिन्छ :-

	अग्र	मध्य	पश्च
उच्च	ओ इः		उ उः
मध्य	ए एः		ओ ओः
निम्न		आ आः	

१.१.८ मात्रा (Length) :

उच्चारण गर्दा समयको मात्रा (अवधि) एकै प्रकारको हुँदैन । कुनै स्वरको उच्चारणमा समय थोरै लाग्छ भने कुनै स्वरको उच्चारण गर्दा सोभन्दा लामो समय लाग्दछ । यस आधारमा तामाङस्वर दुई प्रकारका छन् -

क. ह्रस्व स्वर ख. दीर्घ स्वर

२ नोट : अर्धविवृत (Half open) - जिब्रो केही उठे पनि मुखद्वारा प्रायः खुला भई उच्चारण हुने स्वर वर्णलाई अर्धविवृत (Half opened) स्वर भन्दछन् । यस प्रकारका स्वर /अ/ हो । सैलुङ्भाषिकामा यो स्वरको व्यतिरेकी अवस्थिति देखिदैन । तर पश्चिमी भाषिकामा विवृत स्वर पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. ह्रस्वस्वर (Short Vowels)

उच्चारण गर्दा समय थोरै लाग्ने स्वरलाई ह्रस्वस्वर भन्दछन् । तामाङ-ह्रस्वस्वर यी हुन् :

आ इ उ ए ओ

ख. दीर्घस्वर (Long Vowels)

उच्चारण गर्दा समय केही धेरै लाग्ने स्वरलाई दीर्घस्वर भन्दछन् । तामाङ-दीर्घस्वर यी हुन् :

आः इः उः एः ओः

ग ह्रस्व तथा दीर्घ स्वरको अर्थ विभेदक जोडी

ह्रस्व र दीर्घ स्वरको फरकलाई निम्न अर्थ-विभेदक उदाहरणबाट प्रस्ट पार्न सकिन्छ ।

क.	/छा/(बा)	- चराउनु	/छाः/(बा)	- टट्टचाउनु
	/छी/(बा)	- छाप्नु	/छीः/	- बोसो
	/छु/(बा)	- भुक्नु	/छुः/(बा)	- रमाइलो हुनु
	/छे/	- घाँस	/छेः/	- आयु
	/छो/	- डोरी	/छोः/	- प्रसाद

१.१.९ स्वरवर्णहरूको संयुक्तता

स्वरवर्ण एकैले उच्चारण हुने् वा स्वरसंयुक्त भई उच्चारण हुनेको आधारमा तामाङस्वर दुई प्रकारका छन् :

क. मूलस्वर ख. द्विस्वर

क. मूलस्वर

अरू कुनै स्वरवर्णसँग संयुक्त नभई उच्चारण हुने स्वर वर्णलाई मूलस्वर भन्दछन् । मूलस्वर यी हुन् :

आ आः इ इः उ उः ए एः ओ ओः

ख. द्विस्वर (Diphthongs)

दुईटा मूलस्वरहरू मिलेर बनेको स्वर द्विस्वर मानिन्छ । द्विस्वर यी हुन् :

आइ आउ इउ उइ ओइ एइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. द्विस्वरको उच्चारण स्थान

तामाङ द्विस्वरको उच्चारण स्थान निम्नानुसार रहेको छ :

उच्चारण स्थान	द्विस्वर	उदाहरण
मध्य+अगाडि	आइ	आइराक्–रक्सी, नाइबा – कुहुनु
पछाडि+अगाडि	उइ	मुइ– भैंसी, रुइ - थर
अगाडि+अगाडि	एइ	केइ- गुलियो
पछाडि+अगाडि	ओइ	कोइबा– पुग्नु, छ्योइ - पुस्तक
मध्य+पछाडि	आउ	चाउ– खा, बाउ – ल्याऊ
अगाडि+पछाडि	इउ	नीउ– जा, चीउ – बस

१.१.१० स्वरवर्णको वितरण प्रणाली (Distribution of Vowels)

तामाङ ह्रस्वस्वरको वितरण शुरूमा मध्यमा र अन्तमा छ तर दीर्घ स्वरको वितरण समान रूपले सर्वत्र छैन । त्यस्तै द्विस्वर आइ, उइ तथा ओइ को वितरण शुरू, मध्य र अन्तमा छ तर आउ, एइ र इउ को वितरण त्यस्तो छैन् । तामाङ-स्वरवर्णको वितरण प्रस्तुत छ :-

स्वरवर्ण	शुरूमा	मध्यमा	अन्तमा
आ	आले - भाइ	साङ् - धुप	जा - छोरा
आ:	-	ता:बा - थाप्नु	सा: - सास्
इ	इजा - यो	दीम् - घर	ग्योइ - पोखी
इ:	इ: - अपत्यारिलो	थी:जी - उठायो	छी: - बोसो
उ	उर् - पहेंलो	सुङ् - मुख	नीउ - जाऊ
उ:	उ: - ओडार	छु:जी-रमाइलो भयो	-
ए	एर्बा - टर्रो	गेङ् - रोटी	लागे - गरौं
ए:	-	ठे:जी-बिस्कुन चलायो	छे: - आयु
ओ	ओन्मा - उहिले	कोङ्बा - साह्रो	मेन्दो - फूल
ओ:	-	तो:जी-पिट्यो	छो: - प्रशाद
आइ	आइ - तिमी	ताइबा - खस्नु	साइ - मूल्य
आउ	-	स्याउरी - कमिंलो	चाउ - खाउ
इउ	-	-	नीउ - जाउ
उइ	उइ - बोलाउने विशेष	गुइबा - खौलेको	च्युइ - दश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ओइ	ओइमा - उहिले	कोइबा - पुग्नु	छ्योइ - पुस्तक
एइ	एइ - बोलाउनु विशेष	-	केइ - गुलियो

१.१.११ तामाङ-व्यञ्जनवर्ण (Consonants)

उच्चारण गर्दा श्वास प्रवाहमा अवरोध हुन्छ भने त्यस्ता वर्णलाई व्यञ्जन वर्ण भन्दछन्। लामो समयसम्म उच्चारण गर्नका लागि यस्ता वर्णलाई स्वर वर्णको सहयोगको आवश्यकता पर्दछ। तामाङ अर्थविभेदक व्यञ्जन ३७ वटा छन्-

क	ख	ग	ग़	ङ	ङ़
च	छ	ज	ज़		
ट	ठ	ड	ड़	न	ऩ
त	थ	द	द़		
प	फ	ब	ब़	म	म़
य	य़	व	व़	र	ऱ
ल	ल़	स	स़	ह	

१.१.१२ व्यञ्जनवर्णको पहिचान

व्यतिरेकी (Contrast) विश्लेषणद्वारा तामाङ व्यञ्जनवर्णको पहिचान गर्न सकिन्छ :

काला (रगतको)	/क/
खाला (को)	/ख/
गाला (अडकिएला)	/ग/
ङाला (मेरो)	/ङ/
ङ़ाला (ढ्याङ्रोको)	/ङ़/
चो (हो)-अध्यक्ष	/च/
छो (डोरी)	/छ/
जो (टुप्पो)	/ज/
ज़ो (पेवा)	/ज़/
टेबा (सर्कनु)	/ट/
ठेबा (ठुङ् मार्नु)	/ठ/
डेबा (फाट्नु)	/ड/
ड़ेबा (रुपैंया)	/ड़/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताङ् (भाडा)	/त/
थाङ् (गन्ध)	/थ/
दाङ् (धपाउनु)	/द/
द़ाङ् (मात्नु विशेष)	/द़/
नाङ् (भरी)	/न/
ऩाङ् (भित्र)	/ऩ/
पाबा (टर्रो)	/प/
फाबा (तिर्नु)	/फ/
बाबा (ल्याउनु)	/ब/
ब़ाबा (थप्नु)	/ब़/
माबा (होचो)	/म/
म़ाबा (हराउनु)	/म़/
या (हात)	/य/
य़ा (हुन्छ)	/य़/
रा (बाखा)	/र/
ऱा- (बुन्नु)	/ऱ/
ला (-को)	/ल/
ल़ा (लेक)	/ल़/
वा (सिउँदो)	/व/
व़ा- (समात्नु)	/व़/
स्यो (विहान)	/स/
ह्यो (चोर)	/ह/

१.१.१३ व्यञ्जनको वर्गीकरण

तामाङ व्यञ्जनहरूको निम्नलिखित आधारमा वर्गीकरण गर्न सकिन्छ :

१.१.१४ उच्चारण स्थानको आधार (Place of Articulation)

उच्चारण स्थानको आधारमा तामाङभाषाका व्यञ्जनहरूलाई द्वयोष्ठ्य, दन्त्य, जिह्वाग्रदन्तमूलीय, फलकदन्तमूलीय, तालव्य, कण्ठ्य तथा स्वरयन्त्रमुखीका रूपमा विभक्त गर्न सकिन्छ ।

क. द्वयोष्ठ्य (Bilabiäl)

तल्लो ओठ र माथिल्लो ओठ सक्रिय भई उच्चारित हुने् व्यञ्जनलाई द्वयोष्ठ्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यञ्जन भन्दछन् । यस्ता तामाङ व्यञ्जनवर्णहरू यी हुन्

प फ ब ब़ म म़ व व़

ख. **दन्त्य** (Dental)

जिब्रोको अग्रभाग र माथिल्लो दाँतको पछिल्लो भागको सहायताले उच्चारण हुने व्यञ्जनलाई दन्त्य व्यञ्जन भन्दछन् । यस्ता तामाङ व्यञ्जनहरू यी हुन् :

त थ द द़

ग. **जिह्वाग्रदन्तमूलीय** (Apico-alveolar)

जिब्रोको अग्रभागको टुप्पो दन्तमूल (वर्त्स) को सहायताले उच्चारण हुने व्यञ्जनलाई जिह्वाग्रदन्तमूलीय व्यञ्जन भन्दछन् । यस्ता तामाङ व्यञ्जनहरू यी हुन् :

ट ठ ड ड़ न ऩ ल ल़ र ऱ

घ. **फलकदन्तमूलीय** (Lamino-alveolar)

जिब्रोको अग्रभागको फलक र दन्तमूल (दाँतभन्दा माथिल्लो ढिस्को) को सहायताले उच्चारण हुने व्यञ्जनलाई फलकदन्तमूलीय व्यञ्जन भन्दछन् । यस्ता तामाङ व्यञ्जनहरू यी हुन् :

च छ ज ज़ स स़

ङ. **तालव्य** (Palatal)

जिब्रोको अग्र भागको फलकले र तालव्यको सहायताले उच्चारण हुने व्यञ्जनलाई तालव्य व्यञ्जन भन्दछन् । यस्ता व्यञ्जनहरु यी हुन् :

य य़

च. **कण्ठय** (Velar)

जिब्रोको पछिल्लो भाग र मुखको छानोको कठोर भाग (कठोर तालु) भन्दा भित्रपट्टिको कोमल भाग (कोमल तालु) को सहायताले उच्चारण हुने व्यञ्जनलाई कण्ठय व्यञ्जन भन्दछन् । यस्ता तामाङ व्यञ्जनहरू यी हुन् :

क ख ग ग़ ङ ङ़

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ. **स्वरयन्त्रमुखी** (Glottal)

स्वरयन्त्रमुखबाट उच्चारण हुने व्यञ्जनलाई स्वरयन्त्रमुखी भन्दछन् । यस्तो तामाङ व्यञ्जन यो हो :

ह

१.१.१५ उच्चारण स्थानको आधारमा तामाङ व्यञ्जनवर्णको उच्चारण

उच्चारण स्थानको आधारमा तामाङ व्यञ्जनवर्णको उच्चारण स्थानलाई निम्नलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

द्वयोष्ठ्य	दन्त्य	जिह्वाग्र-दन्तमूलीय	फलक-दन्तमूलीय	तालव्य	कण्ठ्य	स्वरयन्त्रमुखी
प	त्	ट	च	य	क	ह्
फ	थ	ठ	छ	य़	ख	
ब्	द	ड	ज		ग	
ब़	द़	ड़	ज़		ग़	
म		न	स		ङ	
म़		ऩ	स़		ङ़	
व		र ऱ				
व़		ल ल़				

१.१.१६ प्रयत्नको आधार (Manner of articulation)

प्रयत्नको आधारमा तामाङभाषाका व्यञ्जनहरूलाई स्पर्श, स्पर्शसुङ्घर्षी, संघर्षी, नासिक्य, कम्पित, पार्श्विक र अर्धस्वरको रूपमा विभक्त गर्न सकिन्छ

क. **स्पर्श** (Stops)

कुनै न कुनै उच्चारण स्थानमा स्पर्श गरेर (छोइएर) मात्र उच्चारण हुने वर्णहरूलाई स्पर्शव्यञ्जन भन्दछन् । यस्ता तामाङ व्यञ्जनवर्णहरू यी हुन् :

प त ट क

फ थ ठ ख

ब द ड ग

ब़ द़ ड़ ग़

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. स्पर्शसंघर्षी (Affricates) -

उच्चारण स्थानमा छोइनुका साथै घर्षणको आवाज समेत उच्चारण हुने वर्णहरूलाई स्पर्शसंघर्षी व्यञ्जन भन्दछन् । यस्ता तामाङव्यञ्जनहरू यी हुन् :

च छ ज ज़

ग. संघर्षी (Fricative)

जिब्रोले उच्चारण स्थानमा नछुदैको स्थितिमा सासको घर्षणद्वारा उच्चारण हुने व्यञ्जनलाई संघर्षी व्यञ्जन भन्दछन् । तामाङका संघर्षी व्यञ्जनहरू यी हुन् :

स स़ ह

घ. नासिक्य (Nasals)

फोक्सोबाट बाहिर आएको सास मुखतिर हुँदै नाकबाट निस्केर उच्चारण हुने् व्यञ्जनहरूलाई नासिक्य व्यञ्जन भन्दछन् । यस्ता नासिक्य व्यञ्जनहरू यी हुन् :

ङ ङ़ न ऩ म म़

ङ. कम्पित (Trills)

जिब्रोको टुप्पोले दाँतभन्दा माथिको ढिस्कोलाई हलुका झड्का दिई कम्पनका साथ उच्चारण हुने् व्यञ्जनवर्णलाई कम्पित व्यञ्जन भन्दछन् । तामाङ कम्पितव्यञ्जनहरू यी हुन् :

र ऱ

च. पार्श्विक (Laterals)

जिब्रोको टुप्पोले दाँतभन्दा माथिको ढिस्को (दन्तमूल) लाई धक्का दिई जिब्रोको दुवैतिरबाट सास निस्केर उच्चारण हुने व्यञ्जनवर्णलाई पार्श्विक व्यञ्जन भन्दछन् । तामाङ कम्पित वर्णहरू यी हुन् :

ल ल़

छ. अर्धस्वर (Semi-vowel)

स्वरको उच्चारणको अवस्थाभन्दा जिब्रो माथि उठ्ने तर व्यञ्जनको उच्चारणमा जस्तो श्वास प्रवाहमा वाधा नभई उच्चारण हुने ध्वनिलाई अर्धस्वर भन्दछन् । अर्धस्वरको उच्चारणको आरम्भ स्वरको जस्तो र अन्त व्यञ्जनको जस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ अर्थात् यिनीहरूको उच्चारण स्वर र व्यञ्जनको वीचमा हुन्छ । तामाङभाषामा यस्ता अर्धस्वर यी हुन् :

य य़ व व़

१.१.१७ स्वरयन्त्रको आधारमा (State of Glottis)

ध्वनिको उच्चारणमा स्वरयन्त्र (Vocal Cord) ले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । स्वरयन्त्रका चिम्टीहरू नजिकिंदा निस्कने ध्वनिमा कम्पन हुन्छ भने यी चिम्टीहरू टाढिँदा निस्कने ध्वनिमा कम्पन हुँदैन । यस आधारमा तामाङ-व्यञ्जनहरूलाई दुई भागमा बाड्न सकिन्छ :

क. सघोष   ख. अघोष

क. अघोष (Voiceless)

स्वरयन्त्रका चिम्टीहरू टाढिंदा कम्पन नभई उच्चरण हुने व्यञ्जनलाई अघोष भन्दछन् । तामाङभाषामा अघोष व्यञ्जनवर्णहरू यी हुन् :

क	**च**	**ट**	**त**	**प**	
ख	**छ**	**ठ**	**थ**	**फ**	**स**

ख. सघोष (Voiced)

स्वरयन्त्रका चिम्टीहरू नजिकिंदा कम्पनका साथ उच्चारित हुने व्यञ्जनलाई सघोष व्यञ्जन भन्दछन् । तामाङभाषामा सघोष व्यञ्जनहरू यी हुन् :

ग	**ज**	**ड**	**द**	**ब**
ङ	**न**	**म**		
य	**र**	**ल**	**व**	
स	**ह**			

सघोष र अघोष वर्णहरुको अर्थभेदक जोडी

क/ग	काङ्-खुट्टा	ग़ाङ्-डाँडा
	को:बा-लाग्नु	गोबा-गाउनु
च/ज	चाङ्-भाउज्यू, बुहारी	जाङ्-गुड्
	ची-पात्रो	ज़ी-जाँड
ट/ड	टा-फेद, जरा	डा-नाम्लो
	टु-पसीना	डु-६ (अङ्क)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त/द	ताला-हुन्छ	दाला-सफा हुन्छ
	तोङ्-माथि, हजार	दोङ्-रुख
प/ब	पाङ्-चउर	बाङ्-शक्ति
	पोर्ज़ी-(मकै भुट्दा फुल) उठ्यो	बोर्ज़ी-लग्यो

ग. श्वसन घोष (Breathy Voiced)

स्वर मात्रका चिम्टीहरु नजिकिंदा धेरै कम्पनका साथ उच्चारण हुने व्यञ्जन वर्णलाई श्वसन घोष भन्न सकिन्छ । तामङ भाषामा श्वसन घोष[३] व्यञ्जनहरु निम्न छन् :

---

३ Breathy Voiced को सम्बन्धमा केही चर्चा गर्नु सान्दर्भिक हुनेछ । International Phonetical Alphabet (IPA chart-1993) मा श्वसन सघोष (Breathy voiced) वर्णलाई छुट्टै वर्णको रुपमा देखाइएको छैन । यसलाई सम्बद्ध वर्णमुनि दुइवटा थोप्ला (breathy voiced diacritic) /../ दिएर श्वसन घोष वर्णलाई देखाइएको छ । यो व्याकरण टाइप गरिएको कम्प्यूटर टाइपमा सो चिन्ह नभएकोले यसको ठाउँमा एउटा मात्र थोप्ला दिइएको छ ।

चुडामणि बन्धू (२०५०:६०) ले श्वसनलाई /ह/ चिन्ह दिनुभएको छ । उहाँ लेख्नुहुन्छ : नेपालमा केही भाषाका स्वरमा वार्णिक श्वसन पाइन्छ अर्थात् थकाली, गुरुङ र तामाङ भाषाहरुमा शुद्ध व्यतिरेकी छन् ।

<u>तामाङ</u>

ला	-	ईश्वर	लाह्	-	पर्वत
मी	-	आँखा	मीह्	-	मान्छे
एs	-	तपाई	एsह्	-	आठौं वर्ष

डा. जर्ज भ्यान्ड्रिल (१९९२ : ५२, ६३ - ६४) ले जोङ्खा वर्णमालाको चौथो वर्णलाई devoiced भनेका छन् र यसलाई प्रतिनिधित्व गर्न सम्बद्ध वर्गको माथि दाहिनेतिर यस्तो /o/ र 'devoicing circlet' दिनुभएको छ । जस्तै - g°a, j°a, d°a, b°a

यस सम्बन्धमा वहाँले लेखेका छन् - Special attention must be paid to the distiction between voiced and devoiced consonants in the low register. The standard dialect of modern Dzongkha distinguishes betwen VOICED and DEVOICED plosive and sibilant initials. Certian speakers of Dzongkha, particularly those originating from west of the Pele La , do not observe this distinction. This is why the distinction is represented by a diacritic. This diacritic symbol is known as the devoicing circlet or, in Dzongkha, simply as the thi.

The devoiced consonants are called 'devoiced' because historically they derive from voiced consonants, a fact well established on the basis of comparative studies and in the traditional orthography. In articulatory terms, the devoiced consonants are unvoiced, but in contrast to the voiceless consonants, they are followed by a murmured or 'breathy voiced' vowel in the low register tone.

Articulatory Phonetics मा Breathy voiced लाई murmur पनि भन्दछ र Peter Ladefoged (1973: 279) ले यसको व्याख्या यसरी दिएका छन् - "A type of phonotation in which the vocal cords are slightly apart so that they vibrate while allowing a high rate of airflow through the glottis.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग़	ज़	ड़	द़	व़
ङ़	ऩ	म़		
य़	ऱ	ल़	व़	स़

सघोष र श्वसन घोष वर्णहरुको अर्थभेदक जोडी

ज/ज़	जो-टुप्पो	ज़ो-पेवा
द/द़	दोङ्-तामाङ थर	द़ोङ-रुख
ब/ब़	ब्रेबा-खौरनु	ब्ऱेबा-चुहुनु
ङ/ङ़	ङा-म	ङ़ा-पाँच
न/ऩ	ना-नाक	ऩा-पीप
म/म़	मा-निगालो	म़ा-भेना/जुवाइँ
	मे-आगो	म़े-गोरु
र/ऱ	री-मा	ऱी-जङ्गल
	रो-साथी	ऱो-लाश
ल/ल़	ला-को,	ल़ा-लेक
	लो-एक तामाङ थर	ल़ो-वर्ष
य/य़	याप्पा-पल्कनु	य़ाप्पा-निफन्नु
व/व़	वाला-रातो	व़ाला - समात्छ

१.१.१८ प्राणत्वको आधार

प्राणको अर्थ हावा वा हावाको शक्ति हुन्छ। ध्वनिको उच्चारणमा फोक्सोबाट निस्कने सासको शक्ति वा झोक्काको पनि भूमिका हुन्छ। यसका आधारमा तामाङ व्यञ्जनलाई दुई भागमा वाड्न सकिन्छ :

क. अल्पप्राण ख. महाप्राण

क. अल्पप्राण (Unaspirated)

फोक्सोबाट निस्कने सासको झोक्का कम भई उच्चारण हुने व्यञ्जनलाई अल्पप्राण व्यञ्जन भन्दछन्। तामाङभाषामा अल्पप्राण व्यञ्जनहरू यी हुन् -

क	**च**	**ट**	**त**	**प**
ग	**ज**	**ड**	**द**	**ब**
ग़	**ज़**	**ड़**	**द़**	**ब़**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ङ	ङ़	न	ऩ	म	म़
य	य़	र	ऱ	ल	ल़
व	व़	स	स़		

ख. महाप्राण (Aspirated)

फोक्सोबाट निस्कने सासको झोक्का बढी भई उच्चारण हुने व्यञ्जनलाई महाप्राण व्यञ्जन भन्दछन् । तामाङभाषामा महाप्राण व्यञ्जनहरू यी हुन् -

ख छ ठ थ फ

ह

अल्पप्राण तथा महाप्राण व्यञ्जनवर्णहरूका अर्थभेदक जोडीहरू

क/ख	काङ्-खुट्टा	खाङ्-घर
	काला- रगतको	खाला-आउँछ
च/छ	चाङ्-बुहारी, भाउज्यू	छाङ्-डोको
	चीजी-बस्यो	छीजी-छाप्यो
ट/ठ	टामुला-लाग्छ	ठामुला-थाक्छ
	टेजी-सर्क्यो	ठेजी-ठुङ मार्नु
त/थ	ताङ्-भाँडा	थाङ्-गन्ध
	ताला-हुन्छ	थाला-काट्छ
प/फ	पो-भाग	फो-पेट
	पात्पा-छेक्नु	फात्पा-फट्टचाउनु

१.१.१९ व्यञ्जनवर्णको वितरण (Distribution of Tamang Consonants)

तामाङ व्यञ्जनवर्णको वितरण प्रणाली यस प्रकारको छ :

वर्ण	आरम्भमा	मध्यमा	अन्तमा
/क/	कान्-भात	बोकाल्-बीस	आइराक्-रक्सी
/ख/	खु-तरकारी	नाख्ले-नाङलो	-
/ग/	गा-बर्को	दीगु-खाजा.	-
/ग़/	ग़्यात्-काम	-	-
/ङ/	ङा-म	याङ्जी-पायो	साङ्-धूप
/ङ़/	ङ़ा-पाँच	-	-
/च/	चाङ्-बुहारी	लीच्छा-पछाडि	-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

/छ/	छाङ्-डोको	हेन्छे-देखि	-
/ज/	जाङ्-गुड	जाजा-सानो	-
/ज़/	ज़ो-पेवा	-	-
/ट/	टा-फेद, जरा	-	डेट्-खोस्नु
/ठ/	ठी-आसन	बाठा-डब्का	-
/ड/	डा-नाम्लो	बाब्डे-पुड्को	-
/त/	ताङ्-भाडा	तात्पा-निकाल्नु	ब्रोत्-स्वाद
/थ/	थुबा-पीरो	थान्थान्-रित्तो	-
/द/	दा-खाँबो	दान्दे-इहले	-
/द़/	द़ोङ्-रुख	-	-
/न/	ना-नाक	गान्बा-बुज्रुक	व्योन्-युवक
/ऩ/	ऩा-पीप	-	-
/प/	पाङ्-चउर	साप्रा-माटो	व्याप्-पखेटा
/फ/	फा-लोग्ने	नाफ्राङ्-झिङ्गा	-
/ब/	बाङ्-शक्ति	बाल्बा-भ्यागुतो	-
/ब़/	ब़ाबा-थप्नु	-	-
/म/	मा-निङालो	ताम्बा-प्रवक्ता	माम्-बज्यै
/म़/	म़ी-मान्छे	-	-
/य/	या-हात	स्या-मासु	-
/य़/	य़ाप्पा-निफन्नु	-	-
/र/	रा-बाखो	ग्रेन्-ठूलो	ऩोर्-सम्पत्ति
/ऱ/	ऱी-जंगल	-	-
/ल/	ली-अनुहार	बुलुङ्-कीरा	ग़ाल्-दुलो
/ल़/	ल़ा-लेक	-	-
/व/	वाङ्जी-पस्यो	स्वा-दाँत	-
/स/	सा-भुइँ	ग़ाङ्साल्-आधा	नीस्-सात
/ह/	हाङ्रे-चोलो	चोहो-अध्यक्ष	-

तामाङभाषामा व्यञ्जनवर्णको वितरण प्रणालीले के प्रस्ट पार्दछ भने शब्दको अन्तमा आउने वर्णहरू ९ वटा मात्र छन् : **क ट प त ङ न म र ल स**। त्यस्तै **ग़ ज़ ड़ द़ ब़ ङ़ ऩ म़ य़ ऱ ल़** को वितरण अन्त र बीचमा छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.२० व्यञ्जन वर्णको वर्गीकरणको तालिका

१.१.२० व्यञ्जन वर्णको वर्गीकरणको तालिका

स्थान (Place)		द्वयोष्ठ्य Bilabial		दन्त्य Dental		जिह्वाग्रदन्तमूलीय Apico-alveolar		फलकदन्तमूलीय Lamino-alveolar		तालव्य Palatal		कण्ठ्य Velar		स्वरयन्त्रमुखी Glottal	
प्रयत्न (Articulation)	घोषत्व प्राणत्व	अघोष	सघोष	अघोष	सघोष	अघोष	सघोष	अघोष	सघोष	अघोष	सघोष	अघोष	सघोष	अघोष	सघोष
स्पर्श (Stops)	अल्पप्राण	प	व	त	द	ट	ड	-	-	-		क	ग	-	-
	महाप्राण	फ	व़	थ	द़	ठ	ड़	-	-	-		ख	ग़	-	-
स्पर्शसंघर्षी (Affricates)	अल्पप्राण	-	-	-	-	-	-	च	ज			-	-	-	-
	महाप्राण	-	-	-	-	-	-	छ	ज़			-	-	-	-
नासिक्य (Nasal)	अल्पप्राण	-	म	-	-	-	न	-	-			-	ङ	-	-
	महाप्राण	-	म़	-	-	-	ऩ	-	-			-	ङ़	-	-
संघर्षी (Fricatives)	अल्पप्राण	-	-	-	-	-	-	स	-			-	-	-	-
	महाप्राण	-	-	-	-	-	-	स़	-			-	-	-	ह
पार्श्विक (Lateral)	अल्पप्राण	-	-	-	-	-	ल	-	-			-	-	-	-
	महाप्राण	-	-	-	-	-	ल़	-	-			-	-	-	-
कम्पित (Trill)	अल्पप्राण	-	-	-	-	-	र	-	-			-	-	-	-
	महाप्राण	-	-	-	-	-	ऱ	-	-			-	-	-	-
अर्धस्वर(Glide)	अल्पप्राण	-	व	-	-	-	-	-	-		य	-	-	-	-
	महाप्राण	-	व़	-	-	-	-	-	-		य़	-	-	-	-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.२१ व्यञ्जनवर्णहरूको संयुक्तता (Consonant Clusters)

दुईवटा पृथक पृथक व्यञ्जनवर्णहरू मिलेर बनेको व्यञ्जन संयुक्त व्यञ्जन मानिन्छ । केही तामाङ व्यञ्जनवर्णहरू **य र ल व** वर्णको अगाडि आएर संयुक्त व्यञ्जन बनाउँदछन् ।

क. /य/ सँगको संयुक्तता

तामाङभाषामा /**य**/ सँग निम्नलिखित १४ वर्णहरुको संयोग हुन्छ :

क ख ग च छ ज प फ ब ङ ङ़ म स ह।

वर्णसंयोग	शब्द	
/क्य/	क्युङ्बा (अमिलो),	क्योङ्बा (सत्कार गर्नु)
/ख्य/	ख्याङ् (तखता),	ख्योबा (पस्कनु)
/ग्य/	ग्याबाक् (तामाङ थर),	ग्योत् (भाषा)
/च्य/	च्याङ्बा (कान्छो),	च्युप्पा (छोप्नु)
/छ्य/	छ्याइ (रिन),	छ्योङ्बा (उफ्रनु)
/ज्य/	ज्याबा (राम्रो),	ज्योबा (सजिनु)
/प्य/	प्यात्पा (चुल्ठो) बाट्नु,	प्युपा (कोपिला)
/फ्य/	फ्या (ढोग),	फ्युबा (उम्रनु)
/ब्य/	ब्युङ्बा (खोक्नु),	ब्योन् (युवक)
/ङ्य/	ङ्यात्पा (चपाउनु),	ङ्योत्पा (सोध्नु)
/ङ़्य/	ङ़्या (पूर्णिमा),	ङ़्योबा (ढिडो) मस्काउनु
/म्य/	म्याङ्बा (चाख्नु),	म्योबा (बौलाहा)
/स्य/	स्या (मासु),	स्योङ् (खोला)
/ह्य/	ह्यार्बा (भाग्नु),	ह्यो (चोर)

ख. /व/ सँगको वर्ण संयोग

तामाङभाषामा /**व**/ सँग निम्नलिखित १० वर्णहरुको संयोग हुन्छ :

क ख ग छ ट ठ र ड स ह।

वर्णसंयोग	शब्द
/क्व/	क्वान् (लुगा)
/ख्व/	ख्वाङ् (गोलाकार)
/ग्व/	ग़्वात्- (चिल)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

/छ्व/	छ्वाबा (ठुङ्नु)
/ट्व/	ट्वाइबा-कोटयाउनु
/ठ्व/	ठ्वाबा (दुलो पार्नु)
/ड्व/	ड्वा (सुङ्गुर)
/स्व/	स्वा (दाँत)
/ह्व/	ह्वाप्पा-पोल्नु (दुख्नु विशेष)

ग. /र/ सँगको वर्ण संयोग

तामाङभाषामा /र/ सँग निम्नलिखित ७ वर्णहरुको संयोग हुन्छ :

क ख ग प फ ब म

वर्णसंयोग	शव्द	
/क्र/	क्रा (कपाल);	क्रोबा (पोल्नु)
/ख्र/	खाङ्बा (पोल्नु);	खीम्बा (बाट्नु)
/ग्र/	ग्रुङ (आन्द्रा);	ग्रेन् (ठूलो)
/प्र/	प्राङ्बो (गरीब);	प्रुमो (टिम्बुर)
/फ्र/	फ्रीबा (फुरफुराउनु);	फ्रेङ्बा (माला)
/ब्र/	ब्रा (पठो);	ब्रोत् (स्वाद)
/म्र/	म्रा (भार);	म्रुइ (बिर्को)

घ. /ल/ सँगको वर्णसंयोग

यस भाषामा /ल/ सँग निम्नलिखित वर्णहरूको संयोग हुन्छ :

क ख ग प फ ब म म़

वर्णसंयोग	शव्द	
/क्ल/	क्लाङ्बा (खेल्नु);	क्ली-दिशा (गु)
/ख्ल/	ख्लाबा (छोड्नु)	ख्लुप्-घोप्टयाई विशेष
/ग्ल/	ग्ला (ठाउँ);	ग्ले (राजा)
/प्ल/	प्लीङ्बा (भर्नु);	प्लेबा (चिप्लो हुनु)
/फ्ल/	फ्ला (हत्केला);	फ्लेत्पा (फत्कनु)
/ब्ल/	ब्ला (सातो);	ब्ले (पाखो)
/म्ल/	म्लाङ् (कालो);	म्लेत्पा (भुल्नु)
/म़्ल/	म़्ला (चामल)	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि उल्लिखित **य र ल व** शब्दको अगाडि मात्र संयुक्त भएर आउँछन् । शब्दको मध्यमा वा पछाडि संयुक्त भएर आउँदैनन् ।

य र ल व बाहेकका अन्य वर्णहरूबीचको संयोग निर्वल हुन्छ। तामाङभाषाको लेखनमा यस्ता निर्वल संयोगलाई हलन्त राखेर लेख्ने प्रचलन चलेको छ : पाप्पा, बाम्बा, ताङ्बा, सुम्बा, फार्बा,कात्पा आदि ।

१.२ तामाङ खण्डेतरवर्ण (Supra-Segmantal Phonemes)

स्वतन्त्र अस्तित्व नभएका अर्थात् स्वर तथा व्यञ्जन वर्ण जस्तै स्वतन्त्र उच्चारण हुन नसक्ने वर्णलाई खण्डेतर वर्ण भन्दछन्। भाषामा खण्डेतर वर्णहरूको छुट्टै वा स्वतन्त्र अस्तित्व हुँदैन । यिनीहरूलाई स्वर तथा व्यञ्जन वर्णहरूलाई झैं खण्ड गरेर छुट्टाछुट्टै रूपमा हेर्न पनि सकिँदैन । बलाघात, मात्रा, अनुतान, तान, संहिता आदि खण्डेतर वर्णहरू हुन् ।

१.२.१ बलाघात (Stress)

अक्षर वा शब्दमा बल पर्दा शब्द र वाक्यको अर्थमा भिन्नता हुन्छ। तामाङभाषामा बलाघात अर्थभेदक छ :

क. **या - हात** **या' - हुन्छ**
तोजी-पिट्यो **तो'जी-चाहियो**

ख. **आले' से मे़ला स्या चाजी** (आलेले खायो, अरूले होइन ।)
आलेसे मे' ला स्या चाजी । (गारुको खायो, अरूको होइन ।)
आलेसे मे़ला स्या चाजी' । (खायो, अरू केही गरेन)
(आलेले गोरुको मासु खायो ।)

१.२.२ मात्रा (Length)

यस भाषामा स्वरवर्णको दीर्घता पाइन्छ र यो अर्थभेदक पनि छ । यही मात्रा हो । उच्चारणविधिको कमी र वृद्धिबाटै ह्रस्वता र दीर्घताको मापन हुन्छ :

ह्रस्व स्वर	**दीर्घता**
सा-भुइ,	**साः -सास;**
ताबा-हुनु	**ताःबा-थाप्नु**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थी:बा-फुट्नु   थीबा-उठाउनु
ठेबा- (बिस्कुन) चलाउनु   ठे:बा- ठुङ मार्नु

१.२.३ अनुतान (Intonation)

स्वरको उतार चढाउ (अनुतान) भएमा अर्थमा फरक हुन्छ र अनुतान सामान्य, प्रश्न र विस्मय गरी तीन प्रकारका छन् :

सामान्य - /आङा द़ीम् नीजी ।/ आङा घर गइन ।/
प्रश्न - /आङा द़ीम् नीजी ?/ आङा घर गइन ?
विस्मय - /आङा द़ीम् नीजी !/ आङा घर गइन !

१.२.४ तान (Tone)

शब्दार्थमा प्रभाव पार्ने सुरको विविधतालाई तान भन्दछन् । तामाङभाषामा यो अर्थभेदक छ । मार्टिन मजाउदनले चार प्रकारका तानको चर्चा गर्नुभएको छ :

१. [१]मार् - तल
[२]मार् (वा) - तेल पेल्नु
[३]मार् - घ्यू
[४]मार् - सुन

२. [१]नाम् - अन्नको वाला   [२]नाम् - पानी (वर्षा)
[१]काम् - पित्त   [२]काम् - च्यापु
[१]सेबा - जानु (आदरार्थी)   [२]सेबा - जान्नु

१.२.५ संहिता (Juncture)

यस भाषामा विराम पनि अर्थभेदक छ :

सामान्य	विराम
टामुला - लाग्छ,	टा मुला - जरा छ ।
पाङ्मुला - भन्छ	पाङ् मुला - चउर छ ।
फामुला - तिर्छ	फा मुला - लोग्ने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.३ तामाङ अक्षर (Tamang Syllable)

एक झट्कामा उच्चारण हुने एक वा एकभन्दा बढी वर्ण वा वर्णहरूको समूहलाई अक्षर भन्दछन् । **ए, ना, मी, मान्, स्यात्** आदि तामाङ अक्षर हुन् । यी एक झटकामा अर्थात् एक झोकमा निस्केको सासले उच्चारण हुने गर्दछ ।

/ए/ एक वर्णले, /**मी**/ दुई वर्णले, /**मान्**/ तीन वर्णले, /**स्यात्**/ चार वर्णले बनेका अक्षर हुन् । अक्षर वर्णभन्दा ठूलो र रुप वा शब्दभन्दा सानो भाषिक एकाइ हो ।

१.३.१ अक्षर संरचना (Syllable Structure)

तामाङभाषाका सबै स्वरवर्णहरू आक्षरिक छन्, तर व्यञ्जनहरू अनाक्षरिक वर्ण मात्र हुन्छन् । व्यञ्जन वर्णले स्वरसँग मिलेर अक्षरको निर्माण गर्दछ अर्थात् **क्+अ** गाँसिएर /**क**/ बनेको हुन्छ । तामाङभाषाका अक्षर एक वा एकभन्दा बढी वर्णहरूको संयोगले बनेका हुन्छन् । यस भाषाका अक्षर संरचना यस प्रकारको छ -

यस भाषाका एकाक्षरी शब्दहरुको वर्णक्रम (संरचना) ९ प्रकारका छन् ; ती हुन् :

वर्णक्रम	उदाहरण
१. स्वर (V)	ए (तिमी), उः (ओडार)
२. स्वर स्वर (VV)	आइ (तिमी)
३. स्वर- व्यञ्जन (VC)	उर् (पहेंलो)
४. व्यञ्जन-स्वर (CV)	जा (छोरो), कु (छाती)
५. व्यञ्जन-व्यञ्जन-स्वर (CCV)	स्या (मासु), स्वा (दाँत), ग्ले (राजा)
६. व्यञ्जन-स्वर-स्वर (CVV)	साइ (मूल्य), बाइ (नेवार जाति)
७. व्यञ्जन-स्वर-व्यञ्जन (CVC)	सीङ् (दाउरा), मान् (औषधि)
८. व्यञ्जन-व्यञ्जन-स्वर-व्यञ्जन(CCVC)	स्याङ् (मावली), म्रीङ् (स्वास्नी)
९. व्यञ्जन-व्यञ्जन-स्वर-स्वर (CCVV)	म्रुइ (विर्को), छ्योइ (किताब)

(V = Vowel, C = Consonant)

यस भाषाका एकाक्षरी वर्णक्रम(संरचना)लाई संक्षेपमा यसरी देखाउन सकिन्छ -

(व्यञ्जन) (व्यञ्जन) स्वर (स्वर) (व्यञ्जन)

(C) (C) V (V) (C)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् तामाङभाषामा स्वर वर्ण शीर्ष (Peak) मा आउँछ । यसको अगाडि (onset) एउटा वा दुईवटा व्यञ्जनवर्ण आउन सक्छ र पछाडि (Coda) एउटा व्यञ्जन वर्ण आउन सक्छ । यस भाषाको अक्षर संरचनामा व्यञ्जन संयोग **य र ल व** सँग मात्र हुन्छ र यस्ता व्यञ्जन संयोग पनि अक्षरको मध्य वा अन्तमा आउँदैनन् । तसर्थ तामाङशब्दलाई **तामाङ्ग** लेख्नु तामाङ अक्षरसंरचना अनुरुप छैन अर्थात् अक्षरान्तमा CC (व्यञ्जन व्यञ्जन) छैन ।

१.३.२ अक्षरको वर्गीकरण

शब्दको अन्तमा स्वर भएका र व्यञ्जन भएका आधारमा अक्षरलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

क. मुक्ताक्षर ख. बद्धाक्षर

क बद्धाक्षर (Closed Syllable)

शब्दको अन्तमा स्वरवर्ण हुने अक्षरलाई **बद्धाक्षर** भन्दछन् । **ङा, बाइ, थे, कु, मे, तो, ताम्बा, ग्योइ** आदि तामाङ बद्धाक्षर हुन्, किनकि यी प्रत्येक शब्दको अन्तमा स्वरवर्ण आएको छ ।

ख. मुक्ताक्षर (Open Syllable)

अन्तमा व्यञ्जनवर्ण हुने अक्षरलाई **मुक्ताक्षर** भन्दछन् । **स्योङ्, दीम्, कान्, उर्, म्रीङ्, प्लोक्** आदि तामाङ **मुक्ताक्षर** हुन्, किनकि यी प्रत्येक शब्दको अन्तमा व्यञ्जनवर्ण आएको छ ।

तामाङभाषामा वर्ण वा वर्णहरूबाट अक्षरको निर्माण हुन्छ भने अक्षर वा अक्षरहरूबाट शब्दको निर्माण हुन्छ ।

१.३.४ अक्षरसङ्ख्या :

शब्दमा अक्षरको सङ्ख्या समान हुँदैन । कुनै शब्द एक अक्षरले बनेको हुन्छ भने कुनै शब्द दुई अक्षर, कुनै दुईभन्दा धेरै अक्षरले बनेका हुन्छन् ।

क. एकाक्षरी शब्द (Mono-Syllabic)

एक अक्षरले बनेको शब्दलाई एकाक्षरी शब्द भन्दछन् । **का** (रगत), **छेः** (आयु) **काङ्** (खुट्टा,) **दोत्** (भारी), **च्यान्** (बाघ), **चु** (यो) आदि एकाक्षरी तामाङशब्द हुन् । तामाङभाषामा एकाक्षरी शब्द सर्वाधिक छ । यसर्थ यस भाषालाई एकाक्षरी भाषा (Mono-Syllabic language) भन्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. द्वयअक्षरी शब्द (Di-Syllabic)

दुई अक्षरले बनेको शब्दलाई द्वयअक्षरी शब्द भन्दछन् । तामाङभाषामा एकाक्षरी शब्द पछि द्वयअक्षरी शब्दहरु धेरै पाइन्छन् । केही द्वयअक्षरी शब्दहरू :

ता-माङ् (तामाङ), **स्युक्-पा** (धुप), **खाङ्-बा**(जाडो), **सेर्-खा** (हिउँद), **कोन्-मे** (भान्जी), **बोत्-युल्** (तिब्वत), **ल़ो-छार्** (नयाँ वर्ष) आदि ।

ग. वहुअक्षरी शब्द (Multi -Syllabic)

द्वयअक्षरी शब्दहरू तामाङभाषामा निकै थोरै छन् । नवनिर्मित शब्दहरू वढी देखिन्छन् । केही बहुअक्षरी शब्दहरू यी हुन् :

आ-ज्या-बा (नराम्रो), **म्युङ्म्युङ्-बा** (चुच्चो), **ऩोङ्-ना ला-बा** (बिगार्नु,) **ग्ले-ठीम्-खेन्-पो** (राजनीतिज्ञ), **ज्यो-मो-लुङ्-मा** (सगरमाथा) आदि ।

१.३.५ अक्षरको केन्द्रीय र परिधीय भाग

अक्षरलाई तीन भागमा बाँड्न सकिन्छ - आरम्भिक, केन्दिय्र र अन्त्य । केन्द्रीय भाग अक्षरको मुटु हो र आरम्भिक र अन्त्य भाग ऐच्छिक हुन्छन् । यसै कारण आरम्भिक र अन्त्य चाहिं परिधीय हुन्छ ।

अक्षर	आरम्भिक	केन्द्रीय	अन्त्य
उ: (ओडार)	-	उ:	-
गा (बर्को)	ग्	आ	-
उर् (पहेंलो)	-	उ	र्
मान् (औषधि)	म्	आ	न्
सीङ् (दाउरा)	स्	इ	ङ्
केन् (ससुरो)	क्	ए	न्

अक्षरको प्रारम्भिक र अन्त्य भागमा व्यन्जनवर्णहरू आउँछन् । केन्द्रमा स्वर वर्ण अनिवार्य रूपमा आउँछ र व्यन्जनवर्ण परिधीय वर्णको रूपमा आउँछ । अक्षर स्वरवर्ण तथा व्यन्जनवर्ण मिलेर बनेका हुन्छन् ।

१.३.६ अक्षरको सीमा

अक्षरहरू र तिनका सीमालाई ठम्याएर उच्चारण गर्नुपर्छ, नत्र सही उच्चारण हुन सक्दैन ।

ओन्-मा, दाङ्-मों, ग्ले-स्या, ताम्-बा, सीङ्-स्योर्, नान्-च्याङ्-बा, ब्रा-ना-ला-बा, छार्-ना-ला-जी, प्यात्-पा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै कुनै समासीय शब्दको सीमा प्रस्ट हुँदैन, जस्तै :

मी-क्ली / मीक्-ली, या-फ्ला / याफ्-ला,

फे-स्योर् / फेस्-योर् आदि ।

यस्तो अवस्थामा शब्दको अर्थ केलाउनुपर्छ । माथिका उदाहरणमा इघल्ला उच्चारण सही उच्चारण हुन् ।

यस्तै तामाङ अक्षर आकारान्त (ा) इकारान्त (ि) उकारान्त (ु) एकारान्त (े) ओकारान्त (ो) अक्षर बाहेक अन्य अक्षरहरु व्यन्जनान्त हुन्छन्, जस्तै :

कान्, मान्, चाङ्, च्यान्, काम्, सीम्-बा, साङ्-मो, माङ्-युल्,लो-छार् आदि ।

तामाङभाषालाई उच्चारण अनुरूप अर्थात् अक्षरको सीमालाई मनन गरेर लेख्ने प्रयास भएको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय दुई - शब्दवर्ग (Word Class)

२. शब्दवर्ग

तामाङ शब्दलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । यहाँ शब्दलाई मूलत: कार्यको आधारमा वर्गीकरण गरिएको छ :

२.१ नाम (Noun)

कर्ताकारकीय चिन्ह /से/ (-ले) पुयुक्त हुन सक्ने शब्दलाई नाम भन्दछन् । यस्ता नाम शब्द वाक्यमा कर्ता, कर्म वा पूरकको रुपमा आउन सक्दछ ।

१. पासाङ् खाजी ।
पासाङ आयो ।

२. आङा क्राजी ।
बहिनी रोई ।

३. रासे साङा चाजी ।
बाखाले कोदो खायो ।

४. मुइसे ने़ पीन्जी ।
भैंसीले दुध दियो ।

५. पाङ्बासे पाङ्जी ।
भन्नेले भन्यो ।

६. ङेत्नालाबा मी़ खाजी ।
हँसाउने मान्छे आयो ।

७. पेमाला दी़म्री म्ह़लाला ज़ी मुला ।
पेमाको घरमा भाती (जाँड) छ ।

पासाङ्, आङा, साङा, ने़, पाङ्बा, ङे़त्नालाबा, म्ह़लाला ज़ी नाम शब्द हुन् । यी शब्दहरु वाक्यमा कर्ता, कर्म वा पूरकको रूपमा आउन सक्छन् । यस्तै माथिका नाम शब्दमा /से/ (-ले) विभक्ति लाग्न सक्छ ।

तामाङनामको विभाजन यस प्रकार गर्न सकिन्छ :

२.१.१ सजीव नाम (Living Noun)

सजीव वस्तु जनाउने नामहरुलाई सजीव नाम भन्दछन् ; **नागा** (कुखुरा),

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रा (बाखा), **मी** (मान्छे), **दोङ्** (रूख), **डाप्** (साग) आदि । यी शब्दहरू सजीव नाम जनाउँदछन् ।

२.१.२ निर्जीव नाम (Non-living Noun)

निर्जीव वस्तु जनाउने नामहरुलाई निर्जीव नाम भन्दछन् ; जस्तै **युङ्बा** (ढुङ्गा), **सीङ्** (दाउरा), **दीम्** (घर), **क्युइ** (पानी), **लानी** (जून) आदि । यी शब्दहरू निर्जीव नाम जनाउँछन् ।

वाक्यमा सजीव नामसँग कारकीय सर्ग /दा/ (लाई) आउँछ भने निर्जीव नामसँग कारकीय सर्ग /दा/ आउन सक्दैन :

८. आलेसे आङादा रोप्ची ।
भाइले बहिनीलाई पिट्यो ।

९. चु दोङ्दा थागो ।
यो रूख काट ।

१०. डाप्दा क्युइ पीनो ।
सागमा पानी हाल । "सागलाई पानी देऊ"

११. युङ्बा मार् हुरो ।
ढुङ्गा तल फ्याँक ।

१२. म्राप्सोङ्री मेन्दो ख्यापो
दैलोमा फुल राख ।

माथि **आङा, दोङ, डाप्** सँग कारकीय सर्ग /दा/ आएको छ तर **युङ्बा, म्राप्सोङ्** सँग कारकीय सर्ग /दा/ आउँन सक्दैन । **आङा, दोङ, डाप्** सजीव नाम हुन भने **युङ्बा, म्राप्सोङ्** निर्जीव नाम हुन् ।

यस्तै सजीव र निर्जीब नाम वहुवचनीय सर्गको प्रयोगबाट छुटचाउन सकिन्छ । सजीब नामसँग बहुवचनीय सर्ग आउन सक्छ :

राजुगु (बाखाहरु), **रोजुगु** (साथीहरू), **आखेजुगु**(बाजेहरू),**दोङ्जुगु**(रुखहरू) ।

तर निर्जीव नामसँग बहुबचनीय सर्ग /-जुगु/ आउन सक्दैन । माथिका उदाहरणबाट के प्रष्ट हुन्छ भने सजीब नामले कारकीय सर्ग /दा/ र वहुवचनीय सर्ग /जुगु/ लिन सक्छ तर निर्जीब नामले यी सर्गहरु लिन सक्दैन ।

सजीव नामलाई पनि जन्तु नाम (Animal Noun) र जन्तुइतर नाम (Inanimate Noun) मा छुटचाउन सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.१.३ जन्तुनाम (Animate Noun)

जीव जन्तुको जानकारी दिने नामलाई जन्तु नाम भन्दछन् ; जस्तै

नागा (कुखुरा), **रा** (बाखा), **च्यान्** (बाघ), **तार्ङा** (माछा) आदि यी नामले जन्तुको जानकारी दिन्छन् ।

२.१.४ जन्तुइतर नाम (Inanimate Noun)

जन्तु बाहेक कीरा फटयाङ्ग्रा रुख, बिरुवा आदि अन्य वस्तुको जानकारी दिने नामलाई जन्तुइतर नाम भन्दछन् ; जस्तै :

सीङ् (काठ), **साप्रा** (माटो), **दो़ङ्** (रुख) आदि ।

जन्तुनाम र जन्तुइतर नामको विभाजनको आधार लिङ्ग (Gender) लाई मान्न सकिन्छ । जन्तु नाममा लिङ्गी सर्गसँगै /**मा:मा, योमा, स्या मा़**/ को प्रयोग हुन्छ : जस्तै :

नागा (कुखुरा)	-	नागामा:मा (कुखरामाउ)
	-	नागायोमा (पोथी)
मे़ (गोरु)	-	मे़मा:मा (गाई)
	-	मे़योमा (कोरली)
तामाङ्	-	तामाङ्स्या (तामाङ्नी)
नाना (दिदी)-		नानामा़ (भिनाज्यू)

जन्तुइतर नाममा यस्ता लिङ्गी सर्गको प्रयोग हुन सक्दैन ।

जन्तु नाममा बहुवचनीय सर्ग /**-जुगु**/ पनि आउँछ तर जन्तुइतर नाममा यस्ता सर्गको प्रयोग नहुन पनि सक्छ ।

जन्तुनाम पनि मानवीय नाम (Human Noun) र मानवेतर नाम (Inhuman Noun) मा विभाजित छ ।

२.१.५ मानवीय नाम (Human Noun)

मानवजातिको जानकारी दिने नामलाई मानवीय नाम भन्दछन् ; जस्तै :

म़ी (मानिस), **नाना** (दिदी), **आखे** (बाजे), **माम्** (बज्यै) **बोत्** (तिब्वती), **बाङ्जा** (सुनुवार) आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.१.६ मानवेतर नाम (Inhuman Noun)

मानवजातिभन्दा बाहिरका अन्य नामको जानकारी दिने नामलाई मानवेतर नाम भन्दछन् ; जस्तै :

रा (बाखा), मे़ (गोरु), तार्ङा (माछा) साप्रा (माटो) दो़ङ् (रूख) आदि ।

मानवीय नाममा तामाङ कोटिकर (Oassifier) /मे़न्दो/ को प्रयोग हुन्छ, जस्तै :

मे़न्दो सोम् मी़ - तीनजना मानिस
मे़न्दो ङ़ा डोन्बो - पाँचजना पाहुना
मे़न्दो च्युइ लामा - दशजना लामा

मानवेतर नाममा /**मे़न्दो**/ को प्रयोग हुन सक्दैन । यस्तो नाममा मे़न्दोको ठाउँमा /**गोर्**/ (वटा) आउँछ :

गोर् ब्ली रा - चारवटा बाखा
गोर् सोम् युङ्बा - तीनवटा ढुङ्गा
गोर नीस् कापी - सातवटा कपी

मानवीय र मानवेतर नामलाई आदरार्थीशब्दले पनि छुट्याएको छ । मानवीय नामसँग आदरार्थी नामहरू आउँछ, तर मानवेतर नामसँग त्यस्तो आदरार्थी आउन सक्दैन ।

सोल्च्या छचोइगो - चिया खानुहोस् ।
छ्या स्याल्स्युगो - हात धुनुहोस् ।
तोर् ठीरी दान्छयागो - माथि आसनमा बस्नुहोस् ।

माथि प्रयुक्त **सोल्च्या, छ्या** र **ठी** आदरार्थी नामशब्द हुन्

/**खाला**/ (को) र /**तीक्**/ (के) शब्दबाट पनि तामाङ नाम मानवीय र मानवेतर नाममा विभाजित छ । मानवीय नामको पहिचान गर्न प्रश्नवाचक शब्द /**खाला**/ (को) ले मद्दत गर्दछ । /**खाला**/ को उत्तरमा मानवीय नाम आउँछ :

खाला खाजी ? (को आयो ?) भन्ने प्रश्नको उत्तरमा आमा, आपा (बुबा), नाना (दिदी), बुरीङ् (बहिनी), आस्याङ् (मा:मा), बाइला कोला (नेवार), साङ्मो (नाम), पासाङ (नाम) आदि ।

तीक् खाजी ? (के आयो ?) भन्ने प्रश्नको उत्तरमा नागा (कुखुरा), रा (बाखा), पुखी (साँप), युङ्वा (ढुङ्गा) आदि आउँछ । यी नामहरू मानवेतर नाम हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संक्षेपमा तामाङ नामको विभाजनलाई यसरी देखाउन सकिन्छ :



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वनाम Pronoun

२.२ सर्वनाम

कथनमा नाम शब्दको सन्दर्भ जनाउने शब्दलाई सर्वनाम भन्दछन्। नामको पुनरुक्तिको सट्टामा आउने हुनाले यसलाई सट्टे नाम पनि भन्दछन्।
ङा (म), या़ङ् (हामी), आइ (तिमी), थे (ऊ) होजा (त्यो) आदि सर्वनाम हुन्।

२.२.१ सर्वनामका प्रकार

सर्वनामलाई कार्यगत विविधताको आधारमा निम्नलिखित वर्गमा बाड्न सकिन्छ :

१. पुरुषवाचक सर्वनाम
२. समावेशी र असमावेशी सर्वनाम
३. आत्मवाचक सर्वनाम
४. दर्शकवाचक सर्वनाम
५. दिशाबोधक
६. आदरार्थी सर्वनाम
७. प्रश्नवाचक सर्वनाम
८. अनिश्चियवाचक सर्वनाम
९. निश्चयवाचक
१०. पारस्परिक

२.२.२. पुरुषवाचक सर्वनाम (Porsonal Pronoun)

कथनमा वक्ता, श्रोता र कथ्यविषयको सन्दर्भ जनाउने सर्वनामलाई पुरुषवाचक सर्वनाम भन्दछन्। पुरुषवाचक सर्वनाम तीन प्रकारका हुन्छन् :

क. प्रथम-पुरुषवाचक
ख. द्वितीय-पुरुषवाचक
ग. तृतीय-पुरुषवाचक

क. प्रथम पुरुषवाचक

कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनामलाई प्रथम पुरुष भन्दछन् :

१. ङा पोखरा नीजी।
म पोखरा गएँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. **ङानी** पोखरा नीजी ।
हामी पोखरा गयौं ।

३. **याङ्** पोखरा नीजी ।
हामी पोखरा गयौं ।

ङा (म), **ङानी** (हामी), **याङ्** (हामी) प्रथम पुरुषवाचक सर्वनाम हुन् ।

वक्ताको सन्दर्भ जनाउन - एक वचनमा /**ङा**/ को प्रयोग हुन्छ भने वहुवचनमा /**ङानी**/ वा / **याङ्**/ को प्रयोग हुन्छ ।

/**ङा**/ को वहुवचन/**ङानी**/ पनि हुन्छ र /**याङ्**/ पनि हुन्छ । तर यसको प्रयोगमा फरक छ । (हे. २.१.३)

ख. द्वितीय पुरुषवाचक

कथनमा श्रोताको सन्दर्भ जनाउने सर्वनामलाई द्वितीय पुरुष भन्दछन् ।

४. **आइ** ब्रीबान् मुला ।
तिमी लेख्दै छौं ।

५. **आइनी** ब्रीबान् मुला ।
तिमीहरु लेख्दै छौ ।

६. **आइनीगादे** ब्रीबान् मुला
तिमीहरू लेख्दै छौ ।

आइ, आइनी, आइनीगादे द्वितीय पुरुषवाचक सर्वनाम हुन् । किनकि यी सर्वनामले श्रोताको सन्दर्भ जनाएको छ ।

आदरको भाव व्यक्त गर्ने सर्वनामलाई मानार्थी सर्वनाम भन्दछन् । /**राङ्**/द्वितीय पुरुषवाचंक मानार्थी सर्वनाम हो :

७. **राङ्** चुरी स्युगो ।
तपाई यहाँ बस्नोस् ।

८. **राङ्नी** चुरी स्युगो ।
तपाईहरू यहाँ बस्नोस् ।

९. **राङ्नीगादे** चुरी स्युगो ।
तपाईहरू यहाँ बस्नोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	एकवचन	वहुवचन
सामान्यार्थी	आइ	आइनी, आइनीगादे
आदरार्थी	राङ्,	राङ्नी, राङ्नीगादे

ग. तृतीय-पुरुषवाचक

वक्ता र श्रोताबाहेकको सन्दर्भ दर्साउने सर्वनामलाई तृतीय-पुरुषवाचक सर्वनाम भन्दछन् :

१०. थे द़ीम् नीजी ।
उ घर गयो ।

११. थेनीगादे द़ीम् नीत़ाला ।
उनीहरू घर गए होलान ।

१२. होजा ताम् खाल्से पाङ्जी ?
त्यो कुरो कसले भन्यो ?

थे, थेनीगादे, होजा आदि तृतीय-पुरुषवाचक सर्वनाम हुन्, किनकि यी सर्वनामले न त वक्ताको सन्दर्भ दर्साएको छन्, न त श्रोताको नै ।

तृतीय-पुरुषवाची सर्वनाम यी हुन्-

एकवचन	वहुवचन
थे (ऊ, त्यो़)	थेनी, थेनीगादे
चु (यो)	चुनी,
होजा (त्यो)	होजा, होजागादे
माजा (त्यो)	माजागादे
केजा (त्यो)	केजागादे

यी माथि उल्लिखित तामाङ सर्वनामहरू मानवीय/मानवेत्तर, सजीव/निर्जीव आदि जुनसुकै सन्दर्भमा पनि प्रयुक्त हुन्छन् । **थे, थेनीगादे, थेनी** चाहिं प्रायः मानवीय सन्दर्भमा प्रयृक्त हुन्छन् ।

२.२.३ समावेशी तथा असमावेशी सर्वनाम

वक्ताले श्रोता सन्दर्भलाई समावेश गर्ने र नगर्नेको आधारमा पनि प्रथम पुरुष वाचक सर्वनाम दुई प्रकारका छन् :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. समावेशी सर्वनाम (Inclusive Pronoun)
ख. असमावेशी सर्वनाम (Exclusive Pronoun)

क. समावेशी सर्वनाम (Inclusive Pronoun)

कथनमा वक्ता सन्दर्भ र श्रोताको सन्दर्भको पनि समावेश गर्ने सर्वनामलाई समावेशी सर्वनाम भन्दछन् :

१३. **य़ाङ्** गीक् तासी नेपालदा थीगे ।
हामी एक भएर नेपाललाई उठाऔं ।

१४. **य़ाङ्से** पाङ्बा ताम् डीक्ची ।
हामीले भनेको कुरा मिल्यो ।

माथिका वाक्यमा रहेको /**य़ाङ्**/ (हामी) ले श्रोतालाई पनि समेटेको छ ।

ख. असमावेशी सर्वनाम (Exclusive Pronoun)

कथनमा वक्ता सन्दर्भले श्रोताको सन्दर्भ समाविष्ट नगर्ने सर्वनामलाई असमावेशी सर्वनाम भन्दछन् :

१५. **ङानीगादे** याम्बुरी नीजी ।
हामी काठमाडौं गयौं ।

१६. तीनीम् **ङानी**ला ग्यात् मुला ।
आज त हाम्रो काम छ ।

माथिका वाक्यमा रहेको **ङानी** (हामी) ले श्रोतालाई समेटेको छैन ।

२.२.४ आत्मवाचक सर्वनाम

आफ्नो सन्दर्भ दर्साउने सर्वनामलाई आत्मवाचक सर्वनाम भन्दछन् । तामाङभाषामा /**राङ्**/ (आफू) आत्मवा़चक सर्वनाम हो । य़ो सर्वनाम नाम (Nouns) का साथै सर्वनामको पनि सन्दर्भ-निर्देशी भएर प्रयोगमा आउँछ ।

१७. साङ्मो **राङ्य्**नो चामुला, स्यान्दाय्नो पीन्मुला ।
साङ्मो आफै पनि खान्छ, अरुलाई पनि दिन्छ ।

१८. थे **राङ्नोन्** क्रीङ्मुला, **राङ्नोन** क्रामुला ।
ऊ आफै कराउँछ, आफै रुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९. ङाइ **राङ्लान्** मी से म्राङ्मुबा ।
मैले आफ्नै आँखाले देखेको थिए ।

२.२.५ दर्शकवाचक सर्वनाम (Demonstrative Pronoun)

कुनै व्यक्ति, वस्तु वा धारणालाई बोकेर देखाउन प्रयोग हुने सर्वनामलाई दर्शक सर्वनाम भन्दछन् । दर्शक सर्वनाम मुख्यतः दुई प्रकारका हुन्छन् :

क. निकटवर्ती ख. दूरवर्ती

क. निकटवर्ती -

नजिकको कुनै व्यक्ति वस्तु वा धारणालाई तोकेर देखाउनको लागि प्रयोग हुने सर्वनामलाई निकटवर्ती दर्शक सर्वनाम भन्दछन् । **चु** (यो) **चुमा** (यिनीहरू) **चुनीगादे** (यिनीहरू) निकटवर्ती दर्शक सर्वनाम हुन् :

२०. चु ङाला जा ।
यो मेरो छोरा हो ।

२१. चुमा/चुमागादेला ताम् ङ्यान् आतो ।
यिनीहरूको कुरा सुन्नुपर्दैन ।

ख. दूरवर्ती -

टाढाको कुनै व्यक्ति, वस्तु वा धारणालाई तोकर देखाउनको लागि प्रयोग हुने सर्वनामलाई दूरवर्ती दर्शक सर्वनाम भन्दछन् ।

२२. होजा पाराङ्ला तागी ।
त्यो पाराङ्को टोपी हो ।

२३. थे ङाला कोन् ।
त्यो मेरो भान्जा हो ।

२४. थेनीगादे तामुला जाङ् मुला ।
उनीहरू गफाडी छन् ।

	एकवचन	**बहुवचन**
निकटवर्ती सर्वनाम	चु (यो)	चुमा, चुनी, चुनीगादे
दूरवर्ती सर्वनाम	होजा (त्यो)	होजानी, होजागादे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवधारक **नोन्/न्** प्रयुक्त रुपहरू पनि दर्शक सर्वनामका रुपमा प्रयोगमा आउँछन् ।

क. **चु+नोन्/न् = चुनोन्/चुन्** (यही)

२५. साङ्मोला क्वान् चुनोन्/चुन् आयीन् ?
साङमोको लुगा यही होइन ?

ख. **होजा+नोन्/न् = होजा नोन्/होजान्** (त्यही)

२६. ङादा होजान् तोला ।
मलाई त्यो नै चाहिन्छ ।

ग. **चुनीगादे+नोन्/न् - चुनीगादे नोन्/चुनीगादेन्** (यिनीहरु नै)

२७. आसेङ्ला जामे चुनीगादेन् यीन्ला ।
मामाका छोरीहरू यिनीहरू नै हुन् ।

घ. **होजागादे+नोन्/न् – होजागादे नोन्/होजागादेन्** (तिनीहरु नै)

२८. चु दोङ् थाबा होजा गादेन् ताला ।
यो रूख काट्ने तिनीहरू नै होलान् ।

२.२.६ दिशाबोधक सर्वनाम (Directional Pronoun)

कथनमा दिशाको पनि सन्दर्भ जनाउने सर्वनामलाई दिशावाचक सर्वनाम भन्दछन् । यी तामाङ सर्वनामहरु दिशाको सन्दर्भ जनाउँछन् :

/होजा/	-	त्यो (अगाडिको)
/केजा/	-	त्यो (अगाडिकै, तर केही परको)
/के:जा/	-	त्यो (अगाडिकै, तर निकै परको)
/तोजा/	-	त्यो (माथिको वा मास्तिरको)
/तो:जा/	-	त्यो (निकै माथिको वा मास्तिरको)
/माजा/	-	त्यो (तल वा तलतिरको)
/मा:जा/	-	त्यो (निकै तल वा तलतिरको)

नेपाली /त्यो/ वा अङ्ग्रेजी /that/ ले कुनै दिशाको बोध गराउँदैन तर तामाङमा यी सर्वनामले दिशाको बोध पनि गराउँछ ।

२.२.७ आदरार्थी सर्वनाम (Honorific Pronoun)

पुरुषवाचकमा मान सम्मानको सन्दर्भ जनाउने सर्वनामलाई आदार्थी सर्वनाम भन्दछन् । यो मानवीय प्रसङ्गमा मात्र प्रयोग हुने सर्वनाम हो । स्रोतसन्दर्भ (द्वितीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुष)मा /**राङ्**/ शब्द आदरार्थी सर्वनामको प्रयोग हुन्छ । तामाङभाषामा वक्ताको सन्दर्भ (प्रथम पुरुष) र अन्य सन्दर्भ (तृतीय पुरुष) मा पनि आदरार्थी सर्वनामको प्रयोग हुन्छ । यो सामान्यतः सर्वनाम शब्दमा /**नी**/ सर्ग जोडेर बनेको पाइन्छ । यस्लाई निम्नलिखित तालिकाबाट प्रस्ट्याउन सकिन्छ :

	एकवचन	**वहुवचन**	
पुरुष	**सामान्य**	**समान्य**	**आदरार्थी**
प्रथम पुरुष	ङा	ङानी (अ.स.)	ङानीगादे
		य़ाङ् (स.स.)	य़ाङ्गादे
द्वितीय पुरुष	आइ	आइनी	आइनीगादे
	राङ्	राङ्नी	राङ्नीगादे
तृतीय पुरुष	थे	थेनी	थेनीगादे
	चु	चुनी	चुनीगादे

२.२.८ प्रश्नवाचक सर्वनाम (Interrogative Pronoun)

प्रश्न बुझाउने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भन्दछन् । **खाला, तीक्, तीक्दा** आदिले वाक्यलाई प्रश्नात्मक बनाउन मद्दत गर्दछन् ।

क. **खाला** (को)

यस प्रश्नवाचक सर्वनामले मानवीय सन्दर्भ बुझाउँछ ।

२९. **खाला** खाजी ? आले ।
को आयो ? भाइ ।

३०. चु ड़ीम्री **खाला** स्युमुला ? जा चाङ् ।
यो घरमा को बस्नुहुन्छ ? छोरा-बुहारी ।

ख. **तीक्** (के)

यस प्रश्नवाचक सर्वनामले मानवेतर सन्दर्भ बुझाउँछ ।

३१. **तीक्** खाजी ? च्यान् ।
के आयो ? बाघ ।

३२. आइ **तीक्** चाबा ? कान् ।
तिमी के खाने ? भात ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३. ग्याल्पो **तीक्** लामुला ? क्लाङ्वा चीबा ।
ग्याल्पो के गर्छ ? खेल्छ, बस्छ ।

ग. **खाचीबा** (कुन)

यसले ज्ञात, निश्चित वस्तु वा धारणाको सन्दर्भबाट छनोट भन्ने बुझाउँछ ।

३४. आइला आङा **खाचीबा** ?
तिम्रो वहिनी कुन हो ?

३५. आइदा **खाचीबा** सेम् नीजी ?
तिमीलाई कुन मन पऱ्यो ?

२.२.९ अनिश्चयवाचक सर्वनाम

अनिश्चित सन्दर्भ दर्साउने सर्वनामलाई अनिश्चयवाचक सर्वनाम भन्दछन् । यस प्रकारका अनिश्चयवाचक सर्वनाम दुई प्रकारका छन्-

क. प्रश्नमूलक ख. सम्वन्धमूलक

क. प्रश्नमूलक

यस्ता सर्वनामहरू प्रश्नवाचक सर्वनाममा अवधारणार्थक/इ/ जोडेर बनेका हुन्छन् :

क.१ खालाइ (खाला+इ) = कोही

३६. चुरी **खालाइ** खाजी ?
यहाँ कोही आयो ?

३७. **खालाइ** खाला, च्यागो ।
कोही आउला, हेर ।

३८. **खालाइ** ला ताम् आङ्यानो ।
कसैको कुरा नसुन ।

३९. चु ताम् **खालाइ** से ङादा आपाङ्नी ।
यो कुरा मलाई कसैले भनेन् ।

४०. **खालाइदा** पीन् आतोबा, राङ्नोन् थानो ।
कसैलाई दिनुपर्दैन, आफैं राख्नोस् ।

अनिश्ययात्मक सर्वनाम/**खालाइ**/मानवीय सन्दर्भमा मात्र प्रयोग हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क.२ तीकाइ (तीक्+आइ) - केही

४१. चुरी **तीकाइ** आरे ।
यहाँ केही छैन ।

४२. स्यान् **तीकाइ** ताम् मुला की ?
अरू केही कुरा छ कि ?

अनिश्चयात्मक सर्वनाम/**तीकाइ**/मानवेतर सन्दर्भमा मात्र प्रयुक्त हुन्छन् ।

क.३ खाचीबाइ (खाचीबा+इ) – कुनै

४३. ग्यात् खेल्बाला **खाचीबाइ** आरे ।
काम् लाग्ने कुनै छैन ।

४४. फोक्नोन् होस्पान्, दाक्पाला **खाचीबाइ** आरे ।
सबै उस्तै, काम लाग्ने (गुणवान्) कोही छैन ।

४५. तोबा ताम् **खाचीबाइ** आरे ।
चाहिने कुरा कुनै छैन ।

/**खाचीबाइ**/सर्वनामको प्रयोग मानवीय तथा मानवेतर दुवै सन्दर्भमा प्रयुक्त हुन्छन् । **खालाइ, तीकाइ, खाचीबाइ**ले सन्दर्भअनुसार एक वा बहुवचन लिन सक्छन् । यिनका लागि बहुवचनका छुट्टै रूप छैनन् ।

ख. सम्वन्धमूलक :

यस्ता सम्वन्धमूलक सर्वनामहरूमा **दामान्** जोडिएर इनश्चय बुझाइन्छ ।

ख.१ खाल्दामान् (खाला+दामान्) – जोसुकै

४६. दाम् **खाल्दामान्** खागाइ ङा आच्याबा ।
अब जोसुकै आओस् म हेर्दिनँ ।

४७. पासाङ्से होजा ताम् **खाल्दामान्**दा पाङ्सी ब्राजीम् ।
पासाङ्ले त्यो कुरा जोसुकैलाई भनेर हिँडेछ ।

ख.२ खान्दामान् (खाना+दामान्) – जहाँसुकै

४८. चु म्ही **खान्दामान्** दोबा चीम् ।
यो मान्छे जहाँसुकै पुग्दो रहेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४९. **खान्‌दामान्** नीगाइ ।
जहाँसुकै जाओस् ।

ख.३ **तीक्‌दामान् (तीक+दामान्) – जे सुकै**

५०. **तीक्‌दामान्** तागाइ, ङा, द़ीम् आनीबा ।
जेसुकै होस् म घर जान्नँ ।

५१. **तीक्‌दामान्** चाबारी आतामुला ।
जेसुकै खानु हुँदैन ।

२.२.१० निश्चयवाचक सर्वनाम

कुनै व्यक्ति वस्तु वा धारणासम्बन्धी निश्चयका साथ निर्देश गर्ने सर्वनामलाई निश्चयवाचक सर्वनाम भन्दछन् । **मोकोन्** (सबै), **यार्‌नोन्** (सबै) **ऩीनोन्** (दुबै), **गीक्** (एक, एउटा), **स्यान्** (अर्को) आदि निश्चयवाचक सर्वनाम हुन् ।

क. **मोकोन् (मोक् + नोन्) – सबै**

५२. **मोकोन्** ग़लाला म़ी रुप्‌ताजीम् ।
सबै ठाउँमा मानिस भेला भएछ ।

५३. **मोकोन्**से चोहोला ताम् ङ्यान्‌तोमुला ।
सबैले अध्यक्षको कुरा मान्नुपर्दछ ।

ख. **ऩीनोन्** (ऩी + नोन्) – **दुवै**

५४. थेनीगादे **ऩीनोन्** द़ीम्‌री फेप्‌ची ।
उहाँहरू दुवै घरमा जानुभयो ।

५५. **ऩीनोन्** होराङ्‌बान् मुला ।
दुवै जना त्यस्तै छन् ।

५६. दाप्‌साइ, कोत्‌साइ **ऩीनोन्** च्योच्योन् मुला ।
नापे पनि, जोखे पनि दुवै जना बराबर छन् ।

ग. **गीक्**

५७. **गीक्** चुरी मुला, गीक् खानाङ् नीग्याम् ?
एउटा यहाँ छ, एउटा कता गएछ कुन्नि ?

५८. म़ेन्दो **गीक्** जे ज़ान्सी आतामुला ।
एकजना मात्र जाँगरिलो भएर हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. स्यान् (अरू)

५९. आइ चुरी चीम्, **स्यान्** खान् नीजी ?
तिमी यहाँ रहेछौ, अरू कहाँ छन् ?

६०. **स्यान्** दानो खाउ बीउ ।
अरूलाई पनि आऊ भन ।

६१. राङ्ला चासी, **स्यान्**ला ताम् लाबा ।
आफ्नो खाएर अरूको कुरो गर्ने ।

२.२.११ पारस्परिक (Recipocal)

परस्परमा वा एक आपसको स्थिति जनाउने सर्वनामलाई पारस्परिक सर्वनाम भन्दछन् । **राङ्नाङ्री** (एक आपसमा) **राङ्राङ्** (आ-आफू) आदि तामाङ पारस्परिक सर्वनाम हुन् ।

क. राङ्नाङ्री

६२. **राङ्नाङ्री** क्रीङ्बा बोङ्बा लाबारी आतामुला ।
आपसमा लडाइँ-झगडा गर्नु हुँदैन ।

६३. **राङ्नाङ्नी** डीक्सी चीतोबा मुला ।
आपसमा मिलेर बस्नुपर्छ ।

ख. राङ्राङ्

६४. थेनीगादे **राङ्राङ्नोन्** रोप्पा छात्पा लामुला ।
उनीहरू आ-आफू लडाइ झगडा गर्दछन् ।

६५. **राङ्राङ्ला** दीम्नाम् लासी चाउ ।
आ-आफ्नो घरजम गरेर खाऊँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषण (Adjective)

२.३ विशेषण (Adjective)

नाम शव्दको वर्णन गर्ने शब्दलाई विशेषण भन्दछन् । **वाला** (रातो) **म्लाङ्गाइ** (कालो) **सेबा** (जान्ने) **नोबा** (अग़लो) आदि विशेषण शब्द हुन् ।

म्लाङ्गाइ नागा	-	कालो कुखुरा
वाला म़ाङ्	-	रातो बाँदर
सेबा मी़	-	जान्ने मानिस
पाङ्बा ताम्	-	भनेको कुरो ।
राङ्राङ्ला ठीम्	-	आ-आफ्नो परम्परा

माथिका शब्दावलीहरूमा रहेका **म्लाङ्गाइ** (कालो), **वाला** (रातो), **सेबा** (जान्ने), **पाङ्बा** (भनेको) र **राङ्राङ्ला** (आ-आफ्नो) शब्दहरू विशेषण हुन्, किनकि यी शब्दहरूले क्रमश: **नागा** (कुखुरा), **म़ाङ्** (बादर) **मी़** (मानिस), **ताम्** (कुरो) र **ठीम्** (परम्परा) को वर्णन गरेका छन् ।

२.३.१ विशेष्य

विशेषणद्वारा वर्णित नाम् तथा सर्वनामलाई विशेष्य भन्दछन् । माथि २.३ मा उल्लिखित **नागा, म़ाङ्, मी़, ताम्, ठीम्** आदि नामिक पदहरू विशेष्य हुन्, किनकि यी विशेषणद्वारा वर्णित छन् ।

२.३.२ शब्दक्रम

तामाङभाषामा विशेषण शब्दको प्रयोग नाम वा सर्वनामको अगाडि हुन्छ :

विशेषण	**नाम / सर्वनाम**	
तार्	द़ीम्	(सेतो घर)
व़ाला क्वान्	(रातो सुगा)	
पीङ़ाइ	छे	(हरियो घाँस)
थान्बा	ताम्	(प्रस्तावित कुरा)
माजा द़ीम्	(त्यो घर)	
ग़ाङ्जोला	द़ीम्	(डाँडाको घर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. **केजा नोबा** मी़ला दी़म् याम्बुरी मुला ।
त्यो अग्लो मानिसको घर काठमाडौंमा छ ।

२. **सेबा गोबा** मी़ खालाइ आरे ।
जान्ने बुझ्ने मानिस कोही छैन् ।

२.३.३ विशेषणको वर्गीकरण

विशेषण यति प्रकारका छन् -

१. गुणबोधक विशेषण
२. परिणामबोधक विशेषण
३. सम्वन्धात्मक विशेषण
४. सार्वनामिक विशेषण

२.३.४ गुणबोधक विशेषण (Qualitative)

नाम शब्दको विशेपता, स्वरूप, गुण तथा दोष जनाउने विशेषणलाई गुणबोधक विशेषण भन्दछन् । यस्ता विशेषणहरू /**खाराङ्बा**/ (कस्तो/के कस्तो) र /**गात्थेबा**/ (कत्रो) प्रश्नको उत्तरमा आउँदछन् :

ज्याबा, (राम्रो), आज्याबा (नराम्रो), माबा (होचो), जेबा (अग़्लो), रेङ्बा (लामो), तुन्बा (छोटो), वाला (रातो), तार् (सेतो), खेप्पा (बुढो), ब्योन् (युवा), छामे (युवती), बोक्टो (थोत्रो), चुस्पा (यस्तो), हुस्पा (त्यस्तो), खात्पा (कस्तो), गोबा (जान्ने), सेबा (बुझ्ने), डोबा (पढेको) चुत्थेबा (यत्रो) होत्थेबा (त्यत्रो) यीत्थेबा (यत्रो) मात्थेबा (त्यत्रो) आदि ।

केही सजीव तथा निर्जीव वस्तुको वर्णन गर्ने केही गुणबोधक विशेषणहरू यी हुन् :

क. सजीवको विशेषता बुझाउने गुणबोधक विशेषण

सजीवको विशेषता बुझाउने गुणबोधक विशेषणहरू :

फ्युक्पा (धनी), प्राङ्बो (गरीब), लोङ्बा (कायर), थेबा (ठूलो), जाजा (सानो), जेबा (राम्रो), मावा (होचो), नोबा (अग़्लो), खेप्पा (बूढो), छोबा (मोटो), ज्युत्पा (दुब्लो), रेक्पा (दुब्लो), प्लावा (निद्रामा बोल्ने), म्योबा (बौलाहा), खाइबा (सिपालु), सेबा (जान्ने), ज्याबा (राम्रो), कोङ्बा (बलियो), तार्तार्बा (सेतो), तार् (गोरो, सेतो), म्लाङाइ, म्लाङ्म्लाङ्बा (कालो), पीङ्, पीङ्पीङ्बा (हरियो), तुन्बा (छोटो), रेङ्बा (लामो), वाला (रातो) आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. निर्जीवको विशेषता बुझाउने गुणबोधक विशेषण

निर्जीवको विशेषता बुझाउने गुणबोधक विशेषणहरू यी हुन् :

काम्बा (तीतो), ङाम्बा (मीठो), पाबा (टर्रो), क्युङ्बा (इमलो), केइकेइबा (गुलियो), थुबा (पिरो), चोर्बा (चर्केको), सीम्बा (चिसो), लेप्पा (तातो), प्लेक्प्लेक्पा (च्याप्टो), तार्तार्बा (सेतो), ब्लोङ्बा (उम्लेको), रेङ्बा (लामो), नोबा (अग्लो), सीम्बा (चिसो), नोङ्बा (बिग्रेको), वाप्वाप्पा (रातो), छीङाइ (काँचो), ख्युर्ख्युर्बा (गोलो, बाटुलो), म्लाङ्म्लाङ्बा (कालो), नेम्बा, नेम्नेम्बा (कमलो), तुन्बा (छोटो), मावा (होचो), छार्बा (फुलेको), वाला (रातो), मीन्बा (पाकेको), कोङ्बा (बलियो), रोङ्बा (मीठो/स्वादिलो) आदि ।

२.३.५ परिणामबोधक विशेषण (Quantative)

मात्रा वा परिमाण जनाउने विशेषणलाई परिणामबोधक विशेषण भन्दछन् । यस्ता विशेषणहरू /**गादे**/ (कति) भन्ने प्रश्नको उत्तरमा आउँदछन् :

लानान् मी (थुप्रै मानिस)
उदीदी स्या (थोरै मासु)
त्येक् आइराक् (थोरै रक्सी)
गाङ्साल् कान् (आधी भात)
हाल् नी- मे (दुई हल गोरु)
क्रु नी क्वान् (दुई हात लुगा) आदि ।

यस्तै **खाम्दे** (सक्दो), **चुदे** (जति), **होदे** (त्यति) **गादे** (कति) **मोइबागादे** (जति/जति), **मुबागादे** (भएजति), **फोक्नोन्** (सिङ्गै), **यार्नोन्** (सबै) आदि पनि परिणामबोधक विशेषण हुन् ।

२.३.६ सम्बन्धबोधक विशेषण :

नाम, सर्वनाम तथा क्रियायोगी आदि शब्दसँग सम्बन्ध जनाउने विशेषणलाई सम्बन्धात्मक विशेषण भन्दछन् । यस प्रकारको तामाङ विशेषण नाम वा सर्वनामको पछाडि सम्बन्धकारण चिन्ह /**ला**/ (को) जोडिएर बनेको हुन्छ ;जस्तै :

क. **नाम+ला+नाम**

तामाङ्ला जामे	(तामाङकी छोरी)
तील्पुङ्ला म्रीङ्कोला	(तिल्पुङ्की आईमाई)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेमाल्ला मी़	(तेमालको मानिस)
जापान्ला मी़	(जापानको मान्छे)
राला कोला	(बाखाको पाठा)
स्योङ्ला तार्ङा	(खोलाको माछा)

ख. **सर्वनाम+ला+नाम**

ङाला जामे	(मेरी छोरी)
राङ्ला नाना	(तपाईकी दिदी)
थेला ताम्	(उसको कुरो)
य़ाङ्ला ग्योत्	(हाम्रो भाषा)
राङ्राङ्ला रेम्ठीम्	(आ-आफ्नो परम्परा)
मोकोन्ला ले़ङ्मो	(सबैको विचार)
राङ्नीला रुइ	(तपाईहरूको थर)

ग. **क्रियायोगी+ला+नाम**

ओन्माला मे़मे	उहिलेको पुर्खा
केम्जाङ्ला म्राङ्	पारिको बारी
तीनीला सान्ग्युर	आजको समाचार
स्यार्व़ानाला दीम्	पूर्वतिरको घर
चुव़ानाला मी़	यतातिरको मानिस
ग़ाङ्ग्याप्सेला नाम्सा	डाँडापारिको गाउँ

यस्ता सम्वन्धात्मक विशेषण नाम वा नाम शव्दावलिका विस्तारक भएर पनि आउँदछन् ।

२.३.७ सार्वनामिक विशेषण

विशेषणको रूपमा प्रयोग हुने सर्वनामलाई सार्वनामिक विशेषण भन्दछन् :

चु मी़	यो मानिस
होजा दो़ङ्	त्यो रूख
माजा दी़म्	त्यो घर
खान्बा रा	कुन बाखा
तीक् ताम्	के कुरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाला मी़	को मान्छे
होजान् ताम्	त्यही कुरो
मोकोन् मी़	सबै मानिस
स्यान् मी़	अरू मानिस आदि ।

माथिका **चु** (यो), **होजा** (त्यो), **माजा** (त्यो), **खान्बा** (कुन), **तीक्** (के), **ख़ाला** (को) **होजान्** (त्यही), **मोकोन्** (सबै), **स्यान्** (अन्य/अरू) आदि सर्वनाम नै हुन्, तर विशेषणले झैं यिनलाई सर्वनामले नाम शब्दको वर्णन गरेको हुनाले यी सार्वनामिक विशेषण भनिएको हो ।

सङ्ख्याप्रणाली (Tamang Numeral System)

२.४ तामाङ सङ्ख्या :

सङ्ख्याको बोध गराउने शब्द वा शब्द समूहलाई सङ्ख्या भन्दछन् । तामाङ सङ्ख्यालाई निम्नलिखित शीर्षकमा वर्गीकरण गर्न सकिन्छ :

२.४.१ गणनाबोधक सङ्ख्या (Cardinal Numerals)

परम्परागत तामाङ गणना-पद्धति बीस (Vegesimal System) मा आधारित छ तर हाल दश (Decimal system) मा आधारित गणना प्रणाली प्रचलनमा रहेको छ । १ देखि १०० सम्मको हाल प्रचलित गणना यस्तो देखिन्छ :

क. १ देखि १०० सम्मको तामाङ गणना तालिका

गीक् - एक	च्युगीक् - एघार
नी़ - दुई	च्युनी़ - बाह्र
सोम् - तीन	च्युसोम् - तेह्र
ब्ली - चार	च्युब्ली - चौध
ङ़ा - पाँच	च्युङ़ा - पन्ध्र
ड्रु - छ	च्युड्रु - सोह्र
नीस् - सात	च्युनीस् - सत्र
ब्रात्/ब्रे - आठ	च्युब्रे - अठार
कु - नौ	च्युकु - उन्नाइस
च्युइ - दश	नी़च्युइ - बीस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऩीच्युगीक् - एक्काइस	सोम्च्युगीक् - एकतीस
ऩीच्युऩी - वाइस	सोम्च्युऩी - वत्तीस
ऩीच्युसोम् - तेईस	सोम्च्युसोम् - तेत्तीस
ऩीच्युव्ली - चौबीस	सोम्च्युव्ली - चौंतीस
ऩीच्युङ़ा - पच्चीस	सोम्च्युङ़ा - पैंतीस
ऩीच्युडु - छब्बीस	सोम्च्युडु - छत्तीस
ऩीच्युनीस् - सत्ताइस	सोम्च्युनीस् - सैंतीस
ऩीच्युब्रे - अठ्ठाइस	सोम्च्युब्रे - अठतीस
ऩीच्युकु - उनन्तीस	सोम्च्युकु - उनन्चालीस
सोम्च्युइ - तीस	ब्लीच्युइ - चालीस
ब्लीच्युगीक् - एक चालीस	ङ़ाच्युगीक् - एकाउन्न
ब्लीच्युऩी - बयालीस	ङ़ाच्युऩी - बाउन्न
ब्लीच्युसोम् - त्रितालीस	ङ़ाच्युसोम् - त्रिपन्न
ब्लीच्युव्ली - चवालीस	ङ़ाच्युव्ली - चौवन्न
ब्लीच्युङ़ा - पैंतालीस	ङ़ाच्युङ़ा - पचपन्न
ब्लीच्युडु - छ्यालीस	ङ़ाच्युडु - छपन्न
ब्लीच्युनीस् - सैतालीस	ङ़ाच्युनीस् - सन्ताउन्न
ब्लीच्युब्रे - अठचालीस	ङ़ाच्युब्रे - अन्ठाउन्न
ब्लीच्युकु - उनन्च्यास	ङ़ाच्युकु - उनन्साठी
ङ़ाच्युइ - पचास	डुच्युइ - साठी
डुच्युगीक् - एकसठ्ठी	नीस्च्युगीक् - एकहत्तर
डुच्युऩी - बैसठ्ठी	नीस्च्युऩी - बहत्तर
डुच्युसोम् - त्रिसठ्ठी	नीस्च्युसोम् - त्रिहत्तर
डुच्युव्ली - चौसठ्ठी	नीस्च्युव्ली - चौहत्तर
डुच्युङ़ा - पैंसठ्ठी	नीस्च्युङ़ा - पचहत्तर
डुच्युडु - छैसठ्ठी	नीस्च्युडु - छयहत्तर
डुच्युनीस् - सतसठ्ठी	नीस्च्युनीस् - सतहत्तर
डुच्युब्रे - अठ्सठ्ठी	नीस्च्युब्रे - अठहत्तर
डुच्युकु - उनन्सत्तरी	नीस्च्युकु - उनासी
नीस्च्युइ - सत्तरी	ब्रेच्युइ - असी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रेच्युगीक् - एकासी	कुच्युगीक् - एकानव्वे
ब्रेच्युनी - बयासी	कुच्युनी - बयानव्वे
ब्रेच्युसोम् - त्रियासी	कुच्युसोम् - त्रियानव्वे
ब्रेच्युब्ली - चौरासी	कुच्युब्ली - चौरानव्वे
ब्रेच्युङ्गा - पचासी	कुच्युङ्गा - पन्चानव्वे
ब्रेच्युडु - छयासी	कुच्युडु - छयानव्वे
ब्रेच्युनीस् - सतासी	कुच्युनीस् - सन्तानव्वे
ब्रेच्युब्रे - अठासी	कुच्युब्रे - अन्ठानव्वे
ब्रेच्युकु - उनन्नब्बे	कुच्युकु - उनान्सय
कुच्युइ - नब्बे	ग्यार्जा/ग्यार्जा गीक् - एक सय

माथिको तालिकाबाट प्रस्ट हुन्छ १ देखि १० सम्मको तामाङ गणना सरल छ तर ११-९९ सम्मको सङ्ख्याको बनोट केही जटिल (Complex) छ । ११-९९ सम्मको गणना प्रणाली दुई प्रकारले बनेका छन् :

१. ११-१९ सम्मको अङ्कमा अघिल्लो रुपिम दश छ र पछिल्लो रुपिममा १-९ सङ्ख्या क्रमशः दोहोरिएको छ ।
   ११-१९ सम्मको सङ्ख्या बनेजस्तै २१-२९, ३१-३९, ४१-४९, ५१-५९, ६१-६९, ७१-७९, ८१-८९, ९१-९९ सङ्ख्याहरू बनेका छन् ।

२. १०, २०, ३०, ४०, ५०, ६०, ७०, ८०, ९० सङ्ख्याहरू क्रमशः १, २, ३, ४, ५, ६, ७, ८, ९ मा १० थपेर बनेका छन् ।

दुई वा दुईभन्दा धेरै रुपिमहरू मिलेर बनेको सङ्ख्या शब्दमा केही ध्वन्यात्मक परिवर्तन भएको पाइन्छ । **च्युइ** (दश) अरू सङ्ख्या शब्दसँग संयोग हुँदा /**च्युइ**/ मा रहेको /इ/लोप हुन्छ । **च्युङ्गा** (१०, ५) **च्युनीस्** (१०,७), **नीस्च्यु** (७,१०) मा च्युइको संयोग हुँदा /इ/ लोप भएको छ । त्यस्तै /**व्रात्**/ पनि संयोग हुँदा /**ब्रे**/ भएको छ । जस्तैः च्युब्रे, ब्रेच्युइ आदि ।

ख. सयभन्दा माथिका गणना

सय (१००) को लागि तामाङभाषामा /**ग्यार्जा**/शब्दको प्रयोग हुन्छ र यसको प्रयोग यसरी हुने गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्यार्जा गीक् से गीक्	एक सय एक	'सय एक र एक'
ग्यार्जा गीक् से ऩी	एक सय दुई	'सय एक र दुई'
ग्यार्जा गीक् से सोम्	एक सय तीन	'सय एक र तीन'
ग्यार्जा गीक् से ब्ली	एक सय चार	'सय एक र चार'
ग्यार्जा गीक् से ङा	एक सय पाँच	'सय एक र पाँच'
ग्यार्जा गीक् से डु	एक सय छ	'सय एक र छ'
ग्यार्जा गीक् से नीस्	एक सय सात	'सय एक र सात'
ग्यार्जा गीक् से ब्रात्	एक सय आठ	'सय एक र आठ'
ग्यार्जा गीक् से कु	एक सय नौ	'सय एक र नौं'
ग्यार्जा गीक् से च्युइ	एक सय दश	'सय एक र दश'

यसभन्दा माथिका सङ्ख्याहरू पनि यसरी नैं बनेका छन् :

ग्यार्जा गीक् से च्युगीक्	एक सय एघार	'सय एक र एघार'
ग्यार्जा गीक् से ऩीच्यु	एक सय बीस	'सय एक र बीस'
ग्यार्जा गीक् से ऩीच्युनीस्	एक सय सत्ताइस	'सय एक र सत्ताइस'
ग्यार्जा गीक् से ऩीच्युकु	एक सय उनन्तीस	'सय एक र उनन्तीस'
ग्यार्जा गीक् से ब्रेच्युनीस्	एक सय सतासी	'सय एक र सतासी'
ग्यार्जा गीक् से कुच्युनीस्	एक सय सन्तानब्बे	'सय एक र सन्तानब्बे'
ग्यार्जा गीक् से कुच्युकु	एक सय उनन्सय	'सय एक र उनन्सय'

ग्यारजा गीक्	एक सय	'सय एक'
ग्यारजा ऩी	दुई सय	'सय दुई'
ग्यारजा सोम्	तीन सय	'सय तीन'
ग्यारजा ब्ली	चार सय	'सय चार'
ग्यारजा ङा	पाँच सय	'सय पाँच'
ग्यारजा डु	छ सय	'सय छ'
ग्यारजा नीस्	सात सय	'सय सात'
ग्यारजा ब्रात्	आठ सय	'सय आठ'
ग्यारजा कु	नौं सय	'सय नौं'
ग्यारजा च्युइ/तोङ्गीक्	'दशसय/एक हजार	'सय दश/हजार एक'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तोङ् गीक्	एक हजार	'हजार एक'
तोङ् ऩी	दुई हजार	'हजार दुई'
तोङ् सोम्	तीन हजार	'हजार तीन'
तोङ् ब्ली	चार हजार	'हजार चार'
तोङ् ङ़ा	पाँच हजार	'हजार पाँच'
तोङ् ड्रु	छ हजार	'हजार छ'
तोङ् नीस्	सात हजार	'हजार सात'
तोङ् ब्रात्	आठ हजार	'हजार आठ'
तोङ् कु	नौ हजार	'हजार नौं'
तोङ् च्युइ/च्युइ तोङ्	दश हजार	'हजार दश'/'दश हजार'
च्युइ तोङ्	दश हजार	'हजार दश'
ग्यार्तोङ्	लाख	'सय हजार'

तामाङ गणनामा प्रयुक्त हुने तामाङ पदावली र नेपाली गणनामा प्रयुक्त हुने र नेपाली पदावलीको शब्दक्रम ठीक विपरीत रहेको छ। नेपाली गणनामा गणना बोधक सङ्ख्या अगाडि आउँछ भने तामाङमा यो पछाडि आउँछ। तामाङ शब्दावलीको शाब्दिक अनुवाद उद्धरण चिन्ह ' - ' भित्र राखिएको छ।

१	गीक्	एक
१०	च्युइ	दश
१००	ग्यार्जा	सय
१०००	तोङ्	हजार
१००००	च्युइतोङ्	दश हजार
१०००००	ग्यार्तोङ्	लाख
१००००००	मीङ्	दश लाख
१०००००००	च्युइमीङ्	करोड
१००००००००	ग्यार्मीङ्	दश करोड
१०००००००००	तोङ्ग्यार्मीङ्	अरब

२.४.२ क्रमबोधक सङ्ख्या (Ordinal Numerals)

तामाङभाषामा क्रमबोधकको प्रयोग त्यति पाइदैन। /ङाच्छा/(अगाडि) /लीच्छा/ (पछाडि) / शब्दमा पाइने /छा/ लाई गणनाबोधक सङ्ख्यामा जोडेर क्रमबोधक सङ्ख्या बनाउने प्रचलन रहेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गणनाबोधक सङ्ख्या	क्रमबोधक सङ्ख्या
गीक् (एक)	गीक्छा (पहिलो)
ङ़ी (दुई)	ङ़ीछा (दोस्रो)
सोम् (तीन)	सोम्छा (तेस्रो)
ब्ली (चार)	ब्लीछा (चौथो)
ङ़ा (पांच)	ङ़ाछा (पाँचौं)
डु (छ)	डुछा (छैठौं)
नींस् (सात)	नीस्छा (सातौ)
ब्रात्/ब्रे (आठ)	ब्रात्छा/ब्रेछा (आठौं)
कु (नौ)	कुछा (नवौं)
च्युइ (दश)	च्युइछा (दशौं)
च्युगीक् (एघार)	च्युगीक्छा (एघारौं)
च्युङ़ी (बाह्र)	च्युङ़ीछा (बाह्रौं)
च्युसोम् (तेह्र)	च्युसोम्छा (तेह्रौं)
च्युब्ली (चौध)	च्युब्लीछा (चौधौं)
च्युङ़ा (पन्ध्र)	च्युङ़ाछा (पन्ध्रौं)
च्युडु (सोह्र)	च्युडुछा (सोह्रौं)
च्युनीस् (सत्र)	च्युनीस्छा (सत्रौं)
च्युब्रे (अठार)	च्युब्रेछा (अठारौं)
च्युकु (उन्नाइस)	च्युकुछा (उन्नाइसौं)
ङ़ीच्युइ (बीस)	ङ़ीच्युइछा (बीसौं)
ङ़ाच्यु (पचास)	ङ़ाच्युछा (पचासौं)
ग्यार्जा (सय)	ग्यार्जाछा (सयौं)
तोङ् (हजार)	तोङ्छा (हजारौं)

क्रमबोधक शब्दहरू विशेषणका रुपमा प्रयुक्त हुन्छन् ; जस्तै-ङ़ीछा क्लास् (दोस्रो कक्षा), सोम्छा जामे (तेस्रो छोरी), ङ़ाच्युइछा केवासाङ् दीन्छेन् (पचासौं जन्मोत्सव) आदि ।

२.४.३ परम्परागत तामाङ गणना

परम्परागत तामाङ गणना-प्रणाली बीस (Vigesimal System) मा आधारित छ। यस प्रकारको गणना गाईवस्तु, कुखुरा, बाखा आदि वस्तुहरू र उमेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को गणना गर्दा प्रयुक्त गरिन्छ । यस प्रकारको गणना यस्तो रहेको छ[४] :

बोकाल् (गीक्) से गीक्	एक्काइस	'बीसा (एक) र एक'
बोकाल् (गीक्) से ऩी	बाइस	'बीसा (एक) र दुई'
बोकाल् (गीक्) से सोम्	तेइस	'बीसा (एक) र तीन'
बोकाल् (गीक्) से ब्ली	चौबीस	'बीसा (एक) र चार'
बोकाल् (गीक्) से ङ्गा	पच्चीस	'बीसा (एक) र पाँच'
बोकाल् (गीक्) से डु	छब्बीस	'बीसा (एक) र छ'
बोकाल् (गीक्) से नीस्	सत्ताइस	'बीसा (एक) र सात'
बोकाल् (गीक्) से ब्रात्	अट्ठाइस	'बीसा (एक) र आठ'
बोकाल् (गीक्) से कु	उनन्तीस	'बीसा (एक) र नौं'
बोकाल् (गीक्) से च्युइ	तीस	'बीसा (एक) र दश'
बोकाल् (गीक्) से चुक्खीक्	एकतीस	'बीसा (एक) र एघार'
बोकाल् (गीक्) से चुन्नी	बत्तीस	'बीसा (एक) र बाह्र'
बोकाल् (गीक्) से चुक्सोम्	तेत्तीस	'बीसा (एक) र तेह्र'
बोकाल् (गीक्) से चुक्प्ली	चौंतीस	'बीसा (एक) र चौध'
बोकाल् (गीक्) से चुङ्ङा	पैंतीस	'बीसा (एक) र पन्ध'
बोकाल् (गीक्) से चुट्टु	छत्तीस	'बीसा (एक) र सोह्र'
बोकाल् (गीक्) से चुर्नीस्	सैंतीस	'बीसा (एक) र सत्र'
बोकाल् (गीक्) से चुप्रात्	अठ्तीस	'बीसा (एक) र अठार'
बोकाल् (गीक्) से चुर्कु	उनान्चालीस	'बीसा (एक) र उन्नाइस्'
बोकाल् ऩी	चालीस	'बीसा दुई'
बोंकाल् ऩी से गीक्	एकचालीस	'बीसा दुई र एक'
बोकाल् ऩी से ऩी	बयालीस	'बीसा दुई र दुई'
बोकाल् ऩी से सोम्	त्रिचालीस	'बीसा दुई र तीन'
बोकाल् ऩी से ब्ली	चवालीस	'बीसा दुई र चार'
बोकाल् ऩी से ङ्गा	पैंतालीस	'बीसा दुई र पाँच'
बोकाल् ऩी से डु	छयालीस	'बीसा दुई र छ'
बोकाल् ऩी से नीस्	सत्चालीस	'बीसा दुई र सात'

[४] यो परम्परागत गणना रामेछाप जिल्लाको पिङ्खुरी गा.वि.स. की श्रीमती ज्ञानु तामाङ (५४ वर्ष) बाट प्राप्त जानकारीमा आधारित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोकाल् ऩी से ब्रात्	अठ्चालीस	'बीसा दुई र आठ'
बोकाल् ऩी से कु	उनान्चास	'बीसा दुई र नौं'
बोकाल् ऩी से च्युइ	पचास	'बीसा दुई र दश'
बोकाल् ऩी से चुक्खीक्	एकाउन्न	'बीसा दुई र एघार'
बोकाल् ऩी से चुन्नी	बाउन्न	'बीसा दुई र बाह्र'
बोकाल् ऩी से चुक्सोम्	त्रिपन्न	'बीसा दुई र तेह्र'
बोकाल् ऩी से चुक्प्ली	चौवन्न	'बीसा दुई र चौध'
बोकाल् ऩी से चुङ्ङा	पचपन्न	'बीसा दुई र पन्ध्र'
बोकाल् ऩी से चुट्टु	छपन्न	'बीसा दुई र सोह्र'
बोकाल् ऩी से चुर्नीस्	सन्ताउन्न	'बीसा दुई र सत्र'
बोकाल् ऩी से चुप्रात्	अन्ठाउन्न	'बीसा दुई र अठार'
बोकाल् ऩी से चुर्कु	उनान्साठ्ठी	'बीसा दुई र उन्नाइस्'
बोकाल् सोम्	साठ्ठी	'बीसा तीन'
बोकाल् सोम् से गीक्	एकसठ्ठी	'बीसा तीन र एक'
बोकाल् सोम् से ऩी	बैसठ्ठी	'बीसा तीन र दुई'
बोकाल् सोम् से सोम्	त्रिसठ्ठी	'बीसा तीन र तीन'
बोकाल् सोम् से ब्ली	चौसठ्ठी	'बीसा तीन र चार'
बोकाल् सोम् से ङ़ा	पैंसठ्ठी	'बीसा तीन र पाँच'
बोकाल् सोम् से डु	छैसठ्ठी	'बीसा तीन र छ'
बोकाल् सोम् से नीस्	सतसठ्ठी	'बीसा तीन र सात'
बोकाल् सोम् से ब्रात्	अठसठ्ठी	'बीसा तीन र आठ'
बोकाल् सोम् से कु	उनान्सत्तरी	'बीसा तीन र नौ'
बोकाल् सोम् से च्युइ	सत्तरी	'बीसा तीन र दश'
बोकाल् सोम् से चुक्खीक्	एकहत्तर	'बीसा तीन र एघार'
बोकाल् सोम् से चुन्नी	बहत्तर	'बीसा तीन र बाह्र'
बोकाल् सोम् से चुक्सोम्	त्रिहत्तर	'बीसा तीन र तेह्र'
बोकाल् सोम् से चुक्प्ली	चौहत्तर	'बीसा तीन र चौध'
बोकाल् सोम् से चुङ्ङा	पचहत्तर	'बीसा तीन र पन्ध्र'
बोकाल् सोम् से चुट्टु	छयहत्तर	'बीसा तीन र सोह्र'
बोकाल् सोम् से चुर्नीस्	सतहत्तर	'बीसा तीन र सत्र'
बोकाल् सोम् से चुप्रात्	अठहत्तर	'बीसा तीन र अठार'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोकाल् सोम् से चुर्कु	उनासी	'बीसा तीन र उन्नाइस्'
बोकाल् ब्ली	असी	'बीसा चार'
बोकाल् ब्ली से गीक्	एकासी	'बीसा चार र एक'
बोकाल् ब्ली से ऩी	बयासी	'बीसा चार र दुई'
बोकाल् ब्ली से सोम्	त्रियासी	'बीसा चार र तीन'
बोकाल् ब्ली से ब्ली	चौरासी	'बीसा चार र चार'
बोकाल् ब्ली से ङ़ा	पचासी	'बीसा चार र पाँच'
बोकाल् ब्ली से ड़ु	छ्यासी	'बीसा चार र छ'
बोकाल् ब्ली से नीस्	सतासी	'बीसा चार र सात'
बोकाल् ब्ली से ब्रात्	अठासी	'बीसा चार र आठ'
बोकाल् ब्ली से कु	उनान्नब्बे	'बीसा चार र नौ'
बोकाल् ब्ली से च्युइ	नब्बे	'बीसा चार र दश'
बोकाल् ब्ली से चुक्खीक्	एकानब्बे	'बीसा चार र एघार'
बोकाल् ब्ली से चुन्नी	बयानब्बे	'बीसा चार र बाह्र'
बोकाल् ब्ली से चुक्सोम्	त्रियानब्बे	'बीसा चार र तेह्र'
बोकाल् ब्ली से चुक्प्ली	चौरानब्बे	'बीसा चार र चौध'
बोकाल् ब्ली से चुङ्ङ़ा	पन्चानब्बें	'बीसा चार र पन्ध्र'
बोकाल् ब्ली से चुड्टु	छयानब्बे	'बीसा चार र सोह्र'
बोकाल् ब्ली से चुर्नीस्	सन्तानब्बे	'बीसा चार र सत्र'
बोकाल् ब्ली से चुप्रात्	अन्ठानब्बे	'बीसा चार र अठार'
बोकाल् ब्ली से चुर्कु	उनान्सय	'बीसा चार र उन्नाइस्'
ग्यारजा/ग्यारूजा गीक्	सय/एक सय	'सय/सय एक'

२.२.४ समुच्चबोधक सङ्ख्या (Aggregative Numerals)

सबै दुई वा दुवै, सबै तीन वा तीनै आदि व्यक्त गर्न गणनाबोधक तामाङ सङ्ख्या पछाडि /नोन्/ वा /न्/ आउँछ ; जस्तै :

क. **ऩी–नोन्** (दुवै)

१. साङ्मोसे **ऩी नोन्** बोर्जीम् । (साङ्मोसे ऩीन् बोर्जीम् ।)
साङ्मोले दुईटै लगेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. पासाङ् थेन् साङ्मो नीन् खाजीम् ।
पासाङ र साङ्मो दुवै जना आएछन् ।

ख. **सोम्-नोन्** (तीनवटै)

३. नागाला फुम् **सोम् नोन्** थीजीम् ।
कुखुराको फुल तीनवटै फुटेछन् ।

४. रा **सोम् नोन्** ह्यार्जीम् ।
तीनवटै बाखा भागेछ ।

ग. **ङ़ा-नोन्** (पाँचवटै)

५. **ङ़ा-नोन्** बोरो । (ङ़ा-न् बोरो ।)
पाँचवटै लैजाऊ ।

६. थेनीगादे **ङ़ा-नोन्** नीजी ।
उनीहरू पाँचैजना गए ।

घ. **ङ़ा-दान्** (पाँचौं जनालाई)

७. पुलीससे थेनीगादे **ङ़ा-दान्** व़ाजीम् ।
प्रहरीले पाँचैजनालाई समातेछ ।

८. थीनीगादे **सोम्-दान्** बोरो ।
तिनीहरू तिनै जनालाई लैजाऊ ।

ङ. **नीस्-नोन्** (सातवटै)

९. गीलास् **नीस्-नोन्** बासी खाउ ।
ग़िलास सातवटै ल्याएर आऊँ ।

च. **नीस्दान्** (सातै जनालाई)

१०. ग्याल्पोसे **नीस्दान्** पाप्ना लाजीम् ।
ग्याल्पोले सातै जनालाई लडाएछ ।

सङ्ख्यापछाडि /**दा**/ (लाई) आएमा सुमुच्चबोधक सङ्ख्या /**न**/ दासँग प्रयोग हुन्छ, सङ्ख्यासँग हुँदैन । माथि उल्लिखित वाक्य नं. ७, ८ र १० बाट प्रस्ट हुन्छ ।

तामाङभाषामा सबैको बोध गराउन पनि /**नोन्**/ वा /**न्**/ को उपस्थिति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनिवार्य हुन्छ :

दोक्नोन् = सबै (सिङ्गैको अर्थमा)
फोक्नोन् = सबै (भएजति सबैको अर्थमा)
मोक्नोन्/मोकोन् - सबै (भएजति सबैको अर्थमा)
यार्दान् = सबै (उपस्थित भएका सबैको अर्थमा)

२.४.५ अंशबोधक सङ्ख्या (Fractional Numerals)

तामाङभाषामा प्रयोग हुने अंशबोधक सङ्ख्या यी हुन्-

क. **ग़ाङ्साल्** - आधी ($\frac{१}{२}$)

१९. ङादा ग़ाङ्साल् पीन्तोला ।
मलाई आधी दिनुपर्छ ।

१२. नीदान् ग़ाङ्साल् ग़ाङ्साल् पीनो ।
दुवैलाई आधीआधी देऊ ।

१३. गीक्से ग़ाङ्साल् - एक र आधा

१४. सोम्से ग़ाङ्साल् - तीन र आधा (३$\frac{१}{२}$)

ख. **ग़ाङ्साल्ला ग़ाङ्साल्** - आधीको आधी

१५. ग़ाङ्साल्ला ग़ाङ्साल् नोन् आरेम्
चौथाई पनि रहेनछ ।

१६. पो गीक्दा ग्यार्जा गीक् य़ीन्साम् ग़ाङ्साल्ला ग़ाङ्सालादा गादे ताजी ?

एक भागलाई एक सय भए चौथाईलाई कति पऱ्यो ?

ग. **अन्य**

१७. गीक्ला ऩी- एकको दुई भाग ($\frac{१}{२}$)
१८. गीक्ला सोम् - एकको तीन भाग ($\frac{१}{३}$)
१९. सोम्ला ऩी - तीनको दुई भाग($\frac{३}{२}$)
२०. सोम्ला ब्ली - तीनको चार भाग ($\frac{३}{४}$)
२१. ङ़ा से ऩीला सोम् - पाँच र दुईका मुनि तीन (५$\frac{३}{२}$)
२२. नीस्से सोम्ला ङ़ा - सात र तीनको मुनि पाँच(७$\frac{३}{५}$)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.४.६ गुणनबोधक सङ्ख्या (Multiplicative Nimerals)

यस प्रकारका गुणनवोधक सङ्ख्या तामाङभाषामा पाइएको छैन तर हाल गणनाबोधक सङ्ख्याको पछाडि /रेम्/ थपेर गुणनबोधक सङ्ख्या बनाउने प्रचलन देखिन्छ ।

२.४.७ लगभगबोधक सङ्ख्या (Approximative Numerals)

निश्चित सङ्ख्याको निकटता प्रकट गर्ने सङ्ख्यालाई लगभग (Approximate) सङ्ख्या भन्दछन् । तामाङभाषामा तोकिएको सङ्ख्यापछाडि /दे/ वा /**कोइआकोइ**/शब्द प्रयुक्त भएर लगभगको अर्थ व्यक्त गर्दछ :

क. /**दे**/ (लगभग जति)

२३. मे़न्दो ङा-दे मुबा ।
लगभग पाँच जना थियो । 'जना पाँच लगभग थियो' ।

२४. ग्यार्जा नी़-दे तोला ।
लगभग दुई सय चाहिन्छ । 'सय दुई लगभग चाहिन्छ' ।

२५. माम्से बोकोल् सोम्-दे कोइताला ।
हजूरआमाले लगभग साठी वर्ष पुग्नुभयो होला ।

२६. नीस्रा-दे री चु ग्यात् थुम्ला ताला ।
सात दिनजतिमा यो काम सकिन्छ होला ।

२७. ब्लुदा थान्बा साङा फाम् नी़-दे सोम्-दे मुजी वा ?
बीउलाई राखेको कोदो दुई चार पाथी जति छ कि ?

ख. /**कोइआकोइ**/ (लगभग, पुगनपुग)

२८. **कोइआकोइ** ग्यार्जा ब्ली मी़ मुबा ताला ।
लगभग चार सय मानिस थियो होला ।

२९. टुन्डीखेल्री **कोइआकोइ** तोङ् च्युइ मी़ रुप्ताताला ।
टुँडिखेलमा लगभग दश हजार मानिस जम्मा भएका थिए होलान् ।

३०. या़ङ्ला आखेसे **कोइआकोइ** बोकाल् ब्ली ताजी ।
हाम्रा बाजे लगभग असी वर्ष पुग्नुभयो ।

३१. **कोइआकोइ** फाम्सोम् आइराक् तोला ।
लगभग तीन पाथी रक्सी चाहिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

/**कोइआकोइ**/ शब्दको प्रयोग सँगसँगै गणनाबोधक सङ्ख्याको पछाडि पनि /दे/ आउन सक्छ ।

३२. **कोइआकोइ** ग्यार्जा ब्ली-दे मी मुबा ताला ।
पुगनपुग चार सय जति मान्छे थिए होलान् ।

३३. आखेसे **कोइआकोइ** बोकाल्-ब्ली-दे ताजी ।
हजूरबा पुगनपुग चार बीसा जति हुनु भयो ।

३४. **कोइआकोइ** फाम् सोम्-दे आइराक् तोला ।
लगभग तीन पाथी जति रक्सी चाहिन्छ ।

नजिक नजिकका दुई सङ्ख्याहरू सँगसँगै प्रयोग हुँदा पनि लगभगको बोध गराउछ । यसरी सँगसँगै आउने सङ्ख्या चढ्दो क्रम(Ascending order)मा हुन्छ :

३५. ग्यार्जा **ब्ली ङा** तोला ।
चार-पाँच सय चाहिन्छ । 'सय चार पाँच चाहिन्छ' ।

३६. पाराङ् वीदेस नीबा **ब्रात्** दीङ् **कु** दीङ् ताजीन्जी ।
पाराङ् विदेश गएको आठ नौं वर्ष भइसक्यो ।

३७. ला ङा डुला लाइना कोला ख्लासी नीजीम् ।
पाँच छ महीनाको नानी छोडेर गइन् ।

३८. तीनी ङादा ग्यार्जा **नी-सोम्** टाङा तोबा मुला ।
आज मलाई दुई-तीन सय रुपियाँ चाहिएको छ ।

२.४.८ नाप तौल आदिमा प्रयुंक्त शब्द

नापतौलमा प्राय: भिन्न तामाङ शब्दको प्रयोग हुन्छ । केही शब्दको जानकारी प्रस्तुत छ :

क. /क्रु/शब्दको प्रयोग :

३९. क्रु नाङ् क्वान् तोला ।
एक हात लुगा चाहिन्छ ।

४०. क्रु च्युइला फारे तोमुला ।
दश हातको फरिया चाहिन्छ ।

४१. हाङ्रे डुप्पारी क्रुनी क्वान्से आकोइ मुला ।
चोलो सिउन दुई हात लुगाले पुग्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४२. फ्ला नीला ऋु नाङ् तामुला ।
दुई वित्ताको एक हात हुन्छ ।

४३. ऋु बोकाल्दे रेङ्बा पाटाप् बाउ ।
लगभग बीस हात लामो बाँस ल्याऊ ।

/ऋु/को अर्थ हात हुन्छ र यसको प्रयोग लम्बाई नाप्नको लागि मात्र हुन्छ । मापनको अतिरिक्त अन्य कार्यमा हातको अर्थमा /ऋु/ को प्रयोग हुदैन :

/ऋुसे कान् चाउ/ हातले खाना खाँऊ
/ऋु नीसे तागो / दुई हातले थाप आदि अव्यवहारिक हुन्छ ।

ख. /नाङ्/ शब्दको प्रयोग

नाङ् शब्दको अर्थ **भरी** वा **पर्म** आदि हुन्छ तर नाप तौलमा यसको प्रयोग **'एक'** को लागि गरिन्छ :

फाम् नाङ् मोटे	-	एक पाथी भटमास ।	'पाथी एक भटमास'
ऋु नाङ् क्वान्	-	एक हात लुगा ।	'हात एक लुगा'
मान् नाङ् म्ला	-	एक माना चामल ।	'माना एक चामल'
सुङ् नाङ् कान्	-	एक गाँस भात ।	'गाँस एक भात'
पोङ् नाङ् आइराक्	-	एक पोङ् रक्सी ।	'पोङ् एक रक्सी'
बोताल् नाङ् नीङ्गु	-	एक बोतल निङ्गार.।	'बोतल एक निङ्गार'
कीलो नाङ् स्या	-	एक किलो मासु ।	'किलो एक मासु' आदि

आदि ।

माथि उल्लिखित /**नाङ्**/ को ठाउँमा /**गीक्**/ एकको प्रयोग अव्यावहारिक मानिन्छ ।

ग. /ती/को प्रयोग

समयको मापनमा अर्थात् दिन वा वर्षको गणना गर्दा एकको समअर्थमा /**ती**/ को प्रयोग हुन्छ /**गीक्**/ को हुँदैन । भनौं भौतिक वस्तुको मापनमा एकको समअर्थको लागि /**नाङ्**/ को प्रयोग हुन्छ भने समयको मापनमा /**ती**/ को प्रयोग तामाङभाषामा गरिन्छ :

४४. तीरा आइ नोन् खाउले
एक दिन तिमी नै आऊन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४५. तीरा ङायन्नो ब्योन् ताला ।
एक दिन म पनि युवक/युवा हुनेछु ।

४६. लाइना तीदीङ्ला ताजी ।
नानी एक वर्षको भयो ।

४७. ती दीङ् दोना ब्रान्सी चीज़ी ।
एक वर्षसम्म पर्खेर बसें ।

४८. तीदीङ् तीदीङ् बीनाबीनान् ब्ली दीङ् ताजीम् ।
एक वर्ष एक वर्ष भन्दा भन्दै चार वर्ष भएछ ।

समयलाई दिन, महीना र वर्षले नापिन्छ । दिन र वर्षको मापनमा एकको लागि /ती/ को प्रयोग भएको छ; तर महीनाको लागि भने /ती/ को ठाउँमा गणनाबोधक सङ्ख्या /**गीक्**/ (एक) नै प्रयोगमा छ :

४९. ला **गीक्** ताजी ।
एक महीना भयो ।

५०. ला **गीक्** कोइबा आरे ।
एक महीना पुगेको छैन ।

५१. ला **गीक्** दोना ग्याम् च्याजी ।
एक महीनासम्म बाटो कुरे ।

यस्तै मिनेट, घण्टा आदिमा पनि /**गीक्**/ नै प्रयोगमा आउँछ ।

५२. ग़ान्टा **गीक्**री दोखाउ ।
एक घण्टामा आउनू ।

५३. ग़ान्टा **गीक्**ला ग्याम् मुला ।
एक घण्टाको बाटो छ ।

घ. /**कारकार**/

/**कार्कार्**/ को अर्थ एक एक भन्ने हुन्छ :

५४. **कार्कार** लासी ज़्यागो ।
एकएक गरेर गन ।

५५. **कार्कार** लासी खाउ ।
एकएक गरेर आऊ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५६. ला **कार्कार** री खाबा लामुला ।

एकएक महीनामा आउने गर्छ । 'महीना एकएकमा आउने गर्छ' ।

५७. लाङ्गाइ **कार्कार्** ऩी ऩी रोजीम् ।

काँक्रो एकदुईवटा फलेछ ।

५८. मी़दुगु **कार्कार्** ला़सी खाबा चीम् ।

मानिस एकएक गरेर आउँदो रहेछ ।

/कार्कार्/सँग आउनुपर्ने नाम शब्द अगाडि आउँछ पछाडि होइन । माथिको ३, ४ र ५ बाट यसको पुष्टि भएको छ ।

ङ. /रा/ को प्रयोग

/रा/ शब्दको ठीक अगाडि गणनाबोधक सङ्ख्याको प्रयोग भएमा त्यसले दिन (day) को अर्थ दिन्छ :

तीरा (एक दिन), **ऩीरा** (दुई दिन), **सोम्रा** (तीन दिन) आदि आदि ।

/रा/को पछाडि गणनाबोधक सङ्ख्याको प्रयोग भएमा बाखाको अर्थ लाग्छ :

रा गीक् (एउटा बाखा), **रा ऩी** (दुंईटा बाखा), **रा सोम्** (तीनवटा बाखा) आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रिया (Verb)

२.५ क्रिया (Verb)

भूतकालिक चिन्हक (Past Tense marker) जी/ची गाँसिएर प्रयुक्त हुन सक्ने शब्दलाई तामाङ क्रिया भन्दछ । यस्ता शब्दले कुनै काम, घटना, अस्तित्व वा परिचयको जानकारी दिन्छन् :

१. पासाङ् खाजी ।
   पासाङ आयो ।
२. दोर्जे तीनी दीम् नीजी ।
   दोर्जे आज घर गयो ।
३. पेमा पाप्ची ।
   पेमा लडचो ।
४. साङा नाइजी ।
   कोदो कुट्यो ।
५. आमा दीम्री मुला ।
   आमा घरमा हुनुहुन्छ ।
६. रा चुरी मुला
   बाखा यहाँ छ ।
७. चु रेडीयो नेपाल यीन्ला ।
   यो रेडियो नेपाल हो ।
८. होजा ङाला आले (यीन्ला) ।
   त्यो मेरो भाइ हो ।

माथि **खाजी** र **नीजी** ले कामको, **पाप्ची** र **नाइजी** ले घटनाको, **मुलाले** अस्तित्व र **यीन्लाले** परिचयको जानकारी दिएको छ ।

२.५.१ क्रियाको पहिचान

तामाङशब्द वर्गमा क्रिया चिन्नु साह्रै सजिलो छ । भूतकालिक चिन्हक 'जी/ची' गाँसिएर प्रयुक्त हुन सक्ने शब्द क्रिया हो । यस्तै क्रियाको करण रुपलाई अकरण बनाउँदा अकरण बन्यो भने क्रिया हुन्छ र अकरण बनेन भने क्रिया होइन भनेर बुझ्नुपर्ने हुन्छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करण क्रिया	अकरण क्रियापद
खाला	आखाला
पाङ्ला	आपाङ्ला
नीला	आनीला
ताङ्जी	आताङ्नी
थुजी	आथुनी
व्रीजी	आव्रीनी आदि

२.५.२ क्रियामूल (धातु)

क्रियापदको मूल रुप वा आधारपदलाई क्रियामूल वा धातु (root) भन्दछन् पाङ्बा, पाङ्जी, पाङ्ला, पाङ्वान्, पाङ्सी, पाङ्सीन्, पाङो, पाङ्जीम्, पाङ्मा, पाङ्गाइ, पाङ्तानाम्, पाङ्नाम्, पाङ्गेला, पाङ्साइ, पाङ्गेम् आदि क्रिया रूपहरुमा /पाङ्/ आएको छ । तसर्थ /पाङ्/ क्रियामूल हो ।

२.५.३ क्रियापद

क्रियामूलमा काम, पक्ष, भाव आदि विभिन्न प्रत्ययहरु जोडिएका हुन्छन् । यस्ता क्रिया शब्दलाई क्रियापद भन्दछन् : **पाङ्बा, पाङ्जी, पाङ्ला, पाङ्बान्, पाङ्सीन्, पाङ्सी, पाङो, पाङ्जीम्, पाङ्मा, पाङ्गाइ, पाङ्नाम्, पाङ्तानाम्, पाङ्गेला** आदि । यी प्रत्येक क्रिया शब्दलाई क्रियापद भन्दछन् । अर्को शब्दमा भन्ने हो भने वाक्यमा प्रयुक्त क्रिया शब्दलाई नै क्रियापद भन्दछन् ।

२.५.४ क्रियाको बनोट

क्रियामूलमा काल, पक्ष, भाव तथा असमापिका प्रत्ययहरु जोडेर विभिन्न क्रियापद बनेका हुन्छन् । तामाङ क्रियापदमा पुरुष, वचन र लिङ चिन्हक (Marker) प्रत्ययहरु पाइदैन । क्रियामूलमा - **बा/पा** जोडिएर कृदन्त क्रिया (Infinitive Verb) बनेको हुन्छ ।

क. क्रियामूलमा /पा/ जोडिने अवस्था

तामाङ क्रियामूलको अन्तिम वर्ण **क ट त प** भए क्रियापद बनाउँदा /पा/ जोडिन्छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. /क्/ मा टुङ्गिने क्रियामूल र त्यसबाट बनेका क्रियापद

क्रियामूल+पा		**क्रियापद**	
खाक्+पा	>	खाक्पा,	खाक्पान्
प्याक्+पा	>	प्याक्पा,	प्याक्पान्
स्याक्+पा	>	स्याक्पा,	स्याक्पान्
छ्याक्+पा	>	छ्याक्पा,	छ्याक्पान्
प्योक्+पा	>	प्योक्पा	प्योक्पान्

२. /ट्/ मा टुङ्गिने क्रियामूल र त्यसबाट बनेका क्रियापद

क्रियामूल+पा		**क्रियापद**	
टेट्+पा	>	टेट्पा	टेट्पान्
डेट्+पा	>	डेट्पा	डेट्पान्

३. /त्/ मा टुङ्गिने क्रियामूल र त्यसबाट बनेका क्रियापद

क्रियामुल+पा		**क्रियापद**	
कात्+पा	>	कात्पा	कात्पान्
कोत्+पा	>	कोत्पा	कोत्पान्
ङेत्+पा	>	ङेत्पा	ङेत्पान्
क्रात्+पा	>	क्रात्पा	क्रात्पान्
पीत्+पा	>	पीत्पा	पीत्पान्
सात्+पा	>	सात्पा	सात्पान्
स्युत्+पा	>	स्युत्पा	स्युत्पान्
तात्+पा	>	तात्पा	तात्पान्

४. /प्/ मा टुङ्गिने क्रियामूल र त्यसबाट बनेका क्रियापद

क्रियामूल+पा		**क्रियापद**	
काप्+पा,	>	काप्पा	काप्पान्
पाप्+पा,	>	पाप्पा	पाप्पान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाप्+पा,	>	छाप्पा	छाप्पान्
थाप्+पा	>	थाप्पा	थाप्पान्
ख्याप्+पा	>	ख्याप्पा	ख्याप्पान्
रोप्+पा	>	रोप्पा	रोप्पान्
स्याप्+पा	>	स्याप्पा	स्याप्पान्
साप्+पा	>	साप्पा	साप्पान्

ख. /**बा**/ जोडिने अवस्था

तामाङ क्रियामूलको इन्तम वर्ण **क ट त प** बाहेक अन्य वर्ण भए /**बा**/ जोडिन्छ ।

क्रियामूल+बा		**क्रियापद**	
क्लाङ्+बा	>	क्लाङ्बा	क्लाङ्बान्
क्या+बा	>	क्याबा	क्याबान्
क्वान्+बा	>	क्वान्बा	क्वान्बान्
चा+बा	>	चाबा	चाबान्
छा+बा	>	छाबा	छाबान्
जी+बा	>	जीबा	जीबान्
मु+बा	>	मुबा	मुबान्
के+बा	>	केबा	केबान्
म्यो+बा	>	म्योबा	म्योबान्
क्रो+बा	>	क्रोबा	क्रोबान्
साम्+बा	>	साम्बा	साम्बान्
थान्+बा	>	थान्बा	थान्बान्
फ्राल्+बा	>	फ्राल्बा	फ्राल्बान्
पाङ्+बा	>	पाङ्बा	पाङ्बान् आदि ।

२.५.५ क्रियाको वर्गीकरण

२.५.६ बनोटको आधारमा

बनोटको आधारमा तामांङक्रिया दुई प्रकारका छन् -

क. सरल ख. यौगिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. **सरल क्रियामूल**

एउटा सार्थक एकाइ हुने क्रियामूललाई सरल क्रिया भन्दछन् । तामाङ सरल क्रियामूल प्राय: एकाक्षरी हुन्छ । यो मुक्त पनि हुन सक्छ र वद्ध पनि ।[५]

मुक्त सरल क्रिया	**बद्ध सरल क्रिया**
खा (बा) - आउनु	पाङ् (बा) - भन्नु
नी (बा) - जानु	थान् (बा) - राख्नु
साइ (बा) - केलाउनु	प्योक् (पा) - उखाल्नु
ख्यो (बा) - पस्कनु	फ्रुल् (बा) - छोडाउनु
सो (बा) - बनाउनु	वाल् (बा) - चलाउनु
रो (बा) - फल्नु	साम् (बा) - छाम्नु
चु (बा) - भुक्नु	स्योर् (बा) - फुस्कनु

ख. **यौगिक क्रियामूल**

एकभन्दा धेरै सार्थक एकाइ हुने क्रियामूललाई यौगिक क्रियामूल भन्दछन् । यस्तो क्रियामूल नाम, सर्वनाम, विशेषण वा क्रियामूल आदिबाट बनेको हुन्छ ।

(१) **क्रिया + क्रिया**		**यौगिक क्रिया**
सा + थान्	>	साथान् (बा)
पाङ् + थान्	>	पाङ्थान् (बा)
बोर् + पीन्	>	बोर्पीन् (बा)
चा + पीन्	>	चापीन् (बा)
पाङ् + खा	>	पाङ्खा (बा)
दो + खा	>	दोखा (बा)
बोर् + ह्यार्	>	बोर्ह्यार् (बा)
ब्री + पीत्	>	ब्रीपीत् (पा)
पाप् + ला	>	पाप्लाबा

(२) **नाम क्रियामूल**

---

५ अन्तमा स्वर वर्ण आउने क्रियालाई मुक्त क्रिया भनिन्छ । यस्तै व्यञ्जन वर्ण अन्तमा आउने क्रियालाई बद्ध क्रिया भनिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम + क्रियामूल		यौगिक क्रियामूल
या + कीन्	>	याकीन् (बा) - हत्याउनु
ह्यो + ला	>	ह्योला (बा) - चोर्नु
थाङ् + नो	>	थाङ्नो (बा) - सुँघ्नु

२.५.७ वाक्यात्मक आधारमा

एउटा वाक्यको क्रियाले के कति वा कस्ता शब्द लिन सक्छ यस आधारमा क्रियाको वर्गीकरण गर्न सकिन्छ । यस प्रकारका वर्गीकरणलाई वाक्यात्मक वर्गीकरण भन्दछन् । यस दृष्टिले क्रियालाई दुई वर्गमा राख्न सकिन्छ :

क. अकर्मक क्रिया ख. सकर्मक क्रिया

क. अकर्मक क्रिया

वाक्यमा कर्म नलिई आउने क्रियालाई अकर्मक क्रिया भन्दछन् :

९. आले क्राजी ।
   भाइ रोयो ।
१०. पासाङ् ङेत्जी ।
   पासाङ् हाँस्यो ।
११. क्वान् डेजी ।
   लुगा फाट्यो ।
१२. ह्यो ह्यार्जी ।
   चोर भाग्यो ।

माथि **क्राजी, ङेत्जी, डेजी, ह्यार्जी** क्रियापदले एउटा मात्र नामिक पद लिएका छन् र यस्ता नामिक पदलाई कर्ता बनाएका छन् । एउटा मात्र नामिक पदलाई वाक्यको इनवार्य अङ्ग बनाउने क्रियापद अकर्मक हुन्छ । अकर्मक क्रियाको कर्ताले कुनै पनि काल, पक्ष र भाव व्यक्त गर्दा कारकीय सर्ग /**से**/ (ले) लिन सक्दैन ।

ख. सकर्मक क्रिया

कर्ताका साथै कर्मका रुपमा एक वा एकाधिक नामिक पद लिने क्रियालाई सकर्मक क्रिया भन्दछन् । सकर्मक क्रिया पनि दुई प्रकारका हुन्छन् :

क. एककर्मक क्रिया ख. द्विकर्मक क्रिया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. **एककर्मक क्रिया**

कर्ताका साथै कर्मका रुपमा पनि एउटा नामिक पद लिने क्रियालाई एककर्मक क्रिया भन्दछन् :

१३. पासाङ्से क्रा थाजी ।
पासाङले कपाल काट्यो ।
१४. दोर्जेसे सेम्जोदा च्याजी ।
दोर्जेले प्रेयसीलाई हेऱ्यो ।
१५. पेमासे नीमादा रोप्ची ।
पेमाले नीमालाई कुट्यो ।
१६. पाल्मोसे छो खीम्जी ।
पाल्मोले डोरी बाटिन् ।

माथि **थाजी, च्याजी, रोप्ची, खीम्जी** क्रियापदले दुई-दुईवटा नामिक पद लिएका छन् । यस्ता क्रियाले एउटा नामिक पदलाई कर्ताको रुपमा र अर्कोलाई कर्मको रूपमा वाक्यमा समावेश गरेको हन्छ । तसर्थ यस्ता एउटा मात्र कर्म लिने क्रियाहरू एककर्मक क्रिया हुन् । यस्ता क्रियाको कर्ताले कारकीय सर्ग /**से**/ (ले) लिने गर्दछ ।

२. **द्विकर्मक क्रिया**

केही क्रियाले वाक्यमा कर्ताका साथै दुईवटा कर्म लिएका हुन्छन् । कर्ताको साथै कर्मको रुपमा पनि दुईवटा नामिक पद लिने क्रियालाई द्विकर्मक क्रिया भन्दछन् :

१७. सोनाम्से पासाङ्दा टाङ्गा पीन्जी ।
सोनामले पासाङलाई रुपियाँ दियो ।
१८. फुल्माइसे साहुदा छ्याइ फाजी ।
फुलमाइले साहुको रिन तिरिन् ।
१९. थेसे ङादा काडीसे रोप्ची ।
उसले मलाई लौरोले हिर्कायो ।
२०. आलेसे ज्योज्योदा चीठी ब्रीजी ।
भाइले दाज्यूलाई चिठी लेख्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि **पीन्जी, फाजी, रोप्जी, ब्रीजी** क्रियापदले तीन तीनवटा नामिक पद लिएका छन् । एउटा नामिक पदलाई कर्ताको रुपमा र अरु दुईवटालाई कर्मको रुपमा लिएका छन् । यस्ता द्विकर्मक क्रियाको कर्ताले पनि कारकीय सर्ग /से/ (-ले) लिने गर्दछ ।

द्विकर्मक क्रियाका दुईवटा कर्महरुमध्ये पहिलो कर्मलाई अप्रत्यक्ष कर्म (Indirect Object) र दोस्रो कर्मलाई प्रत्यक्ष कर्म (Direct Object) भन्दछन् । अप्रत्यक्ष कर्मले कारकीय सर्ग /दा/ (लाई) लिएको हुन्छ भने प्रत्यक्ष कर्म कारकीय सर्ग नभएको हुन्छ । अप्रत्यक्ष कर्म प्राय: सजीव नाम हुन्छ भने प्रत्यक्ष कर्म निर्जीव नाम हुन्छ ।

२.५.८ केही अकर्मक तथा सकर्मक क्रियाहरु

अकर्मक क्रिया	सकर्मक क्रिया	
	एककर्मक	द्विकर्मक
खावा (आउनु)	रोप्पा (कुट्नु)	पीन्वा (दिनु)
नीवा (जानु)	ब्रान्वा (पर्खनु)	ज़ुबा (बाँड्नु)
फ्याङ्बा (उड्नु)	ऩान्बा (ओड्नु)	पाङ्बा (भन्नु)
चीवा (बस्नु)	ख्वाबा (खन्नु)	फाबा (तिर्नु)
रेबा (उठ्नु)	का:बा (घिच्नु)	ख्योबा (पस्कनु)
ब्युङ्बा (खोक्नु)	थाबा (काट्नु)	ङ्योत्पा (सोध्नु)
ह्यार्बा (कुद्नु)	गोबा (बुझ्नु)	चुङ्बा (बेच्नु)
हुवा (सुत्नु)	चाबा (खानु)	ब्रीबा (लेख्नु)
ताइबा (खस्नु)	गाप्पा (लखेट्नु)	
सीवा (मर्नु)	खीबा (कस्नु)	
डेबा (फाट्नु)	गुवा (घेर्नु)	
ङेत्पा (हाँस्नु)	खुबा (धुनु)	
ब्लाप्पा (थाक्नु)	स्यु:बा (उड्नु)	
खीवा (कस्नु)	थाबा (काट्नु)	
ले़वा (बढ्नु)	गाप्पा (लखेट्नु)	
दी़वा (बल्नु)	ले़म्बा (चाट्नु)	
पाप्पा (लड्नु)	क्लेबा (चिर्नु)	
कोवा (सर्नु)	स्युप्पा (चुस्नु)	
खार्बा (सुक्नु)	ङ्वाबा (छर्नु)	
तावा (हुनु)	टाङ्बा (चुडिनु)	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.५.९ समापिका र असमापिका क्रिया

वाक्य टुङ्ग्याउने र नटुङ्ग्याउनेको आधारमा क्रिया दुई प्रकारका छन् :

क. समापिका क्रिया (Finite Verb)

ख. असमापिका क्रिया (Non-Finite Verb)

क. समापिका क्रिया

वाक्य समापन गर्ने (वाक्य टुङ्ग्याउने) क्रियालाई समापिका क्रिया भन्दछन् । यस्ता क्रियाले काल-पक्ष-अर्थबोधक प्रत्यक्ष लिने गर्दछ :

२१. आस्याङ् दीम्री फेप्ची ।
मामा घर जानुभयो ।

२२. मीनासे दीगु सोल्जी ।
मीनाले खाजा खायो ।

२३. पेमा व्रीबान् मुला ।
पेमा लेख्दै छ ।

२४. डोल्मो कान् द़ाइबान् मुला ।
डोल्मो खाना पकाउँदै छिन् ।

२५. य़ाङ्गादे टुडीखेल् नीगे ।
हामीहरूरु टुँडीखेल जाऔं ।

२६. डोन्बोजुगुदा सेवा दोन्गो ।
पाहुनाहरुलाई खाना दिनुहोस् ।

माथि **फेप्ची, सोल्जी, मुला, नीगे, दोन्गो** क्रियाले वाक्यलाई समापन गरेको छ अर्थात् टुङ्ग्याएको छ । तसर्थ यी क्रियाहरु समापिका क्रिया हुन् ।

ख. असमापिका क्रिया

वाक्य समापन गर्न (टुङ्ग्याउन) नसक्ने क्रियापदलाई असमापिका क्रिया भन्दछन् । यस्ता क्रियाले वाक्य समापन गर्न समापिका क्रियाको अपेक्षा राख्दछ :

२७. पासाङ् ह्यार्बान् खाजी ।
पासाङ भाग्दै आयो ।

२८. लाले कान् चासी नीजी ।
लाले भात खाएर गयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९. चु ताम् डुप्चेन्दा पाङ्बारी नीगे ।
यो कुरा डुप्चेनलाई भन्न जाऔं ।

३०. ताम् गीक् पाङ्साइला मुला ।
एउटा कुरो भन्नु छ ।

३१. आमासे थान्बा मुताला ।
आमाले राख्नुभएको होला ।

३२. चु मीसे डेत्ना लामुला ।
यो मान्छेले हँसाउने गर्छ ।

३३. दोर्जे ब्रासीन् चीमुला ।
दोर्जे हिँडिरहन्छ ।

ह्यार्बान्, चासी, पाङ्बारी, पाङ्साइला, थान्बा, डेत्ना, ब्रासीन् क्रियापदहरु असमापिका क्रियापद हुन् । यस्ता क्रियापदबाट वाक्य टुङ्ग्याउन सकिँदैन । यी क्रियाले क्रियाभन्दा भिन्न वर्ग - नाम, विशेषण वा क्रियायोगीको काम गर्दछ ।

काल (Tense)

२.५.१० काल

कालले समय-सङ्केत गर्दछ । तसर्थ काललाई 'समय सङ्केतक' पनि भन्दछन् । समयलाई भूत, वर्तमान र भविष्यत् गरी तीन कालमा विभाजन गरिने प्रचलन छ । यसरी नै व्याकरणात्मक कामलाई पनि तीन कालमा छुट्याउन खोजेको पाइन्छ तर सबै भाषामा व्याकरणात्मक काल तीन प्रकारका हुँदैनन् । रुपात्मक विशेषताहरुले विभेदित भई व्यक्त हुन सकेमा मात्र कालहरु एक-अर्काबाट विभेदक हुन सक्छन् भन्ने भाषाविद्हरुको धारणा रहेको छ । अत: तामाङभाषाको रुपात्मक व्यवस्थाका आधारमा तामाङभाषाका दुईवटा काल छन् :

क. भूत काल (Past Tense) : खाजी, नीजी, चाजी, पाङ्जी ......
ख. अभूत काल (Non-past Tense) : खाला, नीला, चाला, पाङ्ला ...

तामाङभाषामा भूत काल र अभूत काल दुवै रूपात्मक व्यवस्थाका आधारमा स्पष्टत: विभेदक छन् । भूतकालिक चिन्हक (Past Tense Marker) /जी/ वा /ची/ देखिन्छ भने अभूतकालिक चिन्हक (Non-Tense Marker)/ला/ देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. भूत काल (Past Tense) :

बितिसकेको कुरालाई दर्शाउने काललाई भूत काल भन्दछन् । भूत कालमा वक्ताले बोलेको समयमा काम घटित भइसकेको हुन्छ :

१. पासाङ् दीम् नीजी ।
पासाङ घर गयो ।
२. साङ्मोसे कान् चाजी ।
साङ्मोले भात खाइन् ।
३. दोर्जे याम्बु ग्याम् खाजी ।
दोर्जे काठमाडौंबाट आयो ।
४. नीमा तोत्सी पाप्ची ।
नीमा ठेस लागेर लड्यो ।

माथिका वाक्यहरुबाट के प्रस्ट हुन्छ भने वक्ताले बोलेको कालमा काम घटित भइसकेको छ । क्रियामूलमा गाँसिएको /**जी**/ वा /**ची**/ प्रत्ययले भूत काल दर्शाएको छ ।

ख. अभूत काल (Non-past)

बोलेको कालमा काम घटित नभएको काललाई अभूत काल भन्दछन् । यस कालमा वक्ताले बोलेको समयमा काम घटित भइसकेको हुँदैन । यस काललाई अभूत वर्तमान काल र अभूत भविष्यत् कालमा विभाजन गर्न सकिन्छ ।

२.५.११ अभूत वर्तमान काल (Non past present)

अभूत कालको वर्तमान सन्दर्भले निम्न क्षेत्रलाई समेटेको पाइन्छ :

क. सामान्य वर्तमान

५. आङा दीम् नीला / बहिनी घर जान्छे ।
६. पासाङ्से रोप्ला / पासाङ्ले हिर्काउँछ ।
७. लाइना क्लाङ्ला / बच्चा खेल्छ ।

ख. सार्वभौम वर्तमान

सार्वभौम वा विश्वव्यापी सत्य, सामान्य तथा सूक्तिमय कथनहरू सार्वभौम वर्तमानभित्र पर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. रासे छे चामुला ।
बाखाले घास खान्छ ।
९. स्यार्‌ग्याम् दीनी फे:मुला ।
पूर्वबाट घाम निस्कन्छ ।
१०. मेसे क्रोमुला ।
आगोले पोल्छ ।
११. कोल्‌जुगु खाङ्‌गारी क्लाङ्‌मुला ।
केटाकेटीहरू आँगनमा खेल्छन् ।

ग. अभ्यस्त वर्तमान

अभ्यस्त वर्तमानले मानिसको वानीबेहोरा व्यक्त गर्दछ :

१२. पासाङ् चुरी खाबाचीबा लामुला ।
पासाङ यहाँ आउने खाने गर्दछ ।
१३. स्योरी योनान् रेसी याली खुमुला ।
बिहानै उठेर हातमुख धुन्छ ।
१४. पेमा दीनाउनु चुरी खामुला ।
पेमा सधैं यहाँ आउँछ ।

२.५.१२ अभूत भविष्यत् काल (Non-past Future)

तामाङ क्रियापद वर्तमान काल र भविष्यत् कालमा विभेदक छैन । तसर्थ भविष्यत् परिवेश जनाउन पनि वर्तमान कालमा प्रयुक्त क्रियापदकै प्रयोग हुन्छ ।

१५. नीमा दान्दे दोखाला ।
निमा इहले आइपुग्छ ।
१६. पासाङ् तीनी दोखाला ।
पासाङ आज आइपुग्छ ।
१७. दार्‌जे ना़ङ्‌गार् याम्बुरी नीला ।
दोर्जे भोलि काठमाडौ जान्छ ।
१८. ब्लीदीङ्-ङ़ादीङ् लीसाङ् चु दो़ङ् री जुनार् रोला ।
चार-पाँच वर्षपछि यो रुखमा जुनार फल्नेछ ।

यहाँ प्रयुक्त भविष्यत्कालिक क्रिया र वर्तमानकालिक क्रियाको कालिक चिन्हक (Tense Marker) एउटै छ, त्यो हो /ला/ । यसबाट तामाङ वर्तमान काल र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भविष्यत्काल एउटै देखिन आउँछ। यसर्थ यस काललाई अभूत काल भनिएको हो। अभूत कालको भविष्यत् सन्दर्भले निम्नलिखित क्षेत्रलाई समेट्छ :

क. सम्भावना

१९. दोर्‌जे तीनी खाला।
दोर्‌जे आज आउँछ।

२०. तीनी-म् थेसे ताम् पाङ्ला।
आज त उसले कुरा ग्‌र्ला।

२१. च्याङ्बासे तार्ङाबाला।
च्याङ्बाले माछा ल्याउनुहुन्छ।

ख. अपूर्णता

२२. नाङ्गार् ङा साइलुङ् नीबान् मुला।
भोलि म सैलुङ जाँदै छु।

२३. राइनीकुनु काइब्लोन् पेरीस् ग्याम् फेब्नाङ्बान् मुला।
पर्सि प्रधानमन्त्री पेरिसबाट आउँदै हुनुहुन्छ।

२४. चु कोर्‌से दोर्‌जे एस्‌एल्‌सी पीन्‌बान् मुला।
यसपालि दोर्जे एस.एल.सी. दिँदैछ।

२.५.१३ काल-व्यतिक्रम

कालिक व्यवस्थामा विचलन देखा परेमा त्यस्ता विचलनलाई काल-व्यतिक्रम भन्दछन्। अभूत काल (वर्तमान/भविष्यत्) मा व्यक्त हुन सक्ने सन्दर्भका लागि भूत काल र भूत कालमा व्यक्त हुन सक्ने सन्दर्भका लागि अभूत कालका कालिकक्रियाको प्रयोग भएको पनि पाइन्छ :

२५. ङा खाजी, आइ ब्राबान् लाउ। (ङा खाला, आइ ब्राबान् लाउ।
म आएँ, तिमी हिँड्दै गर। (म आउँछु, तिमी हिँड्दै गर)

२६. दाम् आइसे ङाला या चाजी। (दाम् आइसे ङाला या चा चाला)
अब तैंले मेरो हात खाइस्। (अब तैंले पिटाइ खान्छस्)

२७. की ङा सीजी, की थे सीजी, दाम् ङा आख्लाबा।
(की ङा सीला, की थे सीला, दाम् ङा आख्लाबा।)
कि म मरें, कि ऊ मऱ्यो अब म छोड्दिनँ।
(कि म मर्छु, कि ऊ मर्छ अब म छोड्दिनँ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता वाक्यहरुमा कथनकाल र घटित कालबीच निकै भिन्नता पाइन्छ। माथि वाक्य १, २ र ३ मा उल्लिखित /**खाजी**/,/**चाजी**/ र /**सीजी**/ को कथनकाल भूत काल देखिन्छ तर यिनको घटित काल भने वर्तमान काल देखिन्छ। यस्ता प्रयोगले कार्यमा अठोट वा दृढ निश्चयलाई सङ्केत गर्दछ।

क्रियापदको द्वित्व प्रयोगले पनि वक्ताको दृढ निश्चयलाई सघाएको देखिन्छ :

२८. की सीजी की टाङ सोजी, चु कोला ऩाङ्गार् नोन् लाहुर ब्राजी ब्राजी।
(की सीला की कम्पनी सोला, चु कोला ऩाङ्गार् नोन् लाहुर ब्राला ब्राला।)
मरैँ, किं धन कमाएँ यो छोरो भोलि नै लाहुर हिँडें हिँडें।
(मर्छ, कि धन कमाउँछ, यो छोरो भोलि नै लाहुर जान्छ जान्छ।)

माथिको /**ब्राजी ब्राजी**/ क्रियापदको द्वित्वले वक्ताको दृढ निश्चयता प्रकट गरेको छ।

२.५.१४ कालिक क्रिया

तामाङभाषामा भूत काल र अभूत काल गरी दुईवटा काल मात्र छन् भन्ने जानकारी माथि भइसकेको छ। भूतकालिक चिन्हक /**जी**/ वा /**ची**/ हो। क्रियामूलको इन्तम वर्ण /**क ट त प**/ भए भूतकालिक क्रियामा /**ची**/ र अन्य वर्ण भए /**ज़ी**/ हुन्छ। केही क्रियाको कालिक रूप प्रस्तुत छ :

	क्रियामूल	**क्रिया**	**भूत काल**	**अभूत काल**
क.	खाक्-	खाक्पा (अड्किनु)	खाक्ची	खाक्ला
	छयाक्-	छयाक्पा (पिट्नु)	छयाक्ची	छयाक्ला
	च्योक्-	च्योक्पा (कुच्चिनु)	च्योक्ची	च्योक्ला
	च्याक्-	च्याक्पा (किच्याउनु)	च्याक्ची	च्याक्ला
	ज़्योक्-	ज़्योक्पा (घोच्नु)	ज़्योक्ची	ज़्योक्ला
	ठोक्-	ठोक्पा (ठोक्नु)	ठोक्ची	ठोक्ला
	थीक्-	थीक्पा (थोपाथोपा चुहुनु)	थीक्ची	थीक्ला
	प्याक्-	प्याक्पा (चोबल्नु)	प्याक्ची	प्याक्ला
	प्योक्-	प्योक्पा (उखाल्नु)	प्योक्ची	प्योक्ला
	ली़क्-	ली़क्पा (थर्किनु, हल्लिनु)	ली़क्ची	ली़क्ला
	रेक्-	रेक्पा (दुब्लाउनु)	रेक्ची	रेक्ला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख.	टेट्-	टेट्पा (धुलो पार्नु)	टेट्ची	टेट्ला
	डेट्-	डेट्पा (खोर्स्याउनु)	डेट्ची	डेट्ला
ग.	कोत्-	कोत्पा (जोख्नु)	कोत्ची	कोत्ला
	क्यात्-	क्यात्पा (सराप्नु)	क्यात्ची	क्यात्ला
	क्युत्-	क्युत्पा (भाँच्नु)	क्युत्ची	क्युत्ला
	ङेत्-	ङेत्पा (हाँस्नु)	ङेत्ची	ङेत्ला
	खीत्-	खीत्पा (सापट लिनु)	खीत्ची	खीत्ला
	ख्यात्-	ख्यात्पा (सस्वर पढ्नु)	ख्यात्ची	ख्यात्ला
	ङ्यात्-	ङ्यात्पा (चपाउनु)	ङ्यात्ची	ङ्यात्ला
	ङ्योत्-	ङ्योत्पा (सोध्नु)	ङ्योत्ची	ङ्योतुला
	च्युत्-	च्युत्पा (चोबल्नु)	च्युत्ची	च्युत्ला
	छात्-	छात्पा (जुङ्नु)	छात्ची	छात्ला
	ज्युत्-	ज्युत्पा (दुब्लाउनु)	ज्युत्ची	ज्युत्ला
	तात्-	तात्पा (निकाल्नु)	तात्ची	तात्ला
	प्लीत्-	प्लीत्पा (लछार्नु)	प्लीत्ची	प्लीत्ला
घ.	काप्-	काप्पा (बोकाउनु)	काप्ची	काप्ला
	खाप्-	खाप्पा (छेक्नु)	खाप्ची	खाप्ला
	चीप्-	चीप्पा (छिप्पिनु)	चीप्ची	चीप्ला
	चोप्-	चोप्पा (भुर्रिनु)	चोप्ची	चोप्ला
	च्युप्-	च्युप्पा (छोप्नु)	च्युप्ची	च्युप्ला
	छाप्-	छाप्पा (ताछ्नु)	छाप्ची	छाप्ला
	टुप्-	टुप्पा (झ्गलएर भेटिनु)	टुप्ची	टुप्ला
	थाप्-	थाप्पा (सिङ्ले हान्नु)	थाप्ची	थाप्ला
	थोप्-	थोप्पा (भागबण्डा पुग्नु)	थोप्ची	थोप्ला
	दाप्-	दाप्पा (नाप्नु)	दाप्ची	दाप्ला
	देप्-	देप्पा (साट्नु)	देप्ची	देप्ला
	पाप्-	पाप्पा (लड्नु)	पाप्ची	पाप्ला
ङ.	के-	केबा (उम्रिनु)	केजी	केला
	क्रो-	क्रोबा (पोल्नु)	क्रोजी	क्रोला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोइ-	कोइबा (पुग्नु)	कोइजी	कोइला
कोङ्-	कोङ्बा (बलियो हुनु)	कोङ्जी	कोङ्ला
कीन्-	कीन्बा (लिनु)	कीन्जी	कीन्ला
कोर्-	कोर्बा (घुम्नु)	कोर्जी	कोर्ला
क्या-	क्याबा (चिलाउनु)	क्याजी	क्याला
क्ले-	क्लेबा (चिर्नु)	क्लेजी	क्लेला
क्रा-	क्राबा (रुनु)	क्राजी	क्राला
क्रेम्-	क्रेम्बा (बिजाउनु)	क्रेम्जी	क्रेम्ला
खो-	खोबा (ओसार्नु)	खोजी	खोला
खार्-	खार्बा (सुक्नु)	खार्जी	खार्ला
खी-	खीबा (बाँध्नु)	खीजी	खीला
चा-	चाबा (खानु)	चाजी	चाला
पाङ्-	पाङ्बा (भन्नु)	पाङ्जी	पाङ्ला
थान्-	थान्बा (राख्नु)	थान्जी	थान्ला
फार्-	फार्बा (बाल्नु)	फार्जी	फार्ला
दो-	दोबा (पुग्नु)	दोजी	दोला
दु-	दुबा (ताप्नु)	दुजी	दुला
नी-	नीबा (जानु)	नीजी	नीला
पुइ-	पुइबा (बोक्नु)	पुइजी	पुइला

पक्ष (Aspect)

२.५.१५ पक्ष (Aspect)

कालिक परिवेशभित्र कार्यको प्रकृति तथा वितरण व्यक्त हुने अवस्थालाई पक्ष भन्दछन्। यसबाट क्रियामा विभिन्न अवस्था वा चरणहरू व्यक्त हुन्छन् :

१. पासाङ् ब्रीबान् मुबा।
   पासाङ लेख्दै थियो।

२. पासाङ् से ब्रीबा मुबा।
   पासाङले लेखेको छ।

यी वाक्यहरुले भूत कालको परिवेशभित्र /**ब्रीबा**/ क्रियाका दुई भिन्न भिन्न अवस्था वा चरणहरू व्यक्त भएका छन्। केही महत्वपूर्ण पक्ष यहाँ प्रस्तुत छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. अपूर्ण पक्ष

पूर्ण नभएको वा निरन्तरता जनाउने पक्षलाई अपूर्ण पक्ष (Progressive Aspect) भन्दछन् । यस्ता पक्ष भूत तथा अभूत दुवै कालिक परिवेशमा आउँछन् :

	भूत काल	अभूत काल
३.	पेमा खाबान् मुबा ।	पेमा खाबान् मुला
	पेमा आउँदै थियो ।	पेमा आउँदै छ ।
४.	लाइना क्लाङ्बान् मुबा ।	लाइना क्लाङ्बान् मुला ।
	नानी खेल्दै थियो ।	नानी खेल्दै छ ।
५.	साङ्मो क्रा प्यात्पान् मुबा ।	साङ्मो क्रा प्यात्पान् मुला ।
	साङ्मो कपाल बाट्दै थिई ।	साङ्मो कपाल बाट्दै छे ।
६.	बोन्बो से मुदु च्याबान् मुबा ।	बोन्बोसे मुदु च्याबान् मुला ।
	झाँक्री जोखना हेर्दै थियो ।	झाँक्री जोखना हेर्दै छ ।

माथिका **खाबान्, क्लाङ्बान्, प्यात्पान्** र **च्याबान्** क्रियाको कार्यले भूत काल तथा अभूत कालमा अपूर्णता तथा निरन्तरता व्यक्त भएका छन् । क्रियामूलमा /**बान्**/ वा /**पान्**/ जोडेर तामाङ अपूर्ण पक्ष बनेको हुन्छ । क्रियामूलको अन्तमा **क ट त प** भए /**पान्**/ र अन्य अवस्थामा /**बान्**/ को प्रयोग हुन्छ ।

ख. पूर्ण पक्ष (Perfect Aspect)

कार्यको पूर्णता वा सिद्ध भएको जनाउने पक्षलाई पूर्ण पक्ष भन्दछन् । यस्ता पक्ष दुवै कालिक परिवेशमा आउँछ :

	भूत काल	अभूत काल
७.	आइराक् थुङ्बा मुबा ।	आइराक् थुङ्बा मुला ।
	रक्सी खाएको थियो ।	रक्सी खाएको छ ।
८.	दोङ् सुबा मुबा ।	दोङ् सुबा मुला ।
	रूख रोपेको थियो ।	रुख रोपेको छ ।
९.	थेनीगादे नीबा मुबा ।	थेनीगादे नीबा मुला ।
	उनीहरु गएका थिए ।	उनीहरु गएका छन् ।
१०.	आखे से सुङ्बा मुबा	आखे से सुङ्बा मुला ।
	बाजेले भन्नुभएको थियो ।	बाजेले भन्नुभएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी भूतकालिक तथा अभूतकालिक दुवै प्रकारका वाक्यहरूमा **थुङ्बा, सुबा, नीबा, सुङ्बा** क्रियाको कार्यबाट पूर्णता व्यक्त भएको छ । क्रियामूलमा /**बा**/ वा /**पा**/ जोडेर तामाङ पूर्ण पक्ष बनेको हुन्छ ।

पूर्णता जनाउन /**बा**/ वा /**पा**/ प्रत्ययको लोप भएर क्रियाको कुन्चित रूपको मात्र पनि प्रयोग भएको पाइन्छ । यस्तो अवस्थामा पूर्ण पक्षका क्रियारुपं कालिक क्रियासँग जोडिन्छ :

	क्रियाको पूर्ण रुप	**क्रियाको कुन्चित रुप**
११.	जुनार्ला दोङ् सुबा मुला ।	जुनार्ला दोङ् सु:कमुला ।
	जुनारको बिरुवा रोपेको छ ।	जुनारको बिरुवा रोपेको छ ।
१२.	होजाकुनु नाम् खाबा मुबा ।	होजा कुनु नाम् खा'मुबा ।
	त्यो दिन पानी परेको थियो ।	त्यो दिन पानी परेथ्यो ।
१३.	मे़मेसे सुङ्बा मुबा ।	मे़मेसे सुङ्'मुबा ।
	बराज्युले भन्नुभएको थियो ।	बराज्यूले भन्नुभएथ्यो ।
१४.	ओनेकुनु रोजुगु खाबामुबा ।	ओनेकुनु रोजुगु खा'मुबा ।
	इस्तको दिन साथीहरु आएका थिए ।	इस्तको दिन साथीहरु आएथे ।

ग. अभ्यस्त पक्ष (Habitual Aspect)

कार्यको आवृत्ति वा अभ्यस्त स्वभाव जनाउने पक्षलाई अभ्यस्त पक्ष भन्दछन् । यो पक्ष पनि दुवै कालिक परिवेशमा आउँछ :

	भूत काल	**अभूत काल**
१५.	पासाङ् स्योस्योरी ख्यात्पा लामुबा ।	पासाङ् स्योस्योरी ख्यात्पा लामुला ।
	पासाङ बिहान-बिहान पढ्ने गर्दथ्यो ।	पासाङ बिहान-बिहान पढ्ने गर्दछ ।
१६.	थे से होटेल्री कान् चाबा लामुबा ।	थे से होंटेल्री कान् चाबा लामुला ।
	ऊसले होटेलमा खाना खाने गर्दथ्यो ।	ऊसले होटेलमा खाना खाने गर्दछ ।
१७.	तार्ङा सात्पारी नीबा लामुबा ।	तार्ङा सात्पारी नीबा लामुला ।
	माछा मार्न जाने गर्दथ्यो ।	माछा मार्न जाने गर्दछ ।

तामाङभाषामा अभ्यस्त पक्ष जनाउन (भूत कालमा) क्रियाको कृदन्त रूप (Infinitive) मा /**लामुबा**/ र अभूत कालमा /**लामुला**/ जोडिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. अज्ञात भूत (Unknown Past)

पहिले थाहा नै नभई पछि थाहा पाइने अवस्थालाई अज्ञात भूत भन्दछन्। यो पक्ष तामाङभाषामा भूत कालमा मात्र रहेको छ :

१८. नाम्युङ् से क्वान् थाजीम्।
मुसाले लुगा काटेछ।

१९. लाइना क्रानाक्रानान् ङुजीम्।
नानी रुँदारुँदै निदाएछ।

२०. पासाङ् से पाङ्जीम्।
पासाङले भनेछ।

२१. लाले दा गुन्डा से सात्चीम्।
लालेलाई गुण्डाले मारेछ।

तामाङभाषामा अज्ञात पक्ष जनाउन क्रियामूलमा /**जीम्**/ वा /**चीम्**/ प्रत्यय जोडिन्छ। क्रियामूलको अन्तमा **क ट त प** भए /**चीम्**/ र अन्य अवस्थामा /**जीम्**/ को प्रयोग हुन्छ।

ङ. शीघ्रतापक्ष

कुनै कार्य तुरुन्तै भइहाल्ने वा गरिने जनाउने पक्षलाई शीघ्रतापक्ष भन्न सकिन्छ। यस्ता पक्ष पनि दुवै कालिक पक्षमा आउँछन् :

२२. पाङ्बाइ छ्याम् पीन्नु पीन्जी।
भन्नेबित्तिकै दिइहाल्यो।
पाङ्बाइ छ्याम् पीन्नु पीन्ला।
भन्नेबित्तिकै दिइहाल्छ।

२३. ताम् लानालानान् क्रानु क्राजी।
कुरा गर्दागर्दै रोइहाल्यो।
ताम् लानालानान् क्रानु क्राला।
कुरा गर्दागर्दै रोइहाल्छ।

२४. पुलीस् म्राङ्बाइ छ्याम् ह्यो ह्यार्नु ह्यार्जी।
पुलिस देख्नेबित्तिकै चोर भागिहाल्यो।

२५. स्याप्माइ छ्याम् थेसे पाङ्नु पाङ्जी।
स्याप्माइ छ्याम् थेसे पांङ्नु पाङ्ला।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेट्नेबित्तिकै उसले भनिहाल्यो ।
भेट्नेबित्तिकै उसले भनिहाल्ला ।

शीघ्रतापक्ष जनाउन एउटै क्रिया दुईपल्ट दोहोरिन्छ र पहिलो क्रियामूलमा /नु/ र पछिल्लो क्रियामूलमा त्यही क्रिया दोहोरिएर आउँछ । भूत काल भए भूतकालिक प्रत्यय जी/ची र अभूत काल भए अभूतकालिक प्रत्यय /ला/ जोडिएको हुन्छ ।

तामाङभाव/अर्थ (Mood)

२.५.१६ भाव

वक्ताको मनोभाव जनाउने क्रियाको रुपलाई अर्थ वा भाव (Mood) भन्दछन् । तामाङभाषामा निम्न प्रकारका अर्थ/भाव छन् :

क. आज्ञार्थ, ख. इच्छार्थ, ग. प्रस्तावार्थ, घ. सम्भावनार्थ, ङ. सङ्केतार्थ ।

क. आज्ञार्थ

आज्ञा, अर्ती-उपदेश वा सल्लाह बुझाउने क्रियारूपलाई आज्ञार्थ भन्दछन् । वक्ता र श्रोताको प्रत्यक्ष सम्पर्क हुन सक्ने सन्दर्भमा यस्ता भावको प्रयोग हुन्छ । यस्ता भावमा कर्ता प्राय: अदृश्य रहने हुन्छ । क्रियामूलमा + उ/ओ/गो प्रत्यय थपेर यस्ता भाव बनेका हुन्छन् :

१. आङा, चुरी खाउ ।
बहिनी, यहाँ आऊ ।
२. पासाङ, ढ़ीम् नीउ ।
पासाङ, घर जाऊ ।
३. पाङ्बा ताम् ङ्यानो/ङ्यान्गो ।
भनेको कुरा मान ।
४. चु ताम् आपा दा पाङो/पाङ्गो ।
यो कुरो बुबालाई भन ।
५. खाला खाजीम् च्यागो ।
को आएछ हेर ।
६. डानो, मानो, सेम्री थानो ।
सम्झ, बुझ र मनमा राख ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथिका क्रियारूपबाट सन्दर्भअनुसार आज्ञा, अर्ती-उपदेश वा सल्लाह व्यक्त भएका छन् । यस प्रकारका भाव प्राय: उच्च आदरार्थीले आफूभन्दा निम्न आदरार्थीलाई व्यक्त गर्दछ ।

वक्ता र श्रोताको प्रत्यक्ष सम्पर्क हुन नसक्ने सन्दर्भमा पनि यस प्रकारका भाव व्यक्त हुन सक्छ । यस्तो अवस्थामा माथिका आज्ञार्थ रुपमा /**बीउ**/ वा /**बिसी पाङो**/ थपेर व्यक्त गर्न सकिन्छ ।

७. आलेदा चुरी खाउ, बीउ/बीसी पाङो ।
भाइलाई यहाँ आऊ भन/भनेर भन ।

८. सोमेदा ल्होछार्‌री दीम्‌री नीउ बीउ/बीसी पाङो ।
सोमेलाई ल्होछार्‌मा घर जाऊ भन/भनेर भन ।

९. पेमादा फाम्‌नाङ् आइराक् बासी खाउ बीउ/बीसी पाङो ।
पेमालाई एक पाथी रक्सी लिएर आऊ/ल्याऊ भनेर भन ।

निम्न आदरार्थीले उच्च आदरार्थीलाई व्यक्त गर्ने आज्ञार्थलाई अनुरोधार्थ भन्न सकिन्छ । तामाङभाषा आदरार्थी सम्पन्न भाषा हुनाले यसको प्रयोग समाजमा अत्यधिक छ । यस प्रकारका भावले अनुरोध प्रार्थना वा बिन्तीभाव व्यक्त गर्दछ । यस्ता भावको क्रियारूप आज्ञार्थकै जस्तो हुनाले यसलाई आज्ञार्थ भित्रै राखिएको हो । क्रियामूलमा /**गो**/ प्रत्यय थपेर अनुरोधभाव व्यक्त गर्न सकिन्छ :

१०. राङ्‌नी दीम् नाङ्‌री फेबनाङ्‌गो ।
हजुरहरू, घरभित्र पाल्नोस् ।

११. लामा रेम्‌बोर्‌जे, 'सोल्‌च्या छ्योइगो ।
लामा महोदय, चिया खानुहोस् ।

१२. आमादा रो लास्युगो ।
आमालाई मद्दत गर्नुहोस् ।

१३. बीम्‌ती मुला आस्याङ् रेम्‌बोर्‌जे, होराङ्‌बा लेङ्‌मो थासुङ्‌गो ।
बिन्ती छ, मामा महोदय, त्यस्तो कुरो नगर्नुहोस् ।

अनुरोधार्थ भाव वक्ता र श्रोताको प्रत्यक्ष सम्पर्क हुन नसक्ने सन्दर्भमा पनि प्रयोग हुन सक्छ । यस्तो अवस्थामा माथिका अनुरोधार्थ रुपमा /**बीसी सुङ्‌स्युगो**/ थपेर व्यक्त गर्न सकिन्छ -

१४. आमादा रोलास्युगो बीसी सुङ्‌गो ।
आमालाई मद्दत गर्नुहोस् भनेर भन्नुहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५. दीम्री फेप्को बीसी सुङ्गो ।
घरमा जानोस् भनेर भन्नुहोस् ।

ख. इच्छार्थ

इच्छा व्यक्त गर्ने भावलाई इच्छार्थ भन्दछन् । क्रियामूलमा /गाइ/ जोडेर यसप्रकारका भाव व्यक्त गर्न सकिन्छ :

१६. ग्यार्जा सोम् दीङ् छेरीङ्गाइ !
तीन सय वर्ष बाँचिरहोस् !

१७. मा़न्बा-राङ् तागाइ !
सोचे़जस्तो होस् !

१८. राङ्ला दसा ला़बा लु़ङ्बासे बोर्गाइ ।
तपाईको दशा हावाले लैजाओस् ।

१९. थेबा मी़ दोगाइ !
ठूलो मान्छे बनोस् !

२०. चुस्पा ग़्ला री दोसी खाआतोगाइ !
यस्तो ठाउँमा फेरि आउनु नपरोस् !

२१. म्लाङाइ सेम्जुगु थुम्सी नीर्गाइ !
कलुषित भावनाहरू बिलाएर जाऊन !

ग. प्रस्तावार्थ

कुनै कार्य शुरु गर्न व्यक्त क्रियारूपलाई प्रस्तावार्थ भन्न सकिन्छ । क्रियामूलमा /गे/ प्रत्यय थपेर यस प्रकारको भाव व्यक्त गर्न सकिन्छ :

२२. दुर्सा ग़ाङ्री दो़ङ् सुगे ।
च्यानडाँडामा रूख रोपौं ।

२३. जोङ्बोन् दा या़ङ्ला ताम् थान्गे ।
प्र.जि.अ. लाई हाम्रो कुरा राखौं ।

२४. या़ङ् ला ग्योत् दा थीगे ।
हाम्रो भाषाको विकास गरौं ।

२५. सीङ् मा़इबारी नीगे ।
दाउरा खोज्न जाऔं ।

यस प्रकारको भावले भूत वा भविष्यत् कालको, जानकारी गराउँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. सम्भावनार्थ

निश्चित नभइसकेको कुराको अनुमान वा सम्भावना बुझाउने भावलाई सम्भावनार्थ भन्दछन्। क्रियामूलमा /**ताला**/ प्रत्यय जोडेर यस्ता भाव व्यक्त गर्न सकिन्छ।

२६. तीनीम् ज्योज्यो याम्बुरी दोताला।
आज त दाज्यू काठमाडौं पुगे होलान्।

२७. आखे मे़मेसे चुसारी क्लाङ्ताला, छ्योङ्ताला।
पुर्खाहरू यसै ठाउँमा खेले होलान्, कुदे होलान्।

२८. सीङ् दो़त् नी़दे मुताला।
दाउरा दुई भारी जति होला।

२९. साइलुङ् ग़ाङ्री ग्लीङ् ताइताला।
सैलुङमा हिउँ पर्‍यो होला।

३०. फुल्मान्से थेला च्योन्दा पाङ्ताला।
फुलमानले उसको भाइलाई भन्यो होला।

माथिका वाक्यहरू (२६-३०) को क्रियाबाट भूतकालिक अनुमान वा सम्भावना व्यक्त भएका छन्।

बढी काल्पनिकता, अनिश्चितता वा अपरिमित सम्भावनालाई व्यक्त गर्न तामाङ क्रियामूलमा अभूतकालिक प्रत्यय /**ला**/ पछि /**ताला**/ आउँछ।

३१. दी़नी नीस् लानी नीस् थोन्ला ताला।
सातवटा घाम र सातवटा जून निस्कन्छ होला।

३२. दाम् पाल्मोसे मुबा आरेबा ताम् सोसी पाङ्ला ताला।
अब त पाल्मोले भए-नभएको कुरा बनाएर भन्छ होला।

३३. चु मी़ लीसाङ् काइब्लोन् दो़ला ताला।
यो मानिस पछि प्रधानमन्त्री बन्छ होला।

ङ. सङ्केतार्थ

एउटा कार्य सम्पन्न हुनु, अर्को कार्यमा निर्भर हुनुपर्ने स्थिति वा कार्यहरूको कार्य-कारणको सम्बन्धलाई सङ्केत गर्ने भावलाई सङ्केतार्थ भन्दछन्। यस्ता कार्यले शर्तको पनि जानकारी दिन्छ। क्रियामूलमा /**ला**/ जोडेर सङ्केतार्थ व्यक्त गर्न सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४. थेसे ताम् पाङ्साम् ङा पाङ्ला ।
उसले कुरा गर्‍यो भने म गर्छु ।

३५. पासाङ् खासाम् आइदा रो ताला ।
पासाङ आयो भने तिमीलाई साथी हुन्छ ।

३६. ब्रासाम् दोला, चासाम् छोला ।
हिड्यो भने पुग्छ, खायो भने मोटाउँछ ।

३७. ज्यानाले डोसाम्, आइ पास् ताला ।
राम्रोसँग पढ्यौ भने तिमी पास होऔला ।

यो भाव केही फरक शैलीमा पनि व्यक्त गर्न सकिन्छ :

फरक शैली/शैलीगत भिन्नता

३८. थेसे ताम् पाङ्साम् ङा नोन् पाङ्ला । थेसे ताम् पाङ्जी बीसाम् ङाइ नोन् पाङ्ला (उसले कुरा गरे म पनि गरूँला । उसले कुरा गर्‍यो भने म पनि गर्छु) ।

३९. आइ खासाम् पासाङ् नोन् खाला । आइ खाबा हीन्साम् पासाङ् नोन् खाला (तिमी आए पासाङ पनि आउँछ । तिमी आयौ भने पासाङ पनि आउँछ) ।

४०. आइसे पाङ्साम् थेसे ङ्यान्ला । आइसे पाङ्जी बीसाम् थेसे ङ्यान्ला (तिमीले भने ऊ मान्छ । तिमीले भन्यौ भने ऊ मान्छ) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रियायोगी Adverb

२.६ क्रियायोगी

क्रियापदको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भन्दछन् । क्रियायोगीले काल, स्थान आदि परिवेश र रीति, परिमाण आदि विशेषता जनाउँदछ :

१. पासाङ् **योनान्** नीजी ।
पासाङ वेलैमा गयो ।

२. राम् **तील्मा** दोखाजी ।
राम हिजो आइपुग्यो ।

३. ङासे **ज्यानाले** च्याजी ।
मैले राम्ररी हेरें ।

४. साङ्मो **ह्यार्बान्** खाजी ।
साङ्मो कुद्दै आई ।

५. लाङाइ **टोकाल् गीक्** चाजी ।
काँक्रो एक टुक्रा खायो ।

६. आइराक् **उदीदी** दोन्गो सेम् ।
रक्सी इलकति दिनोस् त ।

७. साङ्मो, चुरी खाउ ।
साङ्मो, यहाँ आऊ ।

माथि /**योनान्**/ र /**तील्मा**/ ले काल (समय) को, /**चुरी**/ ले स्थान, /**ज्यानाले**/ र /**ह्यार्बान्**/ ले रीति, /**टोकोल् गीक्**/ र /**उदीदी**/ ले परिमाण जनाएका छन् । तसर्थ यी शब्दहरू क्रियायोगी शब्द हुन् ।

२.६.१ वर्गीकरण

वाक्यमा कर्ता, कर्म पूरक र क्रियापदवाहेकका धेरैजसो शब्द/शब्दावलीहरू क्रियायोगी हुन्छन् । त्यसैले यिनका अर्थगत सन्दर्भ र कार्यहरुमा पाइने प्रशस्त विविधताको आधारमा यसको वर्गीकरण निम्न प्रकारले गर्न सकिन्छ :

२.६.२ कालिक क्रियायोगी (Temporal Adverb)

समय/कालको जानकारी दिने क्रियायोगीलाई कालिक क्रियायोगी भन्दछन् । यस्तो क्रियायोगीले वाक्यमा /**गाइमा**/ (कहिले ?) को सूचना दिने गर्छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. आले **तील्मा** खाजी ।
भाइ हिजो आयो ।

९. दोर्ज़े **ना़ङ्गार्** दीम् नीला ।
दोर्जे भोलि घर जान्छ ।

१०. डुप्चेन् **दान्दे** दोखाला ।
डुपचेन इहले आइपुग्छ ।

११. **ओनेकुनु** दोना खालाइ खाबा आरेबा ।
अस्तिसम्म कोही आएका थिएन ।

तील्मा, नाङ्गार, दान्दे, ओनेकुनु शब्दले वाक्यमा समय /**काल**/ को जानकारी दिएका छन्, तसर्थ यी शब्दहरु कालिक क्रियायोगी हुन् । तल केही अन्य कालिक क्रियायोगीहरू दिइएका छन् :

ओन्मा - उहिले
ओनेमा/ओने - अस्ति
ओनेन् - अस्ति नै
ओन्मा दाङ्मो दुयुरी - अति प्राचीन कालमा
तील्मा - हिजो
तील्मा दोना - हिंजोसम्म
तीनी - आज
तीनीन् - आजै
तीला ओनेन् - अस्ति नै
तीनीला तीनीन् - आजको आजै
दीनीरी - दिउँसो
दीनी ग़ाङ्सालरी - अपरान्ह
द़ारे - भरे
द़ारेद़ारे - भरे
स्योरी - विहान
स्योरीन् - बिहानै
द़ारे ङ्यासे - भरे बेलुकी
दाम् - अब
दार्से - आजकाल
तीनी स्योरी - आज बिहान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ना़ङ्गार् - भोलि,
ना़ङ्गार् स्योरी - भोलि बिहान
ना़ङ्गार् नोन् - भोलि नै
राइनी - पर्सि,
राइनीकुनुन् - पर्सिको दिनमा नै
दान्दे - अहिले,
दीनाउनु - दिन प्रतिदिन
दान्दे दोना - अहिलेसम्म,
दीन्लादीन् - दिनहुँ
दा़रे दोना - भरेसम्म
दो़लो दोना - अघि भर्खरसम्म
ना़ङ्गार् दोना - भोलिसम्म
स्यो दोना - बिहानसम्म,
दाइसे - अब, अबदेखि
दा हेन्से - अब, अबदेखि
दो़लोन् - अघि नै
दो़लो - अघि (केहीक्षण अगाडि)
चादे दोना - खाउन्जेल
चीदे दोना - बसुन्जेल
सोदेदोना - बाँचुन्जेल
पाङ्देदोना - भनुन्जेल
ब्रीदेदोना - लेखुन्जेल
होते तादेदोना - त्यतिन्जेल
चुदे पाङ्देदोना - यति भनुन्जेल
चुदे दुयुरी - यतिखेर
होते दुयुरी - त्यतिखेर

२.६.३ स्थानिक क्रियायोगी (Spatial Adverb)

स्थानको जानकारी दिने क्रियायोगीलाई स्थानिक क्रियायोगी भन्दछन्। यस्तो क्रियायोगीले वाक्यमा /खानाङ्/ (कहाँ/कता) को सूचना दिन्छ :

१२. पाराङ् चुरी मुला
पाराङ् यहाँ छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. रामा:मा केजाव़ाना ह्यार्जी ।
बाखा उतातिर भाग्यो ।

१४. गेसे तोर्व़ाना मुला ।
गेसे मास्तिर छ ।

चुरी, केजाव़ाना, तोर्व़ाना शब्दले वाक्यमा स्थानको जानकारी दिएका छन् । तसर्थ यी शब्दहरू स्थानिक क्रियायोगी हुन् । तल केही स्थानिक क्रियायोगीहरु दिइएको छ :

खान्दाम्न् - जहाँजहाँ, जताततै
केर्मार् - वरपर, वरिपरि
ङाच्छालीच्छा - अघिपछि, अगाडि पछाडि
तोर्मार् - तलतिर मास्तिर
ङाम्री - नजिकै,
थारेङ् - टाढो
जाजाम् - वारि
केम्जाङ् - पारि
प्रेप्रे - सँगसँगै आदि ।

क. /री/ थपेर बनेको स्थानिक क्रियायोगी

चुरी - यहाँ, माजारी - तल, तोजारी माथि, थोपोरी - टोउकोमा, स्यार्री - पूर्वमा, खानाङ्री - कहाँ, ओन्छाङ्री - सामुन्ने, यारी - हातमा

ख. /व़ाना/ थापेर बनेको स्थानीय क्रियायोगी

स्यार्व़ाना - पूर्वतिर, नुप्व़ाना - पश्चिमतिर, केर्व़ाना - उतातिर, मार्व़ाना - तलतिर, स्योङ्व़ाना - खोलातिर, ग्याप्व़ाना - पछाडितिर, ङाच्छाव़ाना - अगाडितिर, लीसाङ्व़ाना - पछाडितिर

२.६.४ परिमाणवोधक क्रियायोगी (Quantitive Adverb)

क्रियापदको परिमाण तथा मात्रा बुझाउने क्रियायोगीलाई परिमाणबोधक क्रियायोगी भन्दछन् । यस्तो क्रियायोगीले वाक्यमा **/गादे/** (कति) प्रश्नको सूचना दिन्छ :

१५. क्वान् आउदी ज्यावा चीम्
लुगा निकै राम्रो रहेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६. आइराक् तीरीक् बाउ ।
रक्सी थोरै ल्याऊ ।

१७. लानान् ज्याबा मुला ।
धेरै राम्रो छ ।

१८. मान्नाङ् उदीदी आकोइनी ।
एक माना इलकति पुगेन ।

माथिका वाक्यमा **आउदी, तीरीक्, लानान्, उदीदी** शब्दले परिमाण जनाएको छ । तसर्थ यी शब्दहरू परिमाणबोधक क्रियायोगी हुन् । तल केही अन्य परिमाणवोधक क्रियायोगी शब्दहरु दिइएका छन् :

चुते, होते, गादे ग़ाङ्साल्, दोक्नोन्, साक्लोन्, पाकाल् गीक्, टोकोल् गीक्, गोर्ती, गोर्सोम्, मोकोन्, यार्दान्, फोक्नोन् आदि ।

२.६.५. रीतिवोधक क्रियायोगी (Manner)

कार्यको ढङ्ग तथा प्रक्रियाको वोध गराउने क्रियायोगीलाई रीतिवोधक क्रियायोगी भन्दछन् । यस्ता क्रियायोगीले वाक्यमा /**खाराङ्ले**/ (कसरी) को सूचना दिन्छन् :

१९. पासाङ्से ज्यानाले डोमुला ।
पासाङले राम्ररी पढ्छ ।

२०. साङ्मोसे ङेत्सी ले़ङ्मो सुङ्मुला ।
साङ्मोले हाँसेर कुरा गर्नुहुन्छ ।

२१. दोर्जे कुल्दुम्लासी चीजी ।
दोर्जे पलेटी कसेर बस्यो ।

२२. कोदे ह्यार्बान् खाजी ।
कोदे दौडेर आयो ।

माथिका वाक्यमा **ज्यानाले, ङेत्सी, कुल्दुम्लासी, ह्यार्बान्** शब्दले कार्यको ढङ्ग तथा प्रक्रियाको जानकारी दिएका छन् । तसर्थ यी शब्दहरू रीतिबाचक क्रियायोगी हुन् ।

तल केही अन्य रीतिबाचक क्रियायोगी शब्द दिइएका छन् :

- चुराङ्लासी, होराङ्लासी, खाराङ्लासी, ज्यानालासी, गोनालासी, देनालासी, कुल्दुम्लासी, थायाङ्नालासी,
- छुनाले, गोनाले, देनाले, ङाम्नाले, ताङ्नाले
- योनान्, गोल्छेसे, राङ्नोन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामयोगी (Post Position)

२.७ नामयोगी

क्रियापदसँग नामिक पद (नाम, सर्वनाम र विशेषण) को सम्वन्ध देखाउने शब्दलाई नामयोगी भन्दछन् । **ङ़ाच्छा** (अगाडि), **लीच्छा** (पछाडि) **थोरी** (माथि), **दीरी** (तल), **व़ाना** (तिर) आदि शब्दहरू नामयोगी हुन् । यस्ता शब्दहरू प्राय: नामिक पदको पछाडि आउने गर्दछन् ।

२.७.१ वर्गीकरण

तामाङ नामयोगीहरू यस प्रकारका छन् :

२.७.२ कालिक नामयोगी

कालको जानकारी दिने नामयोगीलाई कालिक नामयोगी भन्दछन् : **छ्याम्** (वित्तिकै, साथ) **कोर्से** (पालि) आदि ।

१. ङा खाबाइ छ्याम थे ब्रामु ।
म आउने वित्तिकै ऊ हिँडचो ।

२. च्चुकोर्से नाम्साद़ीम्री मेनीङ् आछुनी ।
यसपालि गाउँघरमा दसैं रमाइलो भएन ।

२.७.३. स्थानिक नामयोगी

स्थानको जानकारी दिने नामयोगीलाई स्थानिक नामयोगी भन्दछन् :

३. द़ीम् थोरी मे़न्दोम्राङ् मुला ।
घरमाथि फूलवारी छ ।

४. द़ीम् दीरी मोजेदो़ङ् मुला ।
घरमुनि केराको बोट छ ।

५. पासाङ्ला द़ीम् स्योङ् क्याम्जाङ् मुला ।
पासाङको घर खोलापारि छ ।

६. गेसेसे मोकोन्ला ओन्छाङ्री पाङ्बा मुबा ।
गेसेले सबैको समक्ष भनेको थियो ।

२.७.४ स्थानिक तथा कालिक दुवैमा प्रयोग हुने नामयोगी

७. पासाङ् नाम्सारी केर् नीजी । (स्थानिक)
पासाङ् गाउँतिर गयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पासाङ साउन्‌री केर् खालाताला । (कालिक)
पासाङ साउनतिर आउँछ होला ।

८. आखेदा द़ीम् दोना साथांन्‌जी । (स्थानिक)
हजूरबालाई घरसम्म पुऱ्याएँ ।
आखेदा द़ारे दोना ब्रान्‌तोला । (कालिक)
हजूरबालाई भरे सम्म पर्खनुपर्ला ।

९. मेनीङ् लीसाङ् तीवार खामुला । (स्थानिक)
दसैंपछि तिहार आउँछ ।
साङ्‌मो़ला लीसाङ् राकोला मुला । (कालिक)
साङ्‌मोको पछि पाठा छ ।

१०. मीनाङ् मीक्‌ली मुबा । (स्थानिक)
आँखाभरि आसुँ थियो ।
दीन् नाङ् क्लाङ्‌सी चीजी । (कालिक).
दिनभरि खेलेर बस्यो ।

यस्तै **ऩाङ्** (चित्र), **व़ाना** (तिर), **ङाम्‌री** (नजिक), **ङाच्‌छा** (अगाडि), **लीच्‌छा** (पछाडि), **नाङ्** (भरि), **गुङ्‌री** (बीचमा) आदि नामयोगीहरू दुवै अवस्थामा प्रयोग हुन्छन् ।

२.७.५ सँगबोधक नामयोगी

सँगको बोध गराउने नामयोगीलाई सँगबोधक नामयोगी भन्दछन्, तामाङमा /थेन्/ **प्रेप्रे, थेन्‌छ्याम्** सँगबोधक नामयोगी हुन् ।

११. पासाङ् नाना**थेन्** नीजी ।
पासाङ दिदीसँग गयो ।

१२. दारज़ेसे ने़**थेन्** कान् चाजी ।
दोर्जेले दूधसँग भात खायो ।

१३. थेनीगादे **प्रेप्रे** मुबा ।
तिनीहरू सँगसँगै थिए ।

१४. आले पासाङ्**थेन्** छयाम्‌नोन् मुबा ।
आले पासाङसँगै थियो ।

२.७.६ तुलनात्मक नामयोगी

दुई वा दुईभन्दा बढीको तुलना बुझाउने नामयोगीलाई तुलनात्मक नामयोगी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दछन् । तामाङभाषामा यस्ता नामयोगी क्रियायोगीको अगाडि आउँछन् :

१५. **नानाबीमा** बुरीङ् ज्येवा मुला ।
दिदीभन्दा बहिनी राम्री छ ।

१६. पाराङ्से**बीमा** च्याङ्बासे सेमुला ।
माइलाभन्दा कान्छा जान्दछ ।

१७. चाङ्सार्**बीमायनो** मासार् उर्उर्बा चीम् ।
बेहुलीभन्दा पनि बेहुला राम्रो रहेछ ।

२.७.७ परिमाण नामयोगी

मात्रा वा परिमाणको वोध गराउने नामयोगीलाई परिमाणवोधक नामयोगी भन्दछन् :

१८. आलेसे बाम्**नाङ्** सीङ् बाजी
भाइले काँधभरि दाउरा ल्यायो ।

१९. साङ्मोसे छाङ्**नाङ्** छे बाजी ।
साङमोले डोकोभरि घाँस ल्याइन् ।

२०. लाइना मुन्**नाङ्** क्राजी ।
नानी रातभरि रोयो ।

२१. **मुबागादेमोकोन्** बोरो ।
भएजति सबै लैजाऊ ।

२.७.८ प्रत्येकार्थ नामयोगी

प्रत्येक बुझाउने नामयोगीलाई प्रत्येकार्थ नामयोगी भन्दछन् :

२२. मी **दाङ्सीला** ताम् ।
मान्छेपिच्छेको कुरो ।

२३. दीम् **दाङ्सीन्** नीम्तो पीन्जीम् ।
घरैपिच्छे निमन्त्रणा दिएछ ।

२४. ताम् **दाङ्सीन्** वोमो लामुला ।
कुरैपिच्छै रिसाउँछ ।

२.७.९ व्याप्त्यार्थ नामयोगी

फैलेको वा व्याप्तिको वोध गराउने नामयोगीलाई व्याप्त्यार्थ नामयोगी भन्दछन् :

२५. काङ्**हेन्से** थोपो**दोना** च्यामु ।
खुट्टादेखि टाउँकोसम्म हेऱ्यौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संयोजक (Conjunction)

२.८ संयोजक

वाक्यमा शब्द पदावली र उपवाक्यहरूलाई जोड्ने शब्दलाई संयोजक भन्दछन्। **थेन्, वा, की, एनो, तीक्-तीक्** शब्दहरू तामाङ संयोजक हुन् :

१. गेसे **थेन्** ग्याल्पो याम्बुरी नीजी ।
गेसे र ग्याल्पो काठमाडौं गए ।

२. थेसे **वा** आइसे पाङ्मुबा ।
उसले वा तिमीले भनेका थियौ ।

३. चु टाङा आपाला **की** आमाला ?
यी रुपियाँ बुबाका कि आमाका ?

४. **की** आइ नीउ **की** ङा नीला ।
कि तिमी जाऊ कि म जान्छु ।

५. ङा गीक्से **तीक्** लासाइ **तीक्** आलासाइ !
म एउटाले के गरूँ के नगरूँ ।

माथिका वाक्यहरूमा **गेसे** र **ग्याल्पो** लाई /**थेन्**/ ले **आइसे** र **थेसे** लाई /**वा**/ ले **आपाला** र **आमाला** लाई /**की**/ ले **आइ नीउ** र **ङा नीला** लाई /**की** ...**की**/ तथा **लासाइ** र **अलासाइ** लाई /**तीक्** ...**तीक्**/ ले जोडेको छ । तसर्थ **थेन्, वा, की, की...की, तीक्...तीक्** शब्दहरू संयोजक हुन् ।

२.८.१ वर्गीकरण

समान स्तरमा र असमान स्तरमा शब्द, पदावली वा उपवाक्यहरू जोड्नेको आधारमा संयोजक दुई प्रकारका छन् -

१. समपदिक संयोजक २. विषमपदिक संयोजक

२.८.२ समपदिक संयोजक

समान स्तरमा रहेका दुई वा दुईभन्दा वढी पद, पदावली वा उपवाक्यहरूलाई जोड्ने संयोजकलाई समपदिक संयोजक भन्दछन् । **थेन्, वा, की, की...की, तीक्...तीक्** आदि यस प्रकारका संयोजक हुन् । ती यस प्रकारका छन् :

क. समसंयोजक

यस्ता संयोजकले समान स्तरका दुई शब्द, शब्दावली वा उपवाक्यहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोडदछन् । तामाङभाषामा यस्तो संयोजक एउटा मात्र छ - /**थेन्**/

६. आपा **थेन्** आस्याङ् फेप्ची ।
बुबा र मा:मा आउनुभयो ।

७. लोप्पोन्से आले **थेन्** आङादा बोद् ग्योत् लोप्ची ।
शिक्षकले भाइ र बहिनीलाई तिब्बतीभाषा सिकाउनुभयो ।

८. चीन् **थेन्** भारतला गुङ्री नेपाल मुला ।
चीन र भारतको बीचमा नेपाल छ ।

९. फाम्नाङ् आइराक् **थेन्** बोकाल् डु गेङ् तोमुला ।
एक पाथी रक्सी र ६ बीसा रोटी चाहिन्छ ।

१०. आपासे कापी नी **थेन्** कालाम् सोम् बाजीम् ।
बुबाले दुईवटा कापी र तीनवटा कलम ल्याउनुभएछ ।

११. आमादा ड़ाकाला गा **थेन्** नाइनासुत्ला के बातोला ।
मैले ढाकाको बर्को र नैनसूतको पटुका ल्याउनुपर्ला ।

माथि /**थेन्**/ ले पद (६,७, ८) र पदावली (९, १०, ११) लाई जोडेको छ । तर वाक्यहरूलाई /**थेन्**/ ले जोड्दैन र वाक्य जोड्ने समसंयोजक पनि तामाङभाषामा पाइँदैन ।

ख. विकल्प जनाउने संयोजक

यस्ता संयोजकले दुई वा दुईभन्दा बढी वस्तुहरूमध्ये कुनै एउटाको छनौट गर्छन् वा दुवैलाई त्यागछन् । **वा, की, आहीन्छाम, साइ-साइ, ना...ना, की...की, तीक्......तीक्** आदि संयोजक विकल्प जनाउने संयोजक हुन् ।

/**की**/

१२. रामे छाबारी नीबा **की** सीङ् माइबारी नीबा ?
वस्तु चराउन जाने कि दाउरा खोज्न जाने ?

१३. पासाङ् से ङादा पाङ्बा **की** आइदा ?
पासाङ्ले मलाई भनेको कि तिमीलाई ?

१४ चुरी चीबा **की** दीम्री नीबा ?
यहाँ बस्ने कि घर जाने ?

/**वा**/

१५. होजा साङ्मोला **वा** पाराङ्ला, ङादा था आरे ।
त्यो साङमोको हो वा पाराङ्को, मलाई थाहा छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६. आइ याम्बुरी नीला **वा** आनीला ?
तिमी काठमाडौं जान्छौ कि जाँदैनौं ?

/आहीन्साम्/

१७. आइ दीम्री नीउ **आहीन्साम्** ङा नीला ।
तिमी घर जाऊँ नत्र म जान्छु ।

१८. कुडीसी आछातना चीउ **आहीन्साम्** आइला नावीङ्टा वार्लेप्ना लाला ।
चुप लागेर वस्ने भए बस, नत्र तिम्रो कानको जरा तताइदिउँला ।

१९. आइ खाउ, **आहीन्साम्** ङा खाला ।
तिमी आऊ, नत्र म आउँछु ।

/साइ-साइ/

२०. **चीसाइ** चीगाइ, **नीसाइ** नीगाइ ।
बसे बसोस्, नबसे नबसोस् ।

२१. **पाङ्साइ** पाङो, **आपाङ्साइ** आपाङो ।
भने भन, नभने नभन ।

२२. **थान्साइ** थानो, **बोर्साइ** बोरो ।
राखे राख, लाने भए लैजाऊ ।

२३. **लासाइ** लाउ **आलासाइ** आलाउ ।
गरे गर, नगरे नगर ।

/की-की/

२४. **की** थे सीजी **की** ङा सीजी ।
कि ऊ मऱ्यो, कि म मरेँ ।

२५. **की** आइ नीउ **की** दोर्जेदा पीतो ।
कि तिमी जाऊ, कि दोर्जेलाई पठाऊ ।

२६. चु ताम् **की** पाराङ्से पाङ्जी **की** पासाङ्से पाङ्जी ।
यो कुरो कि पाराङले भन्यो, कि पासाङले भन्यो ।

/तीक्-तीक्/

२७. ङा गीक्से **तीक्** लासाइ **तीक्** आलासाइ ।
म एउटाले के गर्नु, के नगर्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८. ङादा थामुला, **तीक्** पाङ्तोला **तीक्** पाङ्आतोला ।
मलाई थाहा छ - के भन्नुपर्छ, के भन्नुपर्दैन ।
२९. ङाम् **तीक्** च्यासाइ **तीक्** आच्यासाइ ताजी ।
म त के हेरूँ, के नहेरूँ भए ।

/**का**/

३०. आइसे लोप्सा **का** थेसे सेसाइ ।
तिमीले सिकाएको भए पो उसले जानोस् ।
३१. कान् चासा **का** बाङ् खासाइ ।
भात खाए पो ताकत आउनु ।
३२. नाम् खासा **का** कान् रोसाइ ।
पानी परे पो अन्न फल्नु ।
३३. पाङ्बा ताम् ङ्यान्सा **का** माया लासाइ ।
भनेको कुरो माने पो माया गर्नु ।

ग. कारण जनाउने संयोजक

यस्ता संयोजकले कारणसहित वाक्यहरूलाई जोड्दछ । **तीक्दाबीसाम्, होत्छेलामा, होत्छेका, होत्सेम्, आहीन्साम्, होराङ् ताबासेलामा** आदि संयोजकहरू कारण जनाउने संयोजक हुन् :

/**तीक्दाबीसाम्**/

३४. पासाङ् तील्मा आखानी, तीक्दाबीसाम् थेला ग्यात् मुबा ।
पासाङ् हिजो आएन। किनकि उसको काम थियो ।
३५. पासाङ् फेल् ताजी, तीक्दावीसाम् थे हौंम्वोक् आलामुबा ।
पासाङ् फेल भयो, किनभने ऊ होमवर्क गर्दैनथ्यो ।

/**होत्छेलामा**/**बासेलामा**/

३६. डोन्वोदुगु ज्योन्खाजीम् **होत्छेलामा** ङा गाइजी ।
पाहुनाहरू आउनुभएछ फलस्वरूप म ढिलो भएँ ।
३७. सीका च्युइ आरे**बासेलामा** ङा खानाइं नीआखाम्नी ।
दश रुपियाँ नहुँदा म कतै जान सकिनँ ।
३८. होते आइराक् थुङ्**बासेलामा** थेला ज्यान् नीजी ।
त्यति रक्सी खानालें उसको ज्यान गयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३९. आइसे होते पाङ्**बासेलामा**, थेला ताम् डीक्ची ।
तिमीले त्यति भनेकोले उसको काम बन्यो ।

२.८.३ विषमपदिक संयोजक :

असमान स्थिति वा सापेक्ष रुपमा रहेका दुई वा दुईभन्दा बढी उपवाक्यहरुलाई जोड्ने संयोजकलाई विषमपदिक संयोजक भन्दछन् :

पाङ्सी, बीसी, की, तीलेबीसाम, खाला-बीसाम्, खाचीबा-बीसाम, गत्थेबा-बीसाम् आदि ।

क. बीसी

४०. साङ्मोदा पीन्तोजी वीसी चु ताङ् वामुवा ।
साङ्मोलाई दिनुपऱ्यो भनेर यो भाँडा ल्याएको थिएँ ।

४१. मे़दा रोप्ची बीसी आमासे बोङ्जी ।
गोरुलाई पिटचो भनेर आमाले गाली गरिन् ।

ख. तीलेबीसाम

४२. आपासे बोङ्जी तीलेबीसाम् थेसे आङादा रोप्पा मुवा ।
बुबाले गाली गर्नुभयो, किनभने उसले बहिनीलाई कुटेको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विस्मयादिबोधक (Interjection)

२.९ विस्मयादिबोधक

वक्ताको मानसिक भाव व्यक्त गर्ने शब्दलाई विस्मयादिबोधक भन्दछन् । यस्ता शब्दहरूले हर्ष, शोक, विस्मय, आश्चर्य आदि मनोभाव व्यक्त गर्दछन् । यस्ता शब्दहरू प्राय: वाक्यको अगाडि आउँदछन् :

१. हर्ष / प्रशंसा

१. **आहा**, गादे ज्याबा नाम्सा !
आह, कति राम्रो गाउँ !
२. **वाह**, आइ-सेम् गादे ज्याबा सोजीम् !
वाह, तिमीले त कति राम्रो बनाएछौ !
३. **स्याबास्**, चु राङ्बा ग्यात् लातोबा मुला !
स्याबास, यस्तो काम गर्नुपर्छ !

२. आश्चर्य

४. **ओहो**, आइसे गजब लाजी !
ओहो, तिमीले त गजब गरेछौ !
५. **आमाइ**, ज्योज्यो का चीम् !
आम्मै, दाज्यू पो रहेछन् !
६. **ला**, आइसे होराङ् का लाजी !
ल, तिमीले त त्यसो पो गर्‍यौ ।

३. तिरस्कार / उपेक्षा

७. **छ्या**, खाराङ्बा थाङ्खाजी !
छि: कस्तो गनाएको !
८. **थुक्का**, पेत्पा आरेबा नागी !
थुक्क, लाज नभएको नकचरो !
९. **दुत्**, होराङ्बा ताम्य्नो लासाइ !
धत्, त्यस्तो कुरो पनि गर्नु !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. दुखाई

१०. आया, फो सुखाजी !
ऐय्या, पेट दुख्यो ।

११. आथा, खाराङ्बा क्रोबा चीम् !
आत्था, कस्तो पोल्दो रहेछ !

१२. आछ्यु, खाराङ्बा सीम्बा !
आच्छु, कस्तो चिसो !

५. सम्बोधन

१३. ओ, आमा / आमा ओ !
ओ, आमा !

१४. ओ होइ, खाना नीबा !
औ/हौ, कता हिडेको !

१५. च्योइ च्योइ !
च्यै च्यै !

६. अभिवादन

१६. फ्याफुल्ला !
नमस्ते/नमस्कार !

१७. छ्याक्छ्यालो !
नमस्कार !

७. आशीर्वाद

१८. छेः रेङ्गाइ !
चिरिञ्जीवी होस् ।

१९. मान्बाराङ्बा तागाइ !
चिताएको जस्तै होस् !

८. स्वीकार

२०. ताबा, ङा खाला !
हुन्छ, म आउँछु !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१. **ला**, ङाइ पाङ्ला !
ल, म भन्छु !

२२. **कासाले** ! **कासाले** !!
हजूर ! हजूर !!

२३. **लासो**, ङा नीला !
हजूर ! म जान्छु !

२४. **यी़न्ला**, आखेसे ज्यावा ले़ङ्मो सुङ्जी !
हो, बाजेले राम्रो कुरो गर्नुभयो ।

९. निषेध

२५. आ, ङा आनीबा !
अहँ, म ज़ान्नँ !

२६. ङा पाङ्बारी आखाम्बा !
नाइँ, म भन्न सक्दिनँ ।

१०. आज्ञानता

२७. **आसे**, पाराङ् खाना नीगेम् !
कुन्नि, पाराङ कहाँ गयो !

२८. **आसे**, आमासे तीक् सुङ्गेम् !
कुन्नि, आमाले के भन्नुभयो !

११. अविश्वास

२९. **इस्**, आइला ताम् !
ई, तिम्रो कुरो !

३०. **उस्**, तीक् ताम् थाइतोजी !
उफ्, के कुरो सुन्नुपरेको होला !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय तीन

वाक्यव्यवस्था (Syntax)

३. वाक्यसंरचना (Sentence Structure)

वाक्य के हो ? यसबारे जानकारी लिन अगाडि वाक्यमा निहित यी परिभाषित शब्दहरूको जानकारी लिनु आवश्यक छ ।

व्याकरण एवं अर्थको दृष्टिले भाषाको सबभन्दा सानो अथवा तल्लो एकाइ रूप (Morpheme) हो भने सबभन्दा ठूलो वा माथिल्लो एकाई वाक्य हो । रुप र वाक्यका बीचमा शब्द, शब्दावली तथा वाक्यांश (उपवाक्य) जस्ता एकाइहरू हुन्छन् ।

क. रुपदेखि वाक्यसम्मको श्रृङ्खला

रूपदेखि वाक्यसम्मको श्रृङ्खलालाई यसरी देखाउन सकिन्छ ।

रुप (Morphome)

⇓

शब्द (Word)

⇓

शब्दावली (Phrase)

⇓

उपवाक्य (Clause)

⇓

वाक्य (Sentence)

माथिको श्रृंखलाबाट के प्रस्ट हुन्छ भने रूपहरू मिलेर शब्द बन्दछ । शंब्दहरू मिलेर शब्दावली (पदावली) बन्दछ, शब्दावलीहरू मिलेर उपवाक्य (वाक्यांश) बन्दछ र उपवाक्यहरू मिलेर वाक्य बन्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. वाक्यदेखि रुपसम्मको श्रृंखला

वाक्यदेखि रुपसम्मको श्रृखलालाई यसरी देखाउन सकिन्छ :

वाक्य
⇓
उपवाक्य
⇓
शब्दावली
⇓
शब्द
⇓
रूप

माथिको श्रृंखलाबाट के प्रस्ट हुन्छ भने वाक्यलाई टुक्रचाउँदा उपवाक्यहरू र उपवाक्यहरुलाई टुक्रचाउँदा शब्दावलीहरू र शब्दावलीहरू टुक्रचाउँदा शब्दहरू र शब्दहरूलाई टुक्रचाउँदा रुपहरू पाइन्छन् ।

३. १ रुप (Morphome)

भाषाको लघुतम अर्थयुक्त वा अर्थपूर्ण एकाइलाई रुप भन्दछन्[६] अर्थात् रुप वाक्यमा प्रयोग हुने सबभन्दा सानो अर्थपूर्ण एकाई हो । एक रुपमा एक वा एकभन्दा वढी वर्णहरू हुन्छन् :

पेमाला ब्राङ्री मुइ मे़ मुला ।
(पेमाको गोठमा गाईबस्तु छन्)
यस वाक्यमा ८ वटा रुपहरू छन् ।

१. पेमा २. ला ३. ब्राङ् ४. री ५. मुइ ६. मे़ ७. मु ८. ला

माथिको परिभाषाअनुसार यी सवै अर्थयुक्त लघुतम एकाइ हुन् अर्थात् प्रत्येकले अर्थ बोकेको छ । रूपको संरचना हुँदैन । यो स्वत: निर्मित हुन्छ । तसर्थ रुपलाई अझै वढी विभाजन गर्न सकिँदैन ।

पेमालाई पनि /पे/र/मा/ तथा /ब्राङ्/लाई पनि /ब्रा/ तथा /ङ्/ मा

---

६ "Morphemes are the smallest individually meaningful elements in the utterances of a language"- Hockett (1970 : 123)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टुक्र्याउन सकिन्छ तर **पे मा ब्रा** तथा ङ् को कुनै अर्थ निस्कदैन । (विशेषत: यस वाक्यको प्रसङ्गमा)[७]

यसै गरी **सुङ्फी** शब्दमा **सुङ+फी, आय़ीन्साम्** शब्दमा **आ+य़ीन्+साम्** , **नीजी** शब्दमा **नी+जी** तथा **फ्याफुल्ला** शब्दमा **फ्या+फुल्+ला** जस्ता रुपहरू छन् । यी **सुङ्+फी, नी+जी, आ+य़ीन्+साम्,** र **फ्या+फुल्+ला** जस्ता रूपहरू तामाङभाषाका न्यूनतम अर्थपूर्ण एकाइ हुन् । यिनलाई अझ विभाजन गर्न सकिँदैन । रूप दुई प्रकार हुन्छन् :

क. मुक्त रूप र
ख. बद्ध रूप

३.१.१ मुक्त रूप (Free Morpheme)

वाक्यमा स्वतन्त्र रुपमा प्रयोग हुन सक्ने रुपलाई मुक्त रुप भन्दछन् । वाक्यमा यसको प्रयोग अर्थयुक्त भाषिक एकाइको रुपमा हुन्छ । जस्तै : **द़ीम्** (घर) **सा** (जमीन), **या** (हात) **ङा** (म), **क्युइ** (पानी) **जाङ्** (गुँड) आदि ।

३.१.२ बद्ध रूप (Bound Morpheme)

वाक्यमा स्वतन्त्र रुपले अर्थात् आफै प्रयुक्त हुन नसक्ने रुपलाई बद्ध रूप भन्दछन् । बद्ध रूप आफैमा अर्थयुक्त हुँदैन । यो मुक्त रूपसँग बद्ध भएर (गाँसिएर) मात्र अर्थयुक्त हुन्छ :

शब्द	मुक्त रुप	बद्ध रुप
आय़ीन् (होइन्)	य़ीन्	आ
ताम्बा (प्रवक्ता)	ताम्	बा
तीकाइ (के नै)	तीक्	आइ
जामेजुगु (छोरीहरू)	जामे	दुगु
ओनेकुनु (अस्तिको दिन)	ओने	कुनु

आ, बा, आइ, रा, जुगु, कुनु आफैंमा अर्थयुक्त छैनन् तर मुक्त रूपसँग आबद्ध भएकाले अर्थयुक्त भएका छन् ।

---

७ "रुप अर्थका दृष्टिले न्यूनतम् एकाई हो, यसलाई लगभग त्यही अर्थसंगसम्बद्ध गरेर अरु टुक्रामा विभाजन गर्न सकिदैंन ।" न्यौपाने (२०५१:२२१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.२ शब्द

वाक्यमा स्वतन्त्र रुपमा प्रयुक्त अर्थयुक्त लघुतम एकाइलाई शब्द भन्दछन् ।[८] शब्दको संरचना एक वा एकभन्दा वढी रुपबाट बनेको हुन्छ । माथि (३.१.२) का **य़ीन्, ताम्, तीक्, जामे, ओने,** आफैंमा शब्द हुन् र तिनमा क्रमशः **आ, बा, आइ, जुगु, कुनु** लागेर बनेका **य़ीन्बा, ताम्बा, नीकाइ, जामेजुगु, ओनेकुनु** पनि शब्द नै हुन् । किनकि वाक्यमा यिनको स्वतन्त्र रूपमा प्रयोग हुन सक्छन् ।

३.३ शब्दावली

एकभन्दा बढी शब्दहरूको समूहलाई शब्दावली भन्दछन् अर्थात् शब्दावली भनेको दुई वा दुईभन्दा वढी शब्दहरूको संरचना हो :

आस्याङ्ला जा - मा:माको छोरो
तील्पुङ्ला माइच्याङ्बा - तिल्पुङ्की कान्छी
वाला क्वान् क्वान्बा - रातो लुगा लगाएको
दोक्से नोबा - सबैभन्दा अग्लो आदि ।

शब्दावली मूलत: तीन प्रकारका छन् :

क. नाम-शब्दावली
ख. विशेषण-शब्दावली
ग. क्रियाविशेषण-शब्दावली

३.३.१ नाम-शब्दावली

नामशब्द शीर्ष शब्द हुने शब्द वा शब्दसमूहलाई नाम-शब्दावली भन्दछन् । यस्ता शब्दावलीमा नामशब्द शीर्षशब्द हुन्छ र विशेष दर्शक/निर्धारक, भेदक आदि विभिन्न किसिमका शब्दहरूलाई आफ्नो संरचनामा लिने गर्दछ :

मे़न्दो नीस् **मी़** - पाँचजना मानिस
दोक्से नोबा **गा़ङ्** - सबैभन्दा अग्लो डाँडा
नाम्साला सेबा **गान्बा** - गाउँको जान्ने मानिस
ङाला आस्याङ्ला **जा** - मेरो मा:माको छोरो

---

८ "Word may be defined as a sequenece of one of more phonemes between to successive junctures, conveying a single concept." Sharma (1988:48)

Jayatu Sanskritam, Kathmandu, Nepal

.CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रा छार्बा **म्रीङ्कोला** - कपाल फुलेकी महिला

पाङ्बा **ताम्** - भनेको कुरो

क्रुसोम् रेङ्बा **छो** - तीन हात लामो डोरी

यी शब्दावलीहरूमा इन्तम शब्द **शीर्षशब्द** (Head Word) को रूपमा रहेको छ र अन्य शब्दहरू त्यसै शीर्षशब्दको विस्तारक भई आएका छन् अर्थात् नामशब्दावलीमा विस्तारकको रूपमा आउने शब्दहरू शीर्षशब्दको अगाडि आँउछन्। नाम शब्दावली वाक्यको अनिवार्य घटक हुन्छ।

३.३.२ क्रिया-शब्दावली

क्रियाहरूद्वारा बनेको शब्दसमूहलाई क्रिया-शब्दावली भन्दछन्। यस्ता शब्दावलीमा एक वा एकभन्दा बढी क्रियाहरूको संयोजन हुन सक्छ। एउटा मात्र क्रिया छ भने त्यो नै शीर्ष हुन्छ र एकभन्दा बढी क्रियाहरू छन् भने पहिलो क्रिया शीर्ष हुन्छ र अरू क्रियाहरू चाँही शीर्षक्रियाको अधीनस्थ वा सहायक हुन्छन्। नाम शब्दावलीमा शीर्षशब्द पछाडि आउँछ भने क्रिया-शब्दावलीमा शीर्षशब्द अगाडि आउँछ :

१. पासाङ्से आमादा चीठी ब्रीजी।
   पासाङले आमालाई चिठ्ठी लेख्यो।
२. पासाङ्से आमादा चीठी ब्रीजीन्जी।
   पासाङले आमालाई चिठ्ठी लेखिसक्यो।
३. पासाङ्से आमाद्वा चीठी ब्रीजीन्ना लाजी।
   पासाङले आमालाई चिठ्ठी लेखिसिद्ध्यायो।
४. पासाङ्से आमादा चीठी ब्रीजीन्ना लाबा मुबा।
   पासाङले आमालाई चिठ्ठी लेखिसिद्ध्याएको थियो।
५. पासाङ्से आमादा चीठी ब्रीजीन्ना लापुङ्बा मुबा।
   पासाङले आमालाई चिठ्ठी लेखिसिद्ध्याउन लगाएको थियो।

माथिका वाक्यहरूमा क्रिया-शब्दावली क्रमश:एक, द्वि, तीन, चार र पाँचवटा क्रिया शब्दहरू उनिएर बनेका छन् र /**ब्रीबा**/ (लेख्नु) क्रिया शीर्ष शब्दको रुपमा रहेको छ। तामाङ क्रिया-शब्दावलीमा सामान्यत: चारवटा क्रियाहरू गाँसिएका हुन्छन् :

६. गेसेसे होजा ग्यात् लाथान्बा मुताला। (ला+थान्बा+मु+ताला)
   गेसेले त्यो काम गरिराखेको होला।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. पासाङ्से होजा ताम् पाङ्थान्बा मुताला । (पाङ्+थान्बा+मु+ताला)
पासाङले त्यो कुरा भनिराखेको होला ।

८. रासे डाप् चाजीन्नालाताला । (चा+जीन्ना+ला+ताला)
बाखाले साग खाइसक्यो होला ।

३.३.३ क्रियायोगी शब्दावली

क्रियायोगी शीर्षपद हुने शब्दसमूहलाई क्रियायोगी शब्दावली भन्दछन् । यस्ता शब्दावलीका विस्तारक रूपमा अन्य क्रियोगीहरू नाम र विशेषण पनि आउन सक्छन् ।

९. पासाङ् चुरी चीमुला ।
पासाङ यहाँ बस्छ ।

१०. दोर्जे नाङ्गार् ङ्यासे दोखाला ।
दोर्जे भोलि बेलुकी आइपुग्छ ।

११. थेसे ताम् लानान् रीङ्ना लाजी ।
उसले कुरा निकै लामो पाऱ्यो ।

१२. ग्याल्पो तील्मा स्योरी दोखाजी ।
ग्याल्पो हिजो विहान आइपुग्यो ।

३.४ उपवाक्य (Clause)

वाक्यभित्र रहेका वाक्य खण्डहरूलाई उपवाक्य भन्दछन् । यस्ता उपवाक्यहरू शब्दावलीहरू मिलेर बनेका हुन्छन् :

१. पासाङ् दीम् नीजी बीसी पेमासे पाङ्मुबा ।
पासाङ घर गयो भनेर पेमाले भनेको थियो ।

यस वाक्यमा दुईवटा वाक्यखण्ड छन् -

क. पासाङ् दीम् जीजी । (पासाङ घर गयो)
ख. पेमासे पाङ्मुबा । (पेमाले भनेको थियो)

२. पाल्मो इस्कुल नीजी, पाराङ् नीबान् आरे बीसी साङ्मोसे पाङ्मुबा ।
पाल्मो स्कूल गई, पाराङ गएको छैन भनेर साङ्मोले भनेकी थिइन् ।

यस वाक्यमा तीनवटा वाक्यखण्डहरू छन् :
ग. पाल्मो इस्कुल नीजी । (पाल्मो स्कूल गई)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ. पाराङ् नीबान् आरे । (पाराङ गएकै छैन)

ङ. साङ्मोसे पाङ्मुबा । (साङमोले भनेकी थिई)

३. साङ्मोसे वातीग्याम् क्युइ बाजी, खाङ्गा साङ्लाजी, द़ीम् च्युर्जी होत्छेम् रामे छाबारी नीजी ।

साङमोले पँधेरोबाट पानी ल्याईन्, आंगन बढारी घर लिपी इन गाईवस्तु चराउन गइन् ।

यस वाक्यमा चारवटा वाक्यखण्डहरू छन् -

च. साङ्मोसे वातीग्याम् क्युइ बाजी ।(साङ्मोले पँधेरोबाट पानी ल्याईन्)

छ. खाङ्गा साङ्लाजी । (आँगन बढारिन्)

ज. द़ीम् च्युर्जी । (घर लिपिन्)

झ. रामे़ छाबारी नीजी । (वस्तु चराउन गइन्)

माथि उल्लिखित वाक्यहरू (१,२,३,४) मा रहेका क, ख, ग, घ, ङ, च, छ, ज, झ, वाक्यखण्डहरूलाई नै उपवाक्य भन्दछन् । वाक्यमा उपवाक्यहरू एक अर्कासँग सम्वद्ध नभई स्वतन्त्र रहेमा यिनीहरू वाक्यकै रुपमा हुन्छन् । माथिका क, ग, च वाक्यखण्डहरु वाक्यकै रूपमा छन् ।

३.५ वाक्य (Sentence)

अर्थमुक्त शब्द तथा शब्दावलीहरूको व्याकरणगत संयो़गलाई वाक्य भन्दछन् ।

१. पासाङ् द़ीम् नीजी ।

पासाङ घर गयो ।

२. दोर्जी ओनेन् द़ीम् नीसीजीन्जीम् ।

दोर्जे अस्ति नै घर गइसकेछ ।

यी वाक्यहरू शब्द मिलेर बनेका छन् । यिनमा रहेका **पासाङ्, द़ीम्, नीजी,** दोर्जे, **ओनेन्, नीसीजीन्जीम्** शब्द हुन् ।

३.६ भाषाको माथि देखि तलसम्मको एकाई श्रृंखला

तामाङभाषामा रहेको माथिदेखि तलसम्मको एकाइलाई निम्न प्रकारले देखाउन सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्य

पासाङ्ला जा पेमासे व़ाराला द़ीनीमे़न्दो थुसीन् चीमुला बीसी साङ्मोसे पाङ्मुबा ।

(पासाङको छोरो पेमा बारीको सूर्यमुखी फूल टिप्ने गर्छ भनेर साङमोले भनेकी थिइन् ।)

उपवाक्य

१. पासाङ् जा पेमासे व़ाराला द़ीनीमे़न्दो थुसीन् चीमुला ।
   पासाङको छोरा पेमा बारीको सूर्यमुखी फूल टिप्ने गर्छ ।)
२. साङ्मोसे पाङ्मुबा ।
   (साङमोले भनेकी थिइन् ।)

पदावली

१. पासाङ्ला जा पेमासे (पासाङको छोरो पेमाले)
२. व़ाराला द़ीनीमे़न्दो (बारीको सूर्यमुखी फूल)
३. थुसीन् चीमुला (टिप्ने गर्छ)
४. साङ्मोसे (साङमोले)
५. पाङ्मुबा । (भनेकी थिइ/थिइन्)

शब्द

१. पासाङ्ला २. जा ३. पेमासे ४. व़ाराला ५. द़ीनीमे़न्दो
६. थुसीन्चीमुला ७. बीसी ८. साङ्मोसे ९. पाङ्मुबा ।

रूप

१. पासाङ् + ला २. जा ३. पेमा + से ४. व़ारा + ला ५. द़ीनी+मे़न्दो ६. थु+सी+न्+ची+मु+ला ७. बी+सी ८. साङ्मो + से ९. पाङ्+मुबा ।

३.६ वाक्यका प्रकार

तामाङवाक्यको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । यहाँ मुख्यतः अर्थ र संरचनाको आधारमा वर्गीकरण गरिनेछ ।

क. अर्थको आधारमा

वाक्यले व्यक्त गर्ने अर्थ वा भावको आधारमा तामाङवाक्य यस प्रकारका छन् -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.६.१ सामान्यार्थक वाक्य

प्रश्न, सम्भावना आदि नबुझाई सामान्य कथन वा अवधारणा मात्र बुझाउने वाक्यलाई सामान्यार्थक वाक्य भन्दछन्

१. ङाइ मे़ मोइजी ।
मैंले गोरु जोते ।
२. पासाङ् तील्मा द़ीम् नीजी ।
पासाङ हिजो घर गयो ।
३. द़ीनी स्यार्ग्याम् थोन्मुला ।
सूर्य पूर्वबाट उदाउँछ ।

३.६.२ प्रश्नार्थक वाक्य

सोधिएको भाव जनाउने वाक्यलाई प्रश्नार्थक वाक्य भन्दछन् :

४. द़ीम्री खाला खाजी ?
घरमा को आयो ?
५. आइला मीन् तीक् ?
तिम्रो नाम के हो ?
६. साङ्मो खाइमा नीजी ?
साङ्मो कहिले गइन् ?

तामाङभाषामा प्रश्नार्थक वाक्यमा विभिन्न प्रकारका प्रश्नवाचक सर्वनाम (**खाला, तीक्, खाचीबा, तीक्दा** आदि) शब्दको प्रयोग हुन्छ ।

प्रश्नवाचक सर्वनामको प्रयोग नभईकन वाक्यको अन्तमा प्रश्नात्मक अनुतानको प्रयोगबाट पनि तामाङप्रश्न बनेको हुन्छ, जस्तै :-

७. पासाङ् द़ीम् नीजी ?
पासाङ घर गयो ?
८. नीमा खाजी रो ?
नीमा आयो रे ?
९. पेमासे कान् चाजी ?
पेमाले खाना खायो ?
१०. आइ ङा थेन् नीबा ?
तिमी मसँग जाने ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.६.३ इच्छार्थक वाक्य

इच्छाको भाव जनाउने वाक्यलाई इच्छार्थक वाक्य भन्दछन् । यस्ता वाक्यले वक्ताको इच्छा व्यक्त गर्दछ :

११. छेरीङ्गाइ ! म़ान्बा राङ्बा तागाइ !
चिरिन्जीवी होस् ! चिताएजस्तै होस् ।

१२. य़ाङ्ला ग्युबासे स्योङ्ग़ाङ् प्लीङ्गाइ !
हाम्रा सन्तानले डाँडाकाँडा भरियुन् ।

१३. पीक्तुङ् सीगाइ !
ठहरै मरोस् !

३.६.४ आज्ञार्थक वाक्य :

आज्ञा, अर्ती, उपदेश वा सल्लाहको भाव बुझाउने वाक्यलाई आज्ञार्थक भन्दछन् ।

१४. चुरी चीउ !
यहाँ बस !

१५. आखेदा पाङो !
हजूरबालाई भन !

१६. खाला खाजीम्, च्यागो !
को आएछ, हेर !

१७. चु ताम् सेम्री थानो !
यो कुरो मनमा राख !

३.६.५ सम्भावनार्थक वाक्य

अनुमान वा सम्भावनाको भाव बुझाउने वाक्यलाई सम्भावनार्थक वाक्य भन्दछन् ।

१८. पेमा ऩाङ्गार खाला !
पेमा भोलि आउँछ ।

१९. साङ्मो द़ारे खालाताला !
साङ्मो भोलि आउँछ होला ।

२०. दान्देम् पाराङ्से साइलुङ् ग़ाङ् थाताला !
इहले त पाराङ्ले सैलुङ् डाँडा काट्यो होला ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१. तीनी नाम् खालाताला !
आज पानी पर्छ होला !

३.६.६ प्रस्तावार्थक वाक्य

कुनै कार्य सम्पादनको लागि प्रस्तावको भाव बुझाउने वाक्यलाई प्रस्तावार्थक वाक्य भन्दछन् :

२२. दुर्सा ग़ाङ्री दोङ् सुगे !
च्यानडाँडामा रूख रोपौं !
२३. ऩाङ्गार् फीलीम् च्याबारी नीगे ।
भोलि फिल्म हेर्न जाऔं ।
२४. गाइजी, दाम् नीगे !
ढिलो भयो, अब जाऔं ।
२५. चु ताम् ताम्बा गान्बाला ओन्छाङ्री थान्गे !
यो कुरा मान्यजनसमक्ष राखौं ।

३.६.७ संकेतार्थक वाक्य

एउटा कार्य सम्पादन गर्न अर्को कार्यमा निर्भर हुनु पर्ने स्थिति वा कार्यको संकेत गर्ने भाव देखाउने वाक्यलाई संकेतार्थक वाक्य भन्दछन् :

२६. थे नीसाम् ङाय: नीबा ।
ऊ जाने भए म पनि जान्छु ।
२७. पेमासे ताम् पाङ्साम्, ङाय: पाङ्बा ।
पेमाले कुरो गरे, म पनि गर्छु ।
२८. ब्रासाम् दोला, चासाम् छो:ला ।
हिडे पुग्छ, खाए मोटाउँछ ।
२९. नाम् खासाम्, माकाइ रोला ।
पानी पऱ्यो भने, मकैं फल्छ !

३.६.८ आश्चर्यार्थक

आश्चर्य, हर्ष, शोक आदि मनोभाव बुझाउने वाक्यलाई आश्चर्यार्थक वाक्य भन्दछन् । यस्ता वाक्यमा विस्मयादिबोधक शब्दहरूको पनि प्रयोग हुन सक्दछ ।

३०. आहा, तीक् जेबा ़सेङ्जी !
आह, कति राम्रो बनाएको !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१. छ्या: खाराङ्बा थाङ्खाबा मी !
छी : कस्तो गनाउने मानिस !

३२. आछ्यु, खाराङ्बा खाङ्बा !
आच्छु, कस्तो जाडो ।

३३. ओहोइ ! खाराङ्बा मी !
ओहो, कस्तो मान्छे !

ख. संरचनाको आधारमा

संरचनाको आधारमा तामाङ वाक्यहरू मुख्यत: तीन प्रकारका छन् -

१. सरल वाक्य २. संयुक्त वाक्य ३. मिश्र वाक्य

३.६.९ सरल वाक्य

एउटा समापिका क्रिया पद हुने वाक्यलाई सरल वाक्य भन्दछन् :

३४. पासाङ् ताङ्जी ।
पासाङ् खुशी भयो ।

३५. रोमी द्दीम् नीजी ।
रोमी घर गयो ।

३६. साङ्मोसे मेन्दो थु:जी ।
साङ्मोले फूल टिपी ।

वाक्य ३४ मा एउटा मात्र समापिका क्रियापद छ /**ताङ्जी**/ । त्यस्तै वाक्य ३५ र ३६ मा पनि एउटा/एउटा समापक क्रिया (**नीजी, थु:जी**) आएको छ ।

सरल वाक्यहरूमा अन्य क्रियाहरू समापिका क्रियापदका सहायक क्रियाको रुपमा आउन सक्छन् । जस्तै :

३७. आलेसे ब्रीसी जीन्जी ।
भाइले लेखिसक्यो ।

३८. दोर्जे ब्रीबान् मुला ।
दोर्जे लेख्दै छ ।

३९. पेमा ङेत्पात् मुला ।
पेमा हाँस्दै थियो ।

माथिका वाक्यहरू (३७, ३८ र ३९) मा **ब्रीसी, ब्रीबान्** र **ङेत्पान्** क्रियापदहरू **जीन्जी, मुला** र **मुबा** समापिका क्रियाको सहायक भएर आएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.६.१० संयुक्त वाक्य

दुई वा दुईभन्दा बढी सरल वाक्यहरू गाँसिएर बनेको वाक्यलाई संयुक्त वाक्य भन्दछन्, जस्तै - .

४०. आइसे ब्रीबा आरे, थेसे नोन् ब्रीबा आरे ।
तिमीले लेखेका छैनौं, उसले पनि लेखेको छैन् ।

यस वाक्यमा दुईवटा सरल वाक्यहरू छन्, जस्तै -

क. आइसे ब्रीबा आरे ।
ख. थेसे ब्रीबा आरे ।

यी वाक्यहरू संयोजक /**नोन्**/ले जोडिएका छन् ।

४२. गेसेसे च्युइ दीङ् ताजी बीसाम् साङ्मोसे ब्रात् दीङ् ताजी ।
गेसे दश बर्ष भयो भने साङ्मो आठ वर्ष भयो ।

यस वाक्यमा पनि दुईवटा सरल वाक्यहरू छन् :

क. गेसेसे च्युइ दीङ् ताजी ।
गेसेले दश वर्ष भयो ।
ख. साङ्मोसे ब्रात् दीङ् ताजी ।
साङ्मोले आठ वर्ष भयो ।

यी दुइ सरल वाक्यहरू संयोजक /**बीसाम्**/ ले जोडिएका छन् ।

४३. पासाङ् सीङ्री नीजी, पेमा ब्राङ्री नीजी बीसाम् नीमा रामे छाबारी नीजी ।
पासाङ दाउरा खोज्न गयो, पेमा गोठ गयो भने नीमा गाईबस्तु चराउन गयो ।

यस वाक्यमा तीनवटा सरल वाक्यहरू छन् :

क. पासाङ् सीङ्री नीजी ।
ख. पेमा ब्राङ्री नीजी ।
ग. नीमा रामे छाबारी नीजी ।

यी वाक्यहरू पनि /**बीसाम्**/ ले नै जोडेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.६.११ मिश्र वाक्य

एउटा मूख्य वाक्य र अर्को अमुख्य वाक्य गाँसिएर बनेको वाक्यलाई मिश्र वाक्य भन्दछन् अर्थात् मिश्र वाक्य पनि संयुक्त वाक्य जस्तै उपवाक्यहरू मिलेर बनेको हुन्छ जसमध्ये एउटा मुख्य उपवाक्य हुन्छ र अर्को अमुख्य उपवाक्य हुन्छ। मख्य उपवाक्य स्वतन्त्र प्रकृतिको हुन्छ भने अमुख्य उपवाक्य चाँहि स्वतन्त्र उपवाक्यको आश्रितको रूपमा हुन्छ :

४३. पासाङ्से पाङ्मु, 'याम्बुरी जुलुस् चीम् ।'
पासाङले भन्यो, 'काठमाडौंमा जुलूस रहेछ ।'

यस वाक्यमा -

क. **'पासाङ्से पाङ्मु'** मुख्य उपवाक्य हो र
ख. **'याम्बुरी जुलुस् चीम्'** आश्रित उपवाक्य हो ।

माथि मुख्य उपवाक्य **'पासाङ्से पाङ्मु'** को आश्रित उपवाक्यको रुपमा 'याम्बुरी जुलुस चीम्' आएको छ ।

४४. गान्बा गीक्से सुङ्मुबा, 'य़ाङ्गादे गीक् तासी रेतोबामुला' एकजना गान्बाले भन्नुभएको थियो, 'हामीहरू एक भएर उठ्नुपर्छ ।

यस वाक्यमा,

क. **'गान्बा गीक्से सुङ्मुबा'** मुख्य उपवाक्य र
ख. **'य़ाङ्गादे गीक्तासी ऱेतोबा मुला'** आश्रित उपवाक्य हो ।

मिश्र वाक्यहरू पनि संयोजकबाट गाँसिएका हुन्छन्, जस्तै :

४५. आइसे टाङा सोमुला **बीसी** ङाइ थायाङ्जी ।
तिमीले रुपियाँ कमाएका छौं भनेर मैले थाहा पाएँ ।
४६. टाङ्ग खाजी **बीसाम्** म्ला बासी खाला ।
रुपियाँ आयो भने चामल लिएर आउँछु/ल्याउँछु ।

माथिका वाक्यहरू (४५ र ४६) मा मुख्य उपवाक्य र आश्रित उपवाक्य /**बीसी**/ र /**बीसाम्**/ संयोजकद्वारा गाँसिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दक्रम (Wordorder)

३.७ शब्दक्रम (Wordorder)

शब्दक्रमको अर्थ हो, वाक्यमा आउने शब्दको क्रम । प्रायः सबै भाषाको आ-आफ्नै शब्दक्रम हुन्छ । अङ्ग्रेजी वाक्य(भाषा)मा शब्दक्रम कर्ता+क्रिया+कर्म (Peter went home) को रूपमा हुन्छ भने तामाङवाक्य(भाषा)को शब्दक्रम कर्ता+कर्म+क्रिया (दोर्जे दीम् तीजी) को रूपमा हुन्छ । तामाङवाक्यको शब्दक्रम यसरी देखाउन सकिन्छ -

३.७.१ कर्ता र क्रियाको शब्दक्रम

तामाङवाक्यमा कर्ता अगाडि आउँछ र क्रिया प्रायः अन्तमा आउँछ :

	कर्ता	+	**क्रिया**
१.	ज्योज्यो		फेप्ची ।
	(दाज्यु		जानुभयो)
२.	लाइना		क्राजी ।
	(नानी		रुयो ।)
३.	पासाङ्से		ब्रीजी ।
	(पासाङले		लेख्यो ।)

३.७.२ कर्ताको विस्तार

कर्ताको विस्तार कर्ताभन्दा अगाडि हुन्छ :

	कर्ताको विस्तार	+	**कर्ता**	+	**क्रिया**
४.	आस्याङ्ला जा पाराङ्		लाहुर्		नीजी ।
	आमाको छोरो माहिलो		लाहुर		गयो ।
५.	पाल्मोला जामे म्ह़ार्साङ्ले		व्ह़ाइ		गोजी ।
	पालमोकी छोरी म्हारसाङ्ले		गीत		गाइन ।

३.७.३ कर्मको स्थान

कर्म कर्ता र क्रियाको बीचमा आउँछ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	कर्ता	कर्म	क्रिया
६.	डुपचेनसे	कान्	चाजी ।
	डुपचेनले	भात	खायो ।
७.	पासाङ्	द़ीम्	नीजी ।
	पासाङ	घर	गयो
८.	पाल्मोसे	सीङ्	बाजी ।
	पाल्मोले	दाउरा	ल्याइन ।

यदि वाक्यमा दुइवटा कर्म आउँछन् भने पहिले सजीव कर्म अगाडि आउँछ र त्यसपछि निर्जीव कर्म आउँछ :

	कर्ता	सजीव कर्म	निर्जिव कर्म	क्रिया
९.	साङ्मोसे	रादा	छे	पीन्जी ।
	साङ्मेले	बाखालाई	घाँस	दिइन ।
१०.	पासाङ्से	पाराङ्दा	टाङा	पीन्जी ।
	पासाङ्ले	पाराङलाई	रुपियाँ	दियो ।
११.	नानासे	डोन्बोदा	सेबा	दोन्जी ।
	दिदीले	पाहुनालाई	भोजन	दिनुभयो ।
१२.	चाङ्से	ज्योज्योदा	चीठी	ब्रीजी ।
	भाउज्यूले	दाज्यूलाई	पत्र	लेखिन् ।

३.७.४ प्रश्नवाचक सर्वनामको स्थान

प्रश्नवाचक सर्वनाम मूलत: वाक्यको शुरुमा आउँछ :

१३. खाला खाजी ?
को आयो ?

१४. खानाङ् नीबा ?
कहाँ जाने ?

१५. तीक् लाबान् मुला ?
के गर्दै छौ ?

१६. खाल्से पाङ्बा रो ?
कसले भेनको रे ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता प्रश्नवाचक शब्द क्रियाको अगाडि पनि आउँछ ।

१७. होजा खाला चीम् ?
त्यो को रहेछ ?

१८. आइ खानाङ्ग्याम् खाबा ?
तिमी कहाँबाट आएको हो ?

१९. पासाङ् तीक् लाबान् मुला ?
पासाङ के गर्दै छ ?

२०. साङ्मोदा खाल्से पाङ्जी ?
साङ्मोलाई कसले भन्यो ?

प्रश्नवाचक सर्वनाम कहिलेकाहीँ क्रियाहरूको बीचमा पनि आउन सक्छ :

२१. माजा ह्यार्बा खाला चीम् ?
त्यो कुद्ने को रहेछ ?

२२. चु म्राङ् ग़लुबा खाला थोन्जी ?
यो बारी किन्ने को निस्क्यो ?

२३. पाल्मो ह्यार्जी बीसी खाल्से पाङ्बा ?
पालमो भागिन भनेर कसले भनेको ?

प्रश्नवाचक शब्दहरू वाक्यको अन्तमा पनि आउन सक्छ :

२४. थेदा पाङ्जी खाल्से ?
उसलाई भन्यो कसले ?

२५. आइ छ्योङ्बा तीक्दा ?
तिमी उफ्रेको किन ?

२६. दाम् नीबा खानाङ् ?
अब जाने कहाँ ?

२७. आइसे बोङ्बा खाल्दा ?
तिमीले गाली गरेको कसलाई ?

प्रश्नवाचक शब्दको प्रयोग मूलत: त्यो शब्दको ठीक अगाडि आउँछ जुन शब्दबारे प्रश्न सोध्नुपरेको हुन्छ :

२८. तीक् साइ तोज़ी ?
के चीज चाहियो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९. खाला मी़ खामुला ?
को मानिस आएको छ ?

३०. थेसे तीक् लाला ?
उसले के गर्ला ?

३१. आले तीक् क्लाङ्बान् मुला ?
भाइ के खेल्दै छ ?

३२. आइ खानाङ् नीबा रो ?
तिमी कहाँ जाने रे ?

३३. आइ खाचीबा जामे बोर्बा ?
तिमी कुनचाहिँ छोरी लान्छौं ?

वाक्यमा प्रश्नवाचक शब्दले स्थान-परिवर्तनका साथसाथै अर्थमा पनि परिवर्तन हुने हुनाले यिनको प्रयोगमा होशियार हुन आवश्यक छ :

३४. तीक् थे ब्रीबान् चीम् ?
के ऊ लेख्दै रहेछ ?

३५. थे तीक् ब्रीबान् चीम् ?
के लेख्दै रहेछ ?

३६. थे ब्रीबान् (लाबा) तीक् चीम् ?
ऊ लेख्दै (गरेको) के रहेछ ?

३७. थे ब्रीबान् चीम् तीक् ?
ऊ लेख्दै रहेछ के ?

३.७.५ विशेषणको स्थान

वाक्यमा विशेषण प्रायः विशेष्यको अगाडि आउँछ :

		विशेषण	विशेष्य	
३८.	आपासे	म्लाङाइ	कोट	क्वान्बा मुला ।
	बुबाले	कालो	कोट	लगाउनुभएको छ ।
३९.	लामासे	वाला	क्वान्	क्वान् मुला ।
	लामाले	रातो	लुगा	लगाउँदछ ।
४०.	ग़्वात्से	नोबा	दोङ्री	जाङ् सोमुला ।
	चीलले	अग़्लो	रूखमा	गुँड बनाउँछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४१.	आले,	रेड्.बा	काडी	गीक् बासी खाउ ।
	भाइ	एउटा लामो	लौरो	ल्याऊ ।

समापिका क्रियापद **मुला, मुबा, ताला** हुने वाक्यहरूमा विशेषण विशेष्यको पछाडि आउँछ । यस्ता विशेषणलाई पूरक विशेषण भन्दछन् :

	विशेषण	**विशेष्य**	
४२.	छे	पीङाइ	मुला ।
	घाँस	हरियो	छ ।
४३.	आङीला जामे	जेवा	मुला ।
	फुपूकी छोरी	राम्री	छ ।
४४.	याङ्ला आखे	नोबा	मुबा ।
	हाम्रो बाजे	अग्लो	हुनुहुन्छ ।
४५.	सुन्	उरलाम्	ताजी ।
	धान	पहेंलपूर	भयो ।

३.७.६ क्रियाविशेषणको स्थान :

क्रिया विशेषण प्राय: कर्ता र क्रियाको बीचमा आउँछ :

	कर्ता	**क्रिया विशेषण**	**क्रिया**
४६.	पासाङ्	तील्मा	दोखाजी ।
	पासाङ	हिजो	आइपुग्यो ।
४७.	ङा	योनान्	खाला ।
	म	चाँडै	आउँछु ।
४८.	थेसे	उदीउदी	गोबान् मुला ।
	उसले	अलिअलि	बुझ्दै छ ।
४९.	आखे	गोल्छेसे	फेप्पान् मुबा ।
	हजूरबा	बिस्तारै	जाँदै हुनुहुन्छ ।
५०.	आइ	चुरीन्	चीउ ।
	तिमी	यही	बस ।
५१.	पेमा	ला़सीला़सी	ब्राबान् मुला ।
	पेमा	लुकीलुकी	हिँड्दै छ ।
५२.	नाम्बुदा	याम्बुला	स्यार्वाना मुला
	नमोबुद्ध	काठमाडौंको	पूर्वतिर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शीर्षकीकरण हुँदा क्रियाविशेषण अगाडि आउँछ :

	क्रियाविशेषण	कर्ता	क्रिया
५३.	तील्मा	पासाङ्	खामुबा ।
	हिजो	पासाङ	आएको थियो ।
५४.	योनान्	ङा	खाला ।
	छिटै	म	आउँला ।
५५.	उदीउदी	थेसे	गोबान् मुला ।
	अलिअलि	ऊ	बुझ्दै छ ।
५६.	गोल्छेसे	आखे	फेप्पान् मुबा ।
	बिस्तारै	हजूरबा	जाँदै हुनुहुन्छ ।
५७.	चुरीन्	आइ	खाउ ।
	यहीं	तिमी	बस ।
५८.	ला़सीला़सी	पेमा	खाबान् मुला ।
	लुक्दैलुक्दै	पेमा	आउँदै छ ।
५९.	याम्बुला	स्यार्वा़ना	नाम्बुदा मुला ।
	काठमाडौंको	पूर्वतिर	नमोबुद्ध छ ।

वाक्यमा विशेषण शब्द पनि भए क्रियाविशेषण शब्द प्राय: विशेषणको अगाडि आउँछ :

६०. आस्याङ्ला दी़म्री ला़नान् छोबा मी़ गीक् चीम् ।
मामाको घरमा एउटा धेरै मोटो मान्छे रहेछ ।

६१. पाल्मोला आइराक् ला़नान् ज्याबा चीम् ।
पाल्मोला रक्सी असाध्यै राम्रो छ ।

६२. तीनी ना़ङ्गार्का सुन् उदीत् पीङाइ ताखाजी ।
आजभोलि पो धान अलिक हरियो भयो ।

३.७.७ क्रियाको स्थान

तामाङभाषामा क्रिया अन्तमा आउँछ :

६३. ङा नीजी ।
म गएँ ।

६४. थे खाजी ।
ऊ आयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६५. आइसे थेदा पाङ्जी ।
तिमीले उसलाई भन्यौ ।

तर वाक्यमा क्रिया शीर्षकीकरण भएर अगाडि पनि आउँछ :

६६. नीजी ङा ।
गएँ म ।

६७. खाजी थे ।
आयो ऊ ।

६८. पाङ्जी आइसे थेदा ।
भन्यौ तिमीले उसलाई ।

आज्ञार्थक वाक्यमा पनि क्रिया शीर्षकीकरण भएर आउन सक्छ ।

	मूल आज्ञार्थ	शीर्षकीकरण आज्ञार्थ
६९.	आइ नीउ ।	नीउ आइ ।
	तिमी जाऊ ।	जाऊ तिमी ।
७०.	चुरी चीउ ।	चीउ चुरी ।
	यहाँ बस ।	बस यहाँ ।
७१.	ङादा पाङो ।	पाङो ङादा
	मलाई भन ।	भन मलाई ।
७२.	थेदा ब्रीसी पीनो ।	ब्रीसी पीनो थेदा ।
	उसलाई लेखेर देऊ ।	लेखेर देऊ उसलाई ।

तोजी (चाहियो) क्रिया पनि प्रायः शीर्षकीकरण भएर आउँछ ।

७३. तोजी बीसी तीक् लासाइ, मुसा का !
चाहियो भनेर के गर्नु, भए पो !

७४. तोजी बीसी ज़ेन् आतामुला !
चाहियो भनेर मात्र हुदैंन !

३.७.८ पूर्वकालिक क्रिया :

तामाङवाक्यमा पूर्वकालिक क्रिया प्रायः मुख्य क्रियाको अगाडि आउँछ :

७५. ङा होजा ग़लारी **नीसी** खाबान् मुला ।
म त्यस ठाउँमा गएर आउँदै छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७६. पासाङ् याम्बुरी **दोसी** खाजी ।
पासाङ काठमाडौं गएर आयो ।

७७. चुरी **खासी** चीउ ।
यहाँ आएर बस् ।

७८. आमादा **पाङ्सी** नीउ ।
आमालाई भनेर जाऊँ ।

वाक्यमा कर्म पनि भए पूर्वकालिक क्रिया कर्म शब्दको अगाडि आउँछ ।

७९. या-ली खुसी कान् चामुला ।
हात-मुख धोएर भात खान्छ ।

८०. दीन्नाङ् क्लाङ्सी दीम् नीजी ।
दिनभरि खेलेर घर गयो ।

८१. चुरी खासी ङादा पाङ्मुबा ।
यहाँ आएर मलाई भन्थ्यो ।

३.७.९ संयोजकको शब्दक्रम

संयोजक शब्द प्रायः दुई शब्द वा शब्दसमूहको बीचमा आउँछ :

८२. आसेङ् थेन् आङी याम्बुरी फेप्ची ।
मामा र माइज्यू काठमाडौं जानुभयो ।

८३. पासाङ् थेन् दोर्जे वारारी नीजी ।
पासाङ र दोर्जे बारीमा गए ।

८४. पासाङ्ला ज्योज्यो पाराङ् थेन् गाङ्ला दीम्ला च्याङ्बा लाहुर् ह्यार्जीम्
पासाङको दाज्यू पाराङ र डाँडाघरे कान्छा लाहुर गएछन् ।

दुई वा दुईभन्दा बढी शब्द वा शब्दसमूहलाई जोड्नुपर्दा अन्तिम दुईको बीचमा /**थेन्**/ को प्रयोग हुन्छ र अगाडिका शब्दहरूमा अल्पविराम (,) दिन सकिन्छ ।

८५. आसेङ्, आङी थेन् पाल्मो याम्बुरी फेप्ची ।
मा:मा, माइज्यू र पाल्मो काठमाडौं जानुभयो ।

८६. पासाङ्, पाल्साङ्, दोर्जे थेन् ङा ब्रीबान् मुबा ।
पासाङ, पाल्साङ, दोर्जे र म लेख्दै थियौं ।

तर /**थेन्**/ ले उपवाक्यहरू जोड्दैनन् :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८७. पासाङ् खाजी थेन् साङ्मो नीजी ।
पासाङ आयो र साङ्मो गयो ।

८८. राम् नीबान् मुबा थेन् पासाङ् खाबान मुबा ।
राम जाँदै थियो र पासाङ आउँदै थियौ ।

/**पासाङ् खाजी**/ एउटा उपवाक्य हो र /**साङ्मो खाजी**/ पनि उपवाक्य नै हो । यस्तो उपवाक्यहरूलाई तामाङ-संयोजक /**थेन्**/ ले जोड्न सक्दैन र /**थेन्**/ को सट्टामा अन्य संयोजक पनि तामाङमा छैन ।

तर एकपछि अर्को कालिक क्रम बुझाउने वाक्यहरू जोड्न भने /**होत्छेम्**/ (अनि) को प्रयोग हुन्छ ।

८९. पासाङ् खाजी, होत्छेम् पेमा नीजी ।
पासाङ आयो, अनि पेमा गयो ।

९०. गेसे स्योरीन् रेमुला, याली खुमुला, ख्यात्मुला, कान्चामुला, होत्छेम् लोप्खाङ्री नीमुला ।
गेसे बिहानै उठ्छ, हातमुख धुन्छ, किताब पढ्छ, खाना खान्छ, अनि स्कूल जान्छ ।

३.७.१० ज़ेन् (मात्र) को शब्दक्रम

/**ज़ेन्**/ शब्दको प्रयोग क्रियाको अगाडि मात्र आउँछ :

९१. आइ ज़ेन् खाउ ।
तिमी मात्र आऊ ।

९२. सीका च्युइ ज़ेन् पीनो ।
दश रुपियाँ मात्र देऊ ।

९३. पासाङ् थेन् ङा ज़ेन् नीजी ।
पासाङ र म मात्र गएँ ।

कहिलेकाहीँ क्रियाको पछाडि पनि /**ज़ेन्**/ आउन सक्छ, त्यस्तो अवस्थामा क्रियालको शिर्षकीकरण भएको हुन्छ :

९४. आइ नीउ ज़ेन्, ङाइ सेमुला ।
तिमी जाऊ मात्र, मैले जानेको छु ।

९५. आमादा पाङो ज़ेन् ।
आमालाई भन मात्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९६. ब्रीबा ज़ेन् आहीन्, ख्यात्य: तोमुला ।
लेख्ने मात्र होइन, पढ्नु पनि पर्छ ।

३.७.११ विस्मयादिबोधक शब्दको क्रम

यस्ता शब्दहरू मूलत: वाक्यको शुरूमा आउँछन् :

९७. छ्या, खाराङ्बा थाङ्खाजी !
छि : कस्तो गनाएको !
९८. आहा, गादे ज्याबा नाम्सा !
आह, कति राम्रो गाउँ ।
९९. थुक्का, पेत्पा आरेबा !
थुक्क, लाज नभएको !

यस्ता शब्दहरू वाक्यको अन्तमा पनि आउन सक्छन् :

१००.खाराङ्बा थाङ्खाजी, छ्या !
कस्तो गन्हायो, छि : ।
१०१.गादे ज्याबा नाम्सा, आहा !
कति राम्रो गाउँ, आह !
१०२.पेत्पा आरेबा, थुक्का !
लाज नभएको, थुक्क !

३.७.१२ सम्बोधन शब्द

सम्वोधन शब्द प्राय: वाक्यको शुरुमा आउँछ :

१०३.साङ्मो ! चुरी खाउ ।
साङमो ! यहाँ आऊ ।
१०४.पासाङ् ! खाउ नीगे ।
पासाङ ! आऊ जाऔं ।
१०५.दोर्ज़े ! आइ ऩाङ्गार् योनान् द़ीम् नीउ ।
दोर्ज़े ! तिमी भोलि विहानै घर जाऊ ।
१०६.आखे ! स्युगो । दाम् ङा नीला ।
हजूरबा ! बस्नोस् । अब म जान्छु ।
कहिलेकाहीं यस्ता शब्द वाक्यको अन्तमा पनि आउन सक्छन् :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०७.चुरी खाउ, साङ्मो ।
यहाँ आऊ, साङ्मो ।
१०८.खाउ नीगे, पासाङ् ।
आऊ जाऔं, पासाङ ।
१०९.ह्यार्बान् नीउ बुरीङ् ।
कुद्दै जाऊ बहिनी ।

३.७.१३ अकरणात्मक शब्द

तामाङवाक्यमा अकरणात्मक शब्द /आरे/ प्राय: वाक्यको अन्तमा आउँछ :

११०. दीम्री खालाइ आरे ।
घरमा कोही छैन ।
१११. ङादा खाल्सेइ पाङ्बा आरे ।
मलाई कसैले भनेको छैन ।
११२. ब्रु सुसी जीन्बान् आरे ।
खेत रोपेर सकेकै छैन ।
११३. तीक् मुला, तीक् आरे ।
के छ, के छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथन परिवर्तन (Narration)

वक्ताले बोलेको कुरालाई कथन भन्दछन् । कथन दुई प्रकारका हुन्छन् :

क. वक्ताले भनेको कुरोलाई जस्ताको तस्तै भन्नु,

ख. वक्ताले भनेको कुरोको आशयलाई बुझी त्यसलाई आफ्नो ढङ्गले भन्नु।

यीमध्ये पहिलो कथनलाई प्रत्यक्ष कथन (Narration) र दोस्रो कथनलाई अप्रत्यक्ष कथन (Indirect Narration) भन्दछन् । प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्ने तरीकालाई कथन-परिवर्तन (Change of Narration) भन्दछन् ।

३.८.१ प्रत्यक्ष कथन

प्रत्यक्ष कथनका दुई भाग हुन्छन्

क. कथयिता अंशख. कथन अंश

वक्ताले बोलेका कुराको सूचनालाई कथयिता अंश र उसले बोलेका कुरालाई कथन अंश भन्दछन् । लेख्य भाषाहरूमा कथनको कथन अंशलाई उद्धरण चिन्हभित्र र कथयिता अंशलाई उद्धरण चिन्ह बाहिर राख्ने चलन छ ।

कथयिता अंश	कथन अंश
१. पासाङ्से पाङ्जी-	'आले द़ीम्री मुला ।'
पासाङ्ले भन्यो-	'भाइ घरमा छ ।'
२. पाल्मोसे पाङ्जी-	'लामा ख्यात्पान् मुला ।'
पाल्मोले भनिन्-	'लामा पाठ गर्दै हुनुहुन्छ ।'
३. दोर्जेसे पाङ्जी-	'ङाला आपा याम्बुरी फेप्ची ।'
दोर्जेले भन्यो-	'मेरो बुबा काठमाडौं जानुभयो ।'

सामान्यत: कथन अंश कथयिता अंशभन्दा पछाडि आउँछ तर कथयिता अंश बीचमा वा अगाडि पनि आउन सक्छ :

४. पासाङ्से पाङ्जी, "दोर्जे तीनी याम्बुरी नीजी ।" (कथन अंश पछाडि)
पासाङले भन्यो, "दोर्जे आज काठमाडौं गयो ।'

५. पासाङ्से, 'दोर्जे तीनी याम्बुरी नीजी" पाङ्जी (वीचमा)
पासाङले, 'दोर्जे काठमाडौं गयो' भन्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. 'दोर्जे तीनी याम्बुरी नीजी' पासाङ्से पाङ्जी (अगाडि)

'दोर्जे आज काठमाडौं गयो' पासाङले भन्यो ।

३.८.२ अप्रत्यक्ष कथन

अप्रत्यक्ष कथनमा पनि प्रत्यक्ष कथनमा जस्तै कथयिता अंश र कथन अंश हुन्छ, तर यिनीहरू परिवर्तित स्थितिमा आउँछन् अर्थात् उक्त दुवै अंशको संश्लेषण भएको हुन्छ :

पासाङ्से पाङ्बा दोर्जे तीनी याम्बुरी नीजी रो ।

(पासाङले भनेको दोर्जे आज काठमाडौं गयो रे) ।

माथिका अप्रत्यक्ष कथनमा प्रत्यक्ष अंश र अप्रत्यक्ष अंशको संश्लेषण भएको छ । अप्रत्यक्ष परिवर्तनलाई धेरै प्रकारले व्यक्त गरेको पाइन्छ :

प्रत्यक्ष कथन : पाराङ्से पाङ्जी, "आले द़ीम् नीजी ।"
पाराङले भन्यो, 'भाइ घर गयो ।'

अप्रत्यक्ष कथन :
क. पाराङ्से पाङ्बा आले द़ीम् नीजी रो ।
पाराङले भनेको भाइ घर गयो रे ।
ख. पाराङ्से आले द़ीम् नीजी बीसी पाङ्मु ।
पाराङले भाइ घर गयो भनेर भन्यो ।
ग. पाराङ्से तीक् पाङ्जी बीसाम् आले द़ीम् नीजी ।
पाराङले के भन्यो भने भाइ घर गयो ।
घ. पाराङ्से आले द़ीम् नीजी बीसी थाइना लाम् (मु) ।
पाराङले भाइ घर गयो भनेर सुनायो ।
ङ. आले द़ीम् नीजी बीसी पाराङ्से पाङ्जी ।
भाइ घर गयो भनेर पाराङले भन्यो ।

३.८.३ कथन परिवर्तनको प्रक्रिया

१. पुरुष

कथयिता अंशको कर्ता जुनसुकै पुरुषमा:मा रहे पनि कथन अंशको प्रसङ्गमा परिवर्तन हुँदैन :

७. प्र.क. : पासाङ्से पाङ्जी, 'ग़ाङ्ला च्याङ्बा सीजी ।'
अ.क. : पासाङ्से ग़ाङ्ला च्याङ्बा सीजी बीसी पाङ्जी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. प्र.क. : पासाङ्से पाङ्जी, 'आइ खानाङ् नीसी खाबा ?'
अ.क. : पासाङ्से आइ खानाङ् नीजी खाबा बीसी ङ्योत्ची ।
९. प्र.क. : पासाङ्से पाङ्जी, 'ङा ब्रीबान् मुला'
अ.क. : पासाङ्से ङा ब्रीबान् मुला बीसी पाङ्जी ।
१०. प्र.क. : साङ्मोसे पाङ्जी, 'य़ाङ् ऩाङ्गार् रुप्तागे ।'
अ.क. : साङ्मोसे य़ाङ् ऩाङ्गार् रुप्तागे बीसी पाङ्जी ।
११. प्र.क. : ङाइ पाङ्जी, 'ङा ऩाङ्गार् स्योरी खाला ।'
अ.क. : ङाइ ङा ऩाङ्गार् स्योरी खाला बीसी पाङ्जी ।
१२. प्र.क. : आइसे पाङ्जी, "ङा ऩाङ्गार् स्योरी खाला ।"
अ.क. : आइसे ङा ऩाङ्गार् स्योरी खाला बीसी पाङ्जी ।
१३. प्र.क. : साङ्मोसे पाङ्जी, 'ङा ऩाङ्गार् स्योरी खाला ।'
अ.क. : साङ्मोसे ङा ऩाङ्गार् स्योरी खाला बीसी पाङ्जी ।

माथिका (७, ८, ९, १०, १३) वाक्यहरूमा कथयिता अंशको कर्ताले तृतीय पुरुषमा छ, वाक्य ११ मा कथयिता अंशको कर्ता प्रथम पुरुषमा र वाक्य १२ मा कथयिता अंशको कर्ता द्वितीय पुरुषमा छ अर्थात् कथयिता अंशको कर्ता विभिन्न पुरुषमा भए पनि कथनको कर्तामा परिवर्तन भएको छैन । तर वाक्य ८,१२ र १३ को अप्रत्यक्ष कथन यसरी पनि प्रयोगमा आएको देखिन्छ :

१४. पासाङ्से ङा खानाङ् नीसी खाबा बीसी ङ्योत्मु ।
पासाङले म कहाँ गएर आएको भनेर सोध्यो ।
१५. आइसे आइ ऩाङ्गार् स्योरी खाला बीसी पाङ्जी ।
तिमीले तिमी भोलि बिहान आउँछु भनेर भन्यो ।
१६. साङ्मोसे थे ऩाङ्गार् स्योरी खाला बीसी पाङ्जी ।
साङमोले ऊ भोलि बिहान आउँछु भनेर भनी ।

२. कथन अंशका क्रियापदमा परिवर्तन

प्रत्यक्ष कथनमा कथयिता अंशका क्रियापदले कथन अंशमा क्रियापदको काल वा पक्षलाई प्रभावित पारेको पाइदैन त्यस्तै कथन अंशका क्रियापदले पनि कथयिता अंशका क्रियापदको काल वा पक्षलाई प्रभावित पारेको हुँदैन :

	कथयिता अंश	कथन अंश
क.	पासाङ्से पाङ्जी,	'दोर्जे खाला ।' (दोर्जे आउँछ ।)
	(पासाङले भन्यो)	दोर्जे खाजी । (दोर्जे आयो ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'दोर्जे खाबान् मुला ।' (दोर्जे आउँदैछ ।)
'दोर्जे खाबान् मुबा ।' (दोर्जे आउँदै थियो ।)
'दोर्जे खाला ताला ।' (दोर्जे आउँछ होला ।)

ख. पासाङ्से पाङ्ला- (पासाङले भन्छ)
'दोर्जे खाला ।' (दोर्जे आउँछ ।)
'दोर्जे खाजी ।' (दोर्जे आयो ।)
'दोर्जे खाबान् मुला ।' (दोर्जे आउँदैछ ।)
'दोर्जे खाबान् मुबा ।' (दोर्जे आउँदै थियो ।)
'दोर्जे खाला ताला ।' (दोर्जे आउँछ होला ।)

माथिका उदाहरणहरूबाट प्रस्ट हुन्छ कथयिता अंश र कथन अंशका क्रियापदले एक आपसमा प्रभाव पारेका छैनन् । तर प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा लैजाने क्रममा कथन अंशमा समापिका क्रियाले असमापिका क्रिया लिने गर्दछ :

१७. छीरीङ्से पाङ्जी- 'पासाङ् चुरी खाला/खालाताला ।'
छीरीङले भन्यो - 'पासाङ यहाँ आउँछ/आउँछ होला ।'
क. छीरीङ्से पासाङ् चुरी खाबा ताम् लाजी ।
छीरीङले पासाङ यहाँ आउने कुरा गऱ्यो ।
ख. छीरीङ्से पासाङ् चुरी खाला/खालाताला बीसी पाङ्जी ।
छीरीङले पासाङ यहाँ आउँछ, आउँछ होला भनेर भन्यो ।

१८. छीरीङ्से पाङ्जी- 'पासाङ चुरी खाजी/खामुला/खाबामुबा ।
छिरिङले भन्यो - 'पासाङ यहाँ आउँछ/आउँछ होला/आएको थियो ।'
क. छीरीङ्से पासाङ् चुरी खाबा ताम् लाजी ।
छिरिङले पासाङ यहाँ आउने कुरा भन्यो ।
ख. छीरीङ्से पासाङ् चुरी खाजी/खामुबा/खाबा मुबा बीसी पाङ्जी ।
छिरिङले पासाङ यहाँ आयो/आउँछ/आएको थियो भनेर भन्यो ।

१९. छीरीङ्से पाङ्जी- "पासाङ् खाबान् मुला/मुबा ।"
छिरिङले भन्यो - 'पासाङ आउँदैछ/थियो ।'
क. छोरीङ्से पासाङ् खाबान् लाबा ताम् लाजी ।
छिरिङले पासाङ आउँदै गरेको कुरा गऱ्यो ।
ख. छीरीङ्से पासाङ् चुरी खाबा ताम् मुला/मुबा बीसी पाङ्जी ।
छिरिङले पासाङ यहाँ आउने कुरा छ/थियो भनेर भन्यो ।

२०. छीरीङ्से पाङ्जी- 'पासाङ् खाबा लामुबा ।'
छिरिङले भन्यो - 'पासाङ आउने गर्थ्यो ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. छीरीङ्से पासाङ् चुरी खाबा लाबा ताम् लाजी ।
छिरिङले पासाङ यहाँ आउने गरेको कुरा गर्‍यो ।

ख. छीरीङ्से पासाङ् चुरी खाबा ताम् लामुबा बीसी पाङ्जी ।
छिरिङले पासाङ यहाँ आउने गर्थ्यो भनेर भन्यो ।

माथिको /क/ वर्गमा वाक्यहरूमा प्रयुक्त **खाबा, लाबा** क्रियापद असमापिका क्रियापद हुन् । यस्ता परिवर्तन कम स्वाभाविक हुन्छन् । तर /ख/ वर्गका वाक्यहरू भने स्वाभाविक मानिन्छन् ।

३.८.४ वाक्यप्रकृति र कथन परिवर्तन

१. सामान्य वाक्य

२१. पासाङ्से पाङ्जी, साङ्मो इस्कुल् नीजी । (प्रत्यक्ष कथन)
पासाङले भन्यो - 'साङमो स्कुल गई ।'

क. पासाङ्से साङ्मो इस्कुल् नीजी बीसी पाङ्जी । (अप्रत्यक्ष कथन)
पासाङले साङमो स्कुल गई भनेर भन्यो ।

ख. पासाङ्से साङ्मो इस्कुल् नीबा ताम् लाजी । (अप्रतयक्ष कथन)
पासाङले स्याङमो स्कुल गएको कुरा भन्यो ।

२२. दोर्ज्से पाङ्जी, 'द़ीम्री सीङ् आरे ।' (प्रत्यक्ष कथन)
दोरजेले भन्यो - 'घरमा दाउरा छैन ।'

क. दोर्ज्से द़ीम्री सीङ् आरे बीसी पाङ्जी । (अप्रत्यक्ष कथन)
दोरजेले घरमा दाउरा छैन भनेर भन्यो ।

ख. दोर्ज्से द़ीम्री सीङ् जीन्बा ताम् लाजी (अप्रत्यक्ष कथन)
दोरजेले घरमा दाउरा सिद्धिएको कुरा गर्‍यो ।

माथिका क. उदाहरणहरूमा /बीसी/ (भन्यो) संयोजक मार्फत अप्रत्यक्षता दर्शाइएको पाइन्छ, तर क.वाक्यको तुलनामा ख.वाक्यमा अप्रत्यक्षता बढी देखिन्छ ।

२. प्रश्नार्थक वाक्य

२३.थेसे ङादा पाङ्जी, 'आइला म़ीन् तीक् ?' (प्रत्यक्ष कथन)
उसले मलाई भन्यो - 'तिम्रो नाम के हो ?'

क. थेसे ङादा आइला मीन् तीक् बीसी ङ्योत्ची । (अप्रत्यक्ष कथन)
उसले मलाई तिम्रो नाम के हो भनेर सोध्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. थेसे ङादा ङाला मीन् ङचोत्ची/सेबारी म़ाइजी । (अप्रत्यक्ष कथन)
उसले मलाई मेरो नाम सोध्यो/जान्न खोज्यो ।

२४. छीरीङ्से पाङ्जी, 'पासाङ्, आइ गाइमा खाजी ?' (प्रत्यक्ष कथन)
छिरिङले भन्यो, 'पासाङ, तिमी कहिले आयौ ।'
क. छीरीङ्से पासाङ्दा (थे) गांइमा खाजी बीसी ङचोत्ची । (प्र. क.)
छिरिङले पासाङलाई ऊ कहिले आयो भनेर सोध्यो ।
ख. छिरीङ्से पासाङ्दा दोखाबा ताम् ङचोत्ची । (प्रत्यक्ष कथन)
छिरिङले पासाङलाई ऊ आई पुगेको वारे सोध्यो ।

२५. डुप्चेन्से पाङ्जी, 'पेमा, आइ ऩाङ्गार् खाना नीला ?' (प्रत्यक्ष कथन)
डुप्चेनले भन्यो - 'पेमा, तिमी भोलि कहाँ जान्छौ ?'
क. डुप्चेन्से पेमादा (थे) ऩाङ्गार् खाना नीला बीसी ङचोत्ची । (प्र. क)
डुप्चेनले पेमालाई ऊ भोलि कहाँ जान्छौ भनेर सोध्यो ।
ख. डुप्चेन्से पेमादा ऩाङ्गार् नीबा ग़्ला ङचोत्ची । (प्रत्यक्ष कथन)
डुप्चेनले पेमालाई भोलि जाने ठाउँ बारे सोध्यो ।

माथिका उदाहरणहरूमा **पाङ्जी** (भन्यो) क्रियापदको सट्टामा **ङचोत्ची** (सोध्यो) क्रियापदको प्रयोग भएको छ र वाक्य (क) मा **'बीसी'** संयोजकमार्फत अप्रत्यक्षता देखाइएको छ । तर वाक्य (ख) ले वाक्य क को तुलनामा बढी अप्रत्यक्षता दर्शाएको छ ।

३. आज्ञार्थक वाक्य

२६. आपासे जादा पाङ्जी- 'आइ द़ीम् नीउ ।' (प्रत्यक्ष कथन)
बुबाले छोरालाई भने - 'तिमी घर जाऊ ।'
क. आपासे जादा द़ीम् नीउ बीसी पाङ्जी/कुल्जी । (अप्रत्यक्ष कथन)
बुबाले छोरालाई घर जाऊ भनेर भने ।
ख. आपासे जादा द़ीम् नीउ ब़ीजी ।
बाबुले छोरालाई घर जाऊ भने ।

२७. साङ्मोसे आलोदा पाङ्जी, 'चुरोस् बीडी आथुङो ।' (प्रत्यक्ष कथन)
साङमोले भाईलाई भनी, 'धूमपान नगर ।'
क. साङ्मोसे आलेदा चुरोस् बीडी आथुङो बीसी पाङ्जी/कुल्जी ।
साङमोले भाईलाई धूमपान नगर भनेर भनी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. साङ्मोसे आलेदा चुरोस् बीडी आथुङो बीसी/थुङ्बारी आताबा
ताम् पाङ्जी ।
साङमोले भाईलाई धूमपान नगर भनेर/गर्नु हुँदैन भनेर भनी ।

आज्ञार्थक वाक्यको उक्ति परिवर्तन हुँदा /**बीसी**/(भनेर) संयोजकमार्फत अप्रत्यक्ष कथन बनेको छ । वाक्य (ख) मा अप्रत्यक्ष केही बढी देखिन्छ । आज्ञार्थक वाक्यमा 'आइदा आपासे खाउ रो', 'ङादा ढ़ीम्री नीउ रो' 'आङादा पाङ्सी पीनो रो' आदि अप्रत्यक्ष कथनहरू तामाङभाषामा बढी प्रयुक्त भएको पाइन्छ ।

४. इच्छार्थक वाक्य

२८.ताम्बासे सुङ्जी, 'सेम्से म़ान्बा राङ् तागाइ ।'
बुज्रुकले भने, 'मनले चिताए जस्तै होओस् ।'
क. ताम्बासे सेम्से म़ान्बा राङ् तागाइ बीसी सुङ्जी ।
बुज्रुकले मनल् चिताए जस्तै होओस् भनेर भन्यो ।
ख. ताम्बासे म़ान्बा राङ् तागाइ सुङ्जी ।
बुज्रुकले मनले चिताए जस्तै होओस् भन्यो ।
२९.आखेसे साङ्मोदा सुङ्जी, 'ले़गाइ, छेरीङ्गाइ ।'
बाजेले साङमोलाई भन्यो, 'सप्रेस, चिरञ्जीवी भएस् ।'
क. आखेसे साङ्मोदा ले़गाइ छेरीङ्गाइ बीसी सुङ्जी ।
बाजेले साङमोलाई सप्रेस, चिरञ्जीवी भएस् भनेर भने ।
ख. आखेसे साङ्मोदा जीन्लाप् फुल्जी ।
बाजेले साङमोलाई आशीर्वाद दिए ।

५. सम्भावनार्थक वाक्य

३०.छीरीङ्से पाङ्जी, 'पेमा, ऩाङ्गार् दोखाला'
छिरिङले भन्यो, 'पेमा, भोलि आइपुग्छ ।'
क. छीरीङ्से पेमा ऩाङ्गार् दोखाला बीसी पाङ्जी ।
छिरिङले पेमा भोलि आइपुग्छ भनेर भन्यो ।
ख. छीरीङ्से पेमा ऩाङगार् दोखाबा ताम् लाजी ।
छिरिङले पेमा भोलि आइपुग्ने कुरा गऱ्यो ।
३१.सोनाम्से पाङ्जी, 'तीनी नाम् ख़ालाताला ।'
सोनामले भन्यो, 'आज पानी पर्छ होला ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. सोनाम्से तीनी नाम् खालाताला बीसी पाङ्जी ।
सोनामले आज पानी पर्छ होला भनेर भन्यो ।
ख. सोनाम्से तीनी नाम् खालाताला बीमुबा ।
सोनामले आज पानी पर्छ होला भनेको थियो ।

६. **संकेतार्थ वाक्य**

३२. डुप्चेन्से पाङ्जी, 'नाम् खासाम् कान् रोला ।'
डुप्चेनले भन्यो, 'पानी परे अन्न फल्छ ।'
क. डुप्चेन्से नाम् खासाम् कान् रोला बीसी पाङ्जी ।
डुप्चेनले पानी परे अन्न फल्छ भनेर भन्यो ।
ख. डुपचेन्से नाम्खासाम् कान् रोबा ताम् लाजी ।
डुप्चेनले पानी परे अन्न फल्ने कुरा गऱ्यो ।

७. **आश्चर्यबोधक वाक्य**

३३. गेसेसे पाङ्जी, 'आहा ! गादे ज्याबा नाम्सा'
गेसेले भन्यो, 'आहा ! कति राम्रो गाउँ !'
क. गेसे ल़ानान् ज्याबा नाम्सा म्राङ्सी ताङ्जी ।
गेसे धेरै गाउँ रहेछ भनेर खुशी भयो ।
ख. गेसे से ल़ानान् ज्याबा नाम्साला ताम्लासी ताङ्जी ।
गेसेले धेरै राम्रो गाउँको कुरा गरेर खुशी भयो ।

३४. साङ्मोसे पाङ्जी, 'छ्चा: खाराङ्बा थाङ्खाबा ग़ला ।'
साङमोले भनी, 'छि, कस्तो गन्हाउने ठाउँ !'
क. साङ्मोसे ल़ानान् थाङखाबा ग़ला चीम् बीसी पाङ्जी ।
साङमोले निकै गन्हाउने ठाउँ रहेछ भनेर भनी ।
ख. साङ्मोसे थाङ्खाबा ग़लाला ताम् लाजी/लामुबा ।
साङमोले गन्हाउने ठाउँको कुरा गरी/गरेकी थिइ ।

८. **प्रस्तावार्थक वाक्य**

३५. गान्बासे सुङ्जी, 'दुर्सागाङ्री द़ोङ् सुगे ।'
वुज्रुकले भन्नुभयो, 'च्यानडाँडामा रुख रोपौं ।'
क. गान्बासे दुर्सागाङ्री द़ोङ् सुगे बीसी सुङ्जी ।
वुज्रुकले च्यानडाँडामा रुख रोपौं भनेर भन्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख. गान्बासे दुर्सागाड़्री दोङ्सुगे बीसी ताम् लास्युजी ।
बुज्रुकले च्यानडाँडामा रुख रोपौं भनेर कुरा गर्नुभयो ।

३६. पेमासे पाङ्जी, 'दाम् दीम् नीगे ।'
पेमाले भन्यो, 'अब भर जाऔं ।'
क. पेमासे दीम् नीगे बीसी पाङ्जी ।
पेमाले अब घर जाऔं भनेर भन्यो ।
ख. पेमासे दीम् नीतोबा ताम् लाजी ।
पेमाले अब घर जानुपर्छ भनेर कुरा गऱ्यो ।

माथिका उदाहरणबाट प्रस्ट छ तामाङभाषामा अप्रत्यक्ष कथनको विकासक्रम प्रारम्भिक अवस्थामा नै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय चार – केही व्याकरणात्मक कोटीहरु

४.१ वचन व्यवस्था (Number System)

४.१ वचन

भाषामा सङ्ख्याको बोध गराउने शब्दलाई वचन भन्दछन्। तामाङभाषाको आफ्नै परम्परागत वचन व्यवस्था छ। यस भाषामा वचन दुई प्रकारका छन् :

क. एकवचन ख. बहुवचन

क. एकवचन

एउटा मात्र बोध गराउने शब्दलाई एकवचन भन्दछन्। यस भाषामा एक वचन दर्शाउने कुनै चिन्हक (Singular Marker) छैन।

ख. बहुवचन

एकभन्दा धेरैको बोध गराउने शब्दलाई बहुवचन भन्दछन्। बहुवचन दर्शाउने चिन्हक (Plural Marker) पनि तामाङभाषामा छैन। बहुवचनीय सर्ग /जुगु/ जोडेर बहुवचन बनेको हुन्छ : **आस्याङ्जुगु** (मामाहरु), **आङीजुगु** (माइज्यूहरु), **आखजुगु** (हजूरबाहरु), **मामजुगु** (हजूरआमाहरु), **राजुगु** (बाखाहरु), **मेज़ुगु** (गोरुहरु), **मीज़ुगु** (मानिसहरु), **ड्वाजुगु** (सुङ्गुरहरु) आदि।

यस भाषामा नाम र सर्वनाम मात्र वचन पाइन्छ।

४.१.१ नाममा वचन :

क. बहुवचनको प्रयोग :

निम्नलिखित अवस्थामा प्रायः बहुवचनको प्रयोग हुन्छ :

१. मानवीय नाममा बहुवचन :

मानवीय नामहरू कर्ताको रूपमा आएमा, त्यस्ता नामको बहुवचन व्यक्त गर्न /जुगु/ को प्रयोग हुन्छ।

	एकवचन	बहुवचन
१.	आले खाजी।	आलेजुगु खाजी।
	भाइ आयो।	भाइहरू आए।
२.	आङा नीजी।	आङाजुगु नीजी।
	बहिनी गइन।	बहिनीहरू गए।
३.	डोन्बो तोर् फेप्ची।	डोन्बोजुगु तोर् फेप्ची।
	पाहुना माास्तिर जानुभयो।	पाहुनाहरू मास्तिर जानुभयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. **सन्दर्भगत बहुवचन**

व्यक्तिका नाम वा मानवीय नामहरूमा बहुवचनीय सर्गको प्रयोग भएमा त्यस्ता बहुवचनले सन्दर्भ दर्शाउँछ । त्यस्ता बहुवचनको अर्थ 'त्यो र त्यस्तै अन्य' भन्ने हुन्छ :

	एकवचन	**बहुवचन**
४.	पासाङ् खाजी ।	पासाङ्जुगु खाजी ।
	पासाङ आयो ।	पासाङहरू आएँ ।
५.	दोर्जे नीजी ।	दोर्जेजुगु नीजी ।
	दोर्जे गयो ।	दोर्जेहरू गए ।
६.	ज्योज्यो द़ीम् फेप्ची ।	ज्योज्योजुगु द़ीम् फेप्ची ।
	दाज्यू घर जानुभयो ।	दाज्यूहरू घर जानुभयो ।
७.	नानासे सेबा सोल्जी ।	नानाजुगुसे सेबा सोल्जी ।
	दिदीले खाना खानुभयो ।	दिदीहरूले खाना खानुभयो ।

तामाङभाषामा मूलत: सम्वद्ध पक्षका व्यक्तिहरुको सन्दर्भ देखाउनका लागि बहुवचनको प्रयोग हुन्छ । माथिका वाक्य नं. ४ मा पासाङ र पासाङसँग सम्बद्ध पक्षका व्यक्तिहरुको सन्दर्भ दर्शाउन /जुगु/ को प्रयोग भएको छ । यसरी नै दोरजे, ज्योज्यो र नानामा पनि /जुगु/ को प्रयोग भएको छ ।

ख एकवचनको प्रयोग :

निम्नलिखित अवस्थामा प्राय: एकवचनको प्रयोग हुन्छ ।

१. **जातिबोधक नाममा एकवचन**

जातिबोधकको अभिप्रायमा प्राय: एकवचनको प्रयोग हुन्छ :

८. मे़ ला काङ्ब्ली तामुला ।
गोरुका चारवटा खुट्टा हुन्छन् ।

९. नामेला ब्याप् ऩी तामुला ।
चराका दुईवटा पखेटा हुन्छन् ।

१०. केवालुङ्री मी़से केवा कीन्मुला ।
संसारमा मानिसले जन्म लिन्छ ।

२. **सङ्ख्यावाचकमा एकवचन**

सङ्ख्या शब्दको प्रयोग भएमा बहुवचनीय सर्ग/जुगु/को आवश्यक हुँदैन :

११. पासाङ्से दो़ङ् ऩी सुजी ।
पासाङले दुईवटा रूख रोप्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२. नागाला कोला ब्ली मुबा ।
कुखुराका चल्ला चारवटा थिए ।

१३. दोर्जेला आङा सोम् मुला ।
दोर्जेका तीनवटी बहिनी छन् ।

१४. ङाला ज्योज्यो ऩी, च्योन् सोम् मुला ।
मेरो दुईजना दाज्यूहरू र दुईजना भाइहरू छन् ।

१५. मे ग़लाप् ऩी, मुइ सोम् मुला ।
गोरु दुईवटा र भैंसी तीनवटा छन् ।

३. कोटिकर एकवचन

वाक्यमा कोटिकर शब्दको प्रयोग भएमा एकवचनको प्रयोग हुन्छ :

१६. मे़न्दो सोम् मी़ खाजी ।
तीनजना मानिस आउनुभयो ।

१७. ग़्वात्से गोर् ङ़ा नागा बोर्जी ।
चीलले पाँचवटा कुखुरा लग्यो ।

१८. तील्मा मे़न्दो ब्ली पुलीस् खामुला ।
हिजो चारजना पुलिस आएका थिए ।

१९. खार्बारी लाङाइ टोकोल् ऩी मुबा ।
थालमा दुई टुक्रा काक्रो थियो ।

मे़न्दो (जना), **गोर्** (वटा), **टोकोल्** (टुक्रा), तामाङ-कोटिकर हुन् ।

४. समूहबोधकमा एकवचन

एकभन्दा धेरै बोध गराउने क्रियाविशेषण शब्दको प्रयोग भएमा पनि नामसँग बहुवचनको प्रयोग हुँदैन :

२०. ला़नान् मी़ मुबा ।
धेरै मानिस थिए ।

२१. मोकोन् मी़ से पाङ्बा थाइजी ।
धेरै मानिसले भनेको सुनें ।

२२. थेला दी़म्री ला़नान् रा मुला रो ।
उसको घरमा धेरै बाखा छन् रे ।

५. जन्तु-इतर नाममां एकवचन

जन्तु-इतर नामसँग एकवचनको प्रयोग हुन्छ :

२३. दी़म्री सीङ् आरे ।
घरमा दाउरा छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४. दोत् नी सीङ् बाजी ।
दुई भारी दाउरा ल्यायो ।

२५. सोङ्मोसे बोन् सोम् छे खान्जी ।
साङ्मोले तीन मुठा घाँस काट्यो ।

२६. पाल्मोसे फाम् सोम् म्ला चुङ्जी ।
पाल्मोले तीन पाथी चामल बेचिन् ।

२७. फाम् सोम् ब्रा मुला, म्लाम् आरे ।
तीन पाथी पीठो छ, तर चामल त छैन ।

२८. कुर्सी सोम् चुरी बाउ ।
तीनवटा कुर्सी यहाँ ल्याऊ ।

यी उदाहरणहरूबाट के प्रष्ट हुन्छ भने तामाङभाषामा बहुवचनको प्रयोगमा राम्ररी ध्यान दिनु आवश्यक पर्दछ ।

४.१.२. सर्वनाममा वचन

१. प्रथमपुरुष-वाचकको वचन

प्रथमपुरुष-वाचक सर्वनाम /ङा/ (म) हो । म र म सँग सम्बद्ध पक्षमा व्यक्तिहरूको सन्दर्भ दर्साउन /ङा/ को बहुवचन **ङानी** (हामी) र **याङ्** (हामी) को प्रयोग हुन्छ ।

प्रथम पुरुषवाचक सर्वनामको बहुवचन दुई प्रकारका छन् - समावेशी सर्वनाम र असमावेशी सर्वनाम ।

२. समावेशी सर्वनाम

कथनमा वक्ताले श्रोता र अन्य सन्दर्भ समेत समावेश गर्ने सर्वनामलाई समावेशी सर्वनाम भन्दछन् । तामाङ समावेशी सर्वनाम /याङ्/ हो । यस्तो सर्वनामले वक्ता, श्रोता र अन्य सन्दर्भ समेत जनाउँछ, अर्थात् /याङ्/ ले म, तिमी र अरूलाई पनि समेट्छ :

२९. याङ् गीक् तासी युल्सादा थीगे ।
हामी एक भएर देशलाई उठाऔं ।

३०. याङ्से पाङ्बा ताम् डीक्ची ।
हामीले भनेको कुरा मिल्यो ।

३. असमावेशी सर्वनाम

कथनमा वक्ताले श्रोतालाई समावेश नगर्ने सर्वनामलाई असमावेशी सर्वनाम भन्दछन् । तामाङ असमावेशी सर्वनाम /ङानी/ हो । यस्ता सर्वनामले वक्तालाई मात्र समेटछ, श्रोतालाई समेट्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१. ङानी याम्बुरी नीजी ।
हामी काठमाडौं गयौं ।

३२. ङानी इस्कुल् ग्याम् खाबान् मुला ।
हामी स्कूलबाट आउँदै छौं ।

यहाँ प्रस्तुत /**ङानी**/ ले श्रोतालाई समेटेको छैन ।

समावेशी सर्वनाम /**याङ्**/ (हामी) र असमावेशी सर्वनाम /**ङानी**/ (हामी) मा बहुवचनीय सर्ग /**गादे**/(हरू) थपेर वैकल्पिक बहुवचन बनेको हुन्छ । संक्षेपमा प्रथमपुरुष-वाचक सर्वनामको वचनलाई यसरी देखाउन सकिन्छ :

एकवचन	बहुवचन			
	असमावेशी	समावेशी	वैकल्पिक असमावेसी	वैकल्पिक समावेशी
ङा (म)	ङानी (हामी)	याङ् (हामी)	ङानीगादे (हामीहरू)	याङ्गादे (हामीहरू)

४. द्वितीयपुरुष-वाचक वचन :

द्वितीयपुरुष-वाचक सर्वनाम आइ (तिमी) हो अर्थात् /**आइ**/ले श्रोतासन्दर्भ जनाउँछ । /**आइ**/ को बहुवचन /**आइनी**/ हुन्छ र /**आइनी**/सँग सम्बद्ध पक्षका व्यक्तिहरूको सन्दर्भ दर्साउन समेत बहुवचनीयसर्ग/गादे/ थपिएको हुन्छ ।

/**राङ्**/(तपाइँ) द्वितीयपुरुष-वाचक सर्वनाम हो । यसको बहुवचन/**राङ्नी**/ हुन्छ र /**राङ्नी**/सँग सम्बद्ध पक्षका व्यक्तिहरूको सन्दर्भ समेत दर्शाउन /**राङ्नी**/मा /**गादे**/ थपिएको हुन्छ । संक्षेपमा यसलाई यसरी देखाउन सकिन्छ :

एकवचन	**बहुवचन**	
	सन्दर्भगत	**बैकल्पिक**
आइ (तिमी)	आइनी	आइनीगादे
राङ् (तपाई)	राङ्नी	राङ्नीगादे

५. तृतीय पुरुष

वक्ता र श्रोता बाहेक अन्य सन्दर्भ दर्साउने सर्वनामहरूको बहुवचन/**नी**/जोडेर बनेको हुन्छ र सम्बद्ध पक्षका व्यक्तिहरूको सन्दर्भ समेत दर्साउन/**गादे**/ थपिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकवचन	बहुवचन	
	सन्दर्भगत	बैकल्पिक
थे (ऊ)	थेनी,	थेनीगादे, थेमागादे
होजा (त्यो)	होजानी,	होजागादे
इजा (यो)		इजागादे
चु (यो)	चुनी,	चुनीगादे, चुमागादे
माजा (त्यो)		माजागादे,
तोजा (त्यो)		तोजागादे

नाम र सर्वनाममा बाहेक अन्य शब्द वर्गको बहुवचन तामाङभाषामा पाइँदैन ।

सारांशमा तामाङ सर्वनामको बहुवचनको रूप यसरी देखाउन सकिन्छ :

एकवचन	बहुवचन	
	सन्दर्भगत	बैकल्पिक
ङा (म)	ङानी (असमावेशी)	ङानीगादे
	याङ् (समावेशी)	याङ्गादे
आइ (तिमी)	आइनी	आइनीगादे
राङ् (तपाई)	राङ्नी	राङ्नीगादे
चु (यो)	चुनी, चुमा	चुनीगादे, चुमागादे
इजा (यो)	इजानी	इजागादे,
होजा (त्यो)	होजानी	होजागादे
तोजा (त्यो)	-	तोजागादे
माजा (त्यो)	-	माजागादे

४.२ लिङ्गव्यवस्था (Gender System)

४.२ तामाङलिङ्ग

सामान्यतया: भाषामा स्त्री-पुरुषको भेद दर्साउने शब्दलाई लिङ्ग भन्दछन् । सबै भाषामा लिङ्गभेद एकै प्रकारका हुँदैनन् । हिन्दीभाषामा दुई लिङ्ग छन् - पुलिङ्ग र स्त्रीलिङ्ग । संस्कृत, नेपाली आदि भाषामा तीन लिङ्गको व्यवस्था छ । पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग । यसरी नै अंग्रेजीमा उभयलिङ्गसहित चार लिङ्गको चर्चा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । भोलानाथ तिवारीले "काकेशस परिवारको चेचेनबोलीमा छ लिङ्ग छ" भनेका छन् (तिवारी १९९२ : २३८) भने डा. माधवप्रसाद पोखरेलले अफ्रिकाको वान्टुभाषामा तेत्तीसवटा लिङ्ग छन्" (पोखरेल २०४९ : ६४) भनी उल्लेख गरेका छन् ।

तर तामाङभाषामा लिङ्ग भेद छैन अर्थात् यो लिङ्गविहिन भाषा हो । **आख** (हजूरबा)- **माम्** (हजूरमा), **आपा** (बाबा), **आमा**, **आस्याङ्** (मा:मा), **आङी** (माइजू) आदि प्राकृतिक लिङ्ग भेद हुन, व्याकरणगत लिङ्गभेद होइनन् । प्राकृतिक लिङ्गभेदलाई भाषाको लिङ्गभेद मानिदैन । 'लिङ्ग भन्नाले प्राकृतिक पुरुष वा स्त्री भन्ने नबुझिएर व्यवस्थित व्याकरणिक लिङ्ग भन्ने बुझिन्छ । (न्यौपाने २०५१:२६५)'

तामाङभाषाका प्राकृतिक लिङ्गी शब्दहरूको उपस्थिति नाम शब्दवर्गमा मात्र हुन्छ । यस्ता लिङ्गी शब्दको अभिव्यक्ति तामाङभाषामा विभिन्न प्रकारको हुन्छ ।

४.२.१ लिङ्गभेदक शब्दहरू

केही मौलिक लिङ्गभेदक शब्दहरू यी हुन् :

क. पुलिङ्गीशब्द

आखे (हजूरबा), आगु (काका), आपा (बुबा), आस्याङ् (मामा), केन् (ससुरो), कोन् (भानिज), खेप्पा (बुढा), ग्ले (राजा), च्योन् (भाइ), छाया (नाति), ज्योज्यो (दाज्यू), फा (लोग्ने), मायुङ् (माइती), म़ा (जुवाइँ/भेनाज्यू), मे़मे (बराज्यू), रेम्बा (लोग्ने), व़ा:बा (भाले), ब्योन् (युवक), ग्योलोङ् (भिक्षु), स्याङ्बो (सालो), स्योलोन् (फुपाज्यू)

ख. स्त्रीलिङ्गी शब्द

आङा (बहिनी), आङी (फुपू/माइज्यू), आमा (आमा), आनी (भिक्षुणी), आसु (काकी), आरु (काकी) कोन्मे (भानजी), चाङ् (भाउज्यू/बुहारी), जामे (छोरी), छामे (तरुणी) छुया (नातिनी), नीमो (नन्द), म्रीङ् (स्वास्नी), योमा (पोथी), मा:मा (माउ), स्युमी (सासू), खुयु (बूढी) माम् (हजूरआमा)

४.२.२ पुलिङ्गबाट व्युत्पादित स्त्रीलिङ्गी शब्द

क. /स्या/ थपेर

(राजा) ग्ले	>	ग्लेस्या (रानी)
(मीत) लेङ्	>	लेङ्स्या (मितीनी)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(जेठो)	थेबा	>	थेबास्या (जेठी)
(जेठो)	ग्रेन्	>	ग्रेन्स्या (ठूली)
(माइलो)	पाराङ्	>	पाराङ्स्या (माइली)
(कान्छो)	च्याङ्बा	>	च्याङ्बास्या (कान्छी)
(सालो)	स्याङ्बो	>	स्याङ्बोस्या (साली)
(नेवार)	बाइ	>	बाइस्या (नेवार्नी)
(तामाङ)	तामाङ्	>	तामाङ्स्या (तामाङनी)
(तामाङ थर)	थीङ्	>	थीङ्स्या (थिङनी)
(तामाङ थर)	मोक्तान्	>	मोक्तान्स्या (मोक्तानसी)

ख. /चाङ्/ शब्द थपेर

(छोरा)	जा	>	जाचाङ् (छोरा बुहारी)
(नाति)	छाया	>	छायाचाङ् (नाती बुहारी)
(भानिज)	कोन्	>	कोन्चाङ् (भान्जा बुहारी)
(दाज्यू)	ज्योज्यो	>	ज्योज्योचाङ् (ज्योत्चाङ्)(दाजु भाउज्यु)
(भाइ)	च्योन्	>	च्योन्चाङ् (भाई बुहारी)
(बेहुला)	माछार्	>	चाङ्छार् (बेहुली)

ग. /माइ/ थपेर

दावोथेबा	>	माइथेबा
दावोपाराङ्	>	माइपाराङ्
दावोच्याङ्बा	>	माइच्याङ्बा (माइच्याङ्)

घ. /जामे/थपेर

जाथेबा	>	जामे थेबा
जा पाराङ्	>	जामे पाराङ
जा च्याङ्बा	>	जामेच्याङ्बा

३. स्त्रीलिङ्गबाट व्युत्पादित पुलिङ्ग शब्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. /म़ा/ थपेर

(दिदी) नाना	>	नानाम़ा (दिदी भेना)
(छोरी) जामे	>	जामेम़ा (छोरी जुवाइ)
(नाति) छाया	>	छायाम़ा (नातीनी जुवाइ)
(भान्जी) कोन्मे	>	कोन्मेम़ा (भान्जी जुवाइ)

४. /**आपा**/ शब्द जोडिएको पुलिङ्गी शब्दमा /**आमा**/ शब्द थपेर बनेकोहुन्छ :

आपाग्रेन् (ठूलाबा)	>	आमाग्रेन् (ठूलीआमा)
आपाथेबा (ठूलाबा)	>	आमाथेबा (ठूलीआमा)
आपापाराङ् (माइलाबा)	>	आमापाराङ् (माइलीआमा)
आपाच्याङ्बा (कान्छाबा)	>	आमाच्याङ्बा (कान्छीआमा)

५. जन्तुनामको स्त्रीलिङ्ग /योमा/ वा /मा:मा/ थपेर बनेको हुन्छ :

मे़ (गोरु)	>	मे़योमा/मे़मा:मा
रा (बाखा)	>	रायोमा/रामा:मा
नागा (कुखुरा)	>	नागायोमा/नागामा:मा
डूवा (सुङ्गुर)	>	डूवायोमा/डूवामा:मा
मुइ (भैंसी)	>	मुइमोमा/मुइमा:मा
च्यान् (बाघ)	>	च्यान्योमा/च्यान्मा:मा

नामशब्द वर्गमा बाहेक अन्य शब्दवर्गमा तामाङलिङ्ग पाइँदैन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.३ आदरार्थी व्यवस्था (Honorific Sysrtem)

४.३ आदरार्थी

आदर,सत्कार, सम्मान वा श्रद्धा प्रकट गर्ने शब्दलाई आदरार्थी शब्द भन्दछन् । सामाजिक अनुशासन, सभ्यता र औपचारिक दृष्टिले यस्ता आदरार्थी शब्दको निकै महत्त्व हुन्छ । तामाङभाषामा यस्ता आदरार्थी शब्दहरू विभिन्न ४ तहमा देखिन्छन्, जसलाई सामान्य, उच्च, अतिउच्च र विशिष्ट तहमा राख्न सकिन्छ ।

क. विशिष्ट आदरार्थी

समाजमा सर्वोच्च मान्यजनहरू-औतारी लामा र सोही समकक्षका विद्धानलामाहरू, ताम्बा तथा गान्वा (बुज्रुक) आदि प्रतिष्ठित व्यक्तिहरूलाई उच्चतम आदर जनाउँदा विशिष्ट आदरार्थीको प्रयोग हुन्छ ।

ख. अतिउच्च आदरार्थी

यस्तै समाजका प्रतिष्ठित व्यक्तिहरू, पाहुनाहरू सामाजिक कार्यको सम्पादन गर्न विशेष भूमिका निभाउने आदरसूचक नामहरुलाई विशेष शिष्टता दर्शाउन अतिउच्च आदरार्थीको प्रयोग गरिन्छ र वैकल्पिक रूपमा सर्वोच्च आदरार्थीको प्रयोग गरिन्छ ।

ग. उच्च आदरार्थी

पद, प्रतिष्ठा, नाता सम्बन्ध र उमेरको दृष्टिले आफूभन्दा ठूला वा आफू समान तथा अपरिचितहरूलाई शिष्टता दर्शाउन सामान्यत: उच्च आदरार्थी र वैकल्पिक रूपमा अतिउच्च आदरार्थीको प्रयोग गरिन्छ ।

घ. सामान्य आदरार्थी

पद, प्रतिष्ठा, नाता तथा उमेरमा दृष्टिले आफूभन्दा साना तथा आफू समानकालाई आत्मीयता प्रकट गर्न सामान्यतया सामान्य आदरार्थीको प्रयोग गरिन्छ ।

आदरार्थी	**नीबा (जानु)**	**चीबा (बस्नु)**
सामान्य	आइ नीउ ।	आइ चीउ ।
	तिमी जाऊ ।	तिमी बस ।
उच्च	राङ् सेगो ।	राङ् स्युगो ।
	तपाईं जानुहोस् ।	तपाईं बस्नुहोस
अतिउच्च	राङ्नी फेप्को ।	राङ्नी दान्छ्यागो ।
	तपाईं/हजूर पाल्नुहोस् ।	हजूर बस्नुहोस् ।
विशिष्ट	ग्लेनी फेप्स्युगो ।	ग्लेनी दान्छ्यास्युगो ।
	सरकार सवारी होस् ।	सरकार राजगरिबक्स्योस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदरार्थी मूलतः नाम, सर्वनाम र क्रियामा पाइन्छ ।

४.३.१ आदरार्थी क्रिया

क्रियाको आदरार्थी रूप तथा तहहरू

नेपाली	सामान्य	उच्च	अति उच्च	विशिष्ट
खानु	चाबा	सोल्बा	छ्योइबा	छ्योइस्युबा
बस्नु	चीबा	स्युबा	दान्छ्याबा	दान्छ्यास्युबा
आउनु	खाबा	ज्योन्खाबा	फेब्नाङ्बा	फेब्नाङ्स्युबा
जानु	नीबा	से:बा	फेप्पा	फेप्स्युबा
सुन्नु	यान्बा	सान्बा	सान्स्युबा	सान्स्युबा
सुत्नु	हुँबा	सीम्बा	सीम्स्युबा	सीम्स्युबा
दिनु	पीन्बा	दोन्बा	फुल्बा	फुल्स्युबा
भन्नु	पाङ्बा	सुङ्बा	सुङ्स्युबा	कासुङ्बा
बनाउनु	सोबा	सेङ्बा	सेङ्स्युबा	सेङ्स्युबा
हेर्नु	च्याबा	सी:बा	च्यास्युबा	च्यास्युबा

प्रायः सामान्य आदरार्थीको क्रियामूललाई /**स्युबा**/ थपेर उच्च वा अति उच्च आदरार्थी बनाउने गरेको पाइन्छ, जस्तै ।

'लेख्नु' ब्रीबा - ब्रीस्युबा
'राख्नु' थान्बा - थान्स्युबा
'लिनु' कीन्बा - कीन्स्युबा आदि

आदरार्थी क्रियाको रूपावली सामान्य आदरार्थी क्रियाको रूपावली जस्तै हुन्छ । (हेर्नोस् परिशिष्ट 'ग') ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.३.२ सर्वनाम :

सर्वनामको आदरार्थी रुप तथा तह

सन्दर्भ	स्रोता सन्दर्भ		अन्य सन्दर्भ	
आदरार्थी तह	एकवचन	वहुवचन	एकवचन	वहुवचन
सामान्य	आइ (तिमी)	आइनी, आइनीगादे (तिमीहरू)	थे (ऊ) चु (यो) इजा (यो) होजा (त्यो)	थेनी, थेनीगादे, (तिनीहरू) चुनी, चुमा,चुनीगादे, (यिनीहरू) इजानी, इजागादे, (यिनीहरू) होजानी, होजागादे (तिनीहरू)
उच्च	राङ् (तपाईं)	राङ्नी,राङ्नीगादे (तपाईंहरू)		थेनी (वहाँहरू), थेनीगादे (वहाँहरू) चुनी (यहाँहरू) चुनीगाद(यिनीहरू)
अति उच्च	आदारसूचक पद/नाता	आदारसूचक पद/नाता+नी	आदारसूचक पद/नाता+ रेम्बोर्जे	आदारसूचक पद/नाता+ रेम्बोर्जे
विशिष्ट	आदारसूचक पद/नाता	आदारसूचक पद/नाता+नी	आदारसूचक पद/नाता+ रेम्बोर्जे	आदारसूचक पद/नाता+ रेम्बोर्जे

४.३.३ आदरार्थी नाम (Honorific Noun)

केही आदरार्थी नामहरू

नेपाली	सामान्य आदरार्थी	उच्च आदरार्थी	अतिउच्च/विशिष्ट
भात	कान्	से:बा	सोल्/छ्योइबा
जाँड	ज़ी	केम्	फुइ
रक्सी	आइराक्	केम्	फुइ
तिहून्	खु	सोल्बा	सोल्बा
चिया	च्या	सोल्च्या	सोलच्या
खाजा	दीगु	सोल्प्रो	सोल्प्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीर	जीउ	लुइ	कुलुइ
मुख	ली	स्याल्	स्याल्
हात	या	छ्या	छ्या
खुट्टा	काङ	स्याप्	स्याप्
नाम	मीन्	छ्यान्	छ्यान्
लाश	ऱो	ऱोलुइ	ऱोलुइ

आदरार्थीलाई संक्षेपमा यसरी देखाउन सकिन्छ ।

आदरार्थी तह	द्वितीय पुरुष		तृतीय पुरुष	
	कर्ता	क्रिया	कर्ता	क्रिया
सामान्य	आइसे तिमीले	चाजी ? खायो ?	थेसे उसले	चाजी ? खायो ?
उच्च	राङ्से तपाईले	सोल्जी ? खानुभयो ?	थेनीसे उहाँहरूले	सोल्जी ? खानुभयो ?
अतिउच्च	राङ्नीसे हजुरले	छ्योइजी ? खानुभयो ?	थेनीसे उहाँले	छ्योइजी ? खानुभयो ?
विशिष्ट	आस्याङ् रेम्वोर्ज़ेसे मामा महोदयले	छ्योइस्युजी ? ज्युनार गरिबक्सियो ?	चोहो रेम्वोर्ज़ेसे अध्यक्ष महोदयले	छ्योइस्युजी ? ज्युनार गरिबक्सियो ?

४.४ अकरण-व्यवस्था (Negation System in Tamang)

४.४.१ तामाङ-अकरण

क्रियाशब्दको सकरात्मक कार्य जनाउने व्याकरणात्मक संरचनालाई करण भन्दछन् भने क्रियाशब्दको नकारात्मक कार्य जनाउने व्याकरणात्मक संरचनालाई अकरण भन्दछन् :

	करण वाक्य	अकरण वाक्य
१.	तीनी नाम् खाला । आज पानी पर्छ ।	तीनी नाम् आखाला । आज पानी पर्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. आइ, ḍ़ीम् नीउ ।	आइ, द़ीम् **आनीउ** ।
तिमी घर जाऊ ।	तिमी घर नजाऊ ।
३. सेम्से म़ान्बाराङ् तागाइ !	सेम्से म़ान्बा राङ्वा **आतागाइ** !
मनले चिताएजस्तो होस् !	मनले चिताएजस्तो नहोस् !
४. पाल्मोला द़ीम्री नीगे ।	पाल्मोला द़ीम्री **आनीगे** ।
पाल्मोको घर जाऔं ।	पाल्मोको घर नजाऔं ।

माथि /आ-/ सर्ग लागेको संरचना (**आखाला, आनीउ, आतागाइ, आनीगे**) अकरण हो ।

अकरणलाई करणको सापेक्षतामा हेरिन्छ । यसर्थ सकारात्मक कार्य जनाउने क्रियालाई नकरात्मक गर्ने संरचना नै अकरण हो ।

४.४.२ काल र अकरण

काल (Tense) बोधक क्रियारूपको अगाडि अकरणात्मक सर्ग /**आ-**/ जोडिएर अकरण संरचना बनेको हुन्छ :[९]

५. पासाङ् द़ीम् नीजी ।	पासाङ् द़ीम् **आनीनी** । (भूत काल)
पासाङ घर गयो ।	पासाङ घर गएन ।
६. दोर्जे ऩाङ्गार खाला ।	दोर्जे ऩाङ्गार् **आखाला** । (अभूत काल)
दोर्जे भोलि आउँछ ।	दोर्जे भोलि आउँदैन ।
७. थेनीगादेसे कान् चाजी ।	थेनीगादेसे कान् **आचानी** । (भूत काल)
उनीहरूले खाना खाए ।	उनीहरूले खाना खाएनन् ।
८. थेनीगादे द़ारे खाला ।	थेनीगादे द़ारे **आखाला** । (अभूत काल)
उनीहरू भरे आउँछन् ।	उनीहरू भरे आउँदैनन् ।

४.४.३ भाव र अकरण

भाव (Mood) क्रियारूपको अगाडि अकरणात्मक सर्ग /**आ-**/ थपेर अकरण संरचना बनेको हुन्छ :

---

९ भूतकालिन क्रियाको अकरण रुप वनाउंदा भूतकालबोधक /**जी**/ वा /**ची**/ अकरणमा /नी/ हुन्छ :

चाजी - आचानी, पाङ्जी - आपाङ्नी, थान्जी - आथान्नी आदि, तर कुनैकुनै भापिकामा /नी/ को ठाउंमा ची/जी (आचाजी, आपाङ्जी, आथान्जी, कुनैकुनै भापकामा /ले/ (आचाले, आपाङ्ले, आथान्ले) र कतैकतैको भापिकामा /**या**/ (आचाया, आपाङ्या, आथान्या) को पनि प्रयोग भएको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करण	अकरण
९. पासाङ ! द़ीम् नीउ ।	पासाङ ! द़ीम् **आनीउ** । (आज्ञार्थ)
पासाङ ! घर जाऊ ।	पासाङ ! घर नजाऊ ।
१०. चुरी खाउ ।	चुरी **आखाउ** (आज्ञार्थ)
यहाँ आऊ ।	यहाँ नआऊ ।
११. म़ान्‌वा राङ् तागाइ !	म़ान्‌वा राङ् **आतागाइ** । (इच्छार्थ)
सोचेजस्तो होस् !	सोचेजस्तो नहोस् ।
१२. दुर्‌सा ग़ाङ्‌री द़ोङ् सुगे ।	दुर्‌सा ग़ाङ्‌री द़ोङ् **आसुगे** । (प्रस्तावार्थ)
च्यानडाँडामा रूख रोपौं ।	च्यानडाँडामा रूख नरोपौं ।

४.४.४ सहायक क्रिया र अकरण :

सहायक क्रिया /**मुला**/(छ) को अकरण /**आरे**/(छैन) हुन्छ, त्यस्तै /**चीम्**/ (रहन्छ) को अकरण /**आरेम्**/(रहेनछ), /**मुबा**/(थियो) को /**आरेबा**/ (थिएन) हुन्छ ।

क. **मुला** (छ)

करण	अकरण
१३. आपा द़ीम्‌री मुला ।	आपा द़ीम्‌री **आरे** ।
वुबा घरमा हुनुहुन्छ ।	वुबा घरमा हुनुहुन्न ।
१४. राम़े ब्राङ्‌री मुला ।	राम़े ब्राङ्‌री **आरे** ।
गाई बस्तु गोठमा छ ।	गाइ बस्तु गोठमा छैन ।
१५. आले क्लाङ्‌बान् मुला ।	आले क्लाङ्‌बान् **आरे** ।
भाइ खेल्दै छ ।	भाइ खेल्दै छैन ।
१६. टाङा टचाङ्‌कारी थान्‌बा मुला ।	टाङा टचाङ्‌कारी थान्‌बा **आरे** ।
रुपिया टचाङ्‌कामा राखिएको छ ।	रुपिया टचाङ्‌कामा राखिएको छैन

ख. **चीम्** (रहन्छ)

करण	अकरण
१७. थे तोर् खावान् चीम् ।	थे तोर् खावान् **आरेम्** ।
ऊ मास्तिर आउँदै रहेछ ।	ऊ मास्तिर आउँदै रहेनछ ।
१८. होजा द़ोङ्‌टारी पुखी चीम् ।	होजा द़ोङ्‌टारी पुखी **आरेम्** ।
त्यहाँ सर्प रहेछ ।	त्यहाँ सर्प रहेनछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९. नागामा:मा चुरी चीम् ।	नागामा:मा चुरी **आरेम्** ।
कुखरी यहाँ रहेछ ।	कुखरी यहाँ रहेनछ ।
२०. खाङ्गारी खालाखाला चीम् ?	खाङ्गारी खालाखाला **आरेम्** ।
आँगनमा कोको रहेछन् ?	आँगनमा कोको छैनन् ।

ग. मुबा (थियो)

करण	**अकरण**
२१. दीम्री खाला मुबा ?	दीम्री खाला **आरेबा** ?
घरमा को थियो ?	घरमा को थिएन ?
२२. ब्राङ्री रा मुबा ।	ब्राङ्री रा **आरेबा** ।
गोठमा बाखा थियो ।	गोठमा वाखा थिएन ।
२३. नाम् खावान् मुबा ।	नाम् खावान् **आरेबा** ।
पानी पर्दै थियो ।	पानी पर्दै थिएन ।

४.४.५ केही क्रियापदको अकरण

दुई क्रियाको योगबाट बनेका केही क्रियाशब्दहरूमा अकरण सर्ग /**आ**-/ बीचमा आउँछ ।

२४. आखेदा थान्पीन्जी ।	आखेदा थान्आपीन्नी ।
हजूरबालाई राखिदियो ।	हजूरबालाई राखिदिएन ।
२५. साङ्मो दोखाजी ।	साङ्मो दोआखानी ।
साङ्मो आइपुगिन् ।	साङ्मो आइपुगिनन् ।
२६. आइसे आङीदा साथान्जी ?	आइसे आङीदा साआथान्नी ?
तिमीले फुपूलाई पुऱ्यायो ?	तिमीले फुपूलाई पुऱ्याएनौं ?
२७. ङाङ्गार् आइ खातोला ।	ङाङ्गार आइ खाआतोला ।
भोलि तिमी आउनुपर्छ ।	भोलि तिमी आउनुपर्दैन ।
२८. चु ताम् नानादा पाङ्पीनो ।	चु ताम् नानादा पाङ्आपीनो ।
यो कुरा दिदीलाई भनिदेऊ।	यो कुरा दिदीलाई नभनिदेऊ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भ सूचि

१. अधिकारी, डा. हेमाङ्गराज
   २०४९ **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : कुन्जल प्रकाशन

२. न्यौपाने, टङ्कप्रसाद
   २०५१ **भाषाविज्ञानको रुपरेखा**, धरान : नेपाल बुक डिपो

३. पोखेल, डा. माधवप्रसाद
   २०४९ "नेपाली नामको लिङ्ग", **मधुपर्क** मासिक, २५.११ (२८६)
   काठमाडौं : गोरखापत्र संस्थान

४. बन्धु, चुडामणि
   २०५० **भाषाविज्ञान**, काठमाडौं : साझा प्रकाशन (छैठौं संस्करण)

५. तिवारी, भोलानाथ
   १९९२ **भाषाविज्ञान**, इलाहावाद : किताव महल

६ Hannah, Herbert Bruce
   1991 **A Grammar of the Tibetan Language**
   Delhi : Motilal Banarasidass (Reprint 1991)

७. Hockett, Charles F.
   1970 **A course in Modern Linguistics**
   (Indian Edition)

८. Koshal Sanyukta
   1979 **Ladakhi Grammar**, Delhi : Motilal Banarasidass

९. Ladefoged Peter
   1975 **A course in Phonetics**, New York : Harcourt Brace Jovanovich, Inc.

१०. Mazaudon, Martine
   1993 'Writing Tamang. A Brief note on alphabetization, spelling & transcription in Tamang.', **Syomhendo-14**, July-Sept., Kathmandu. Tamang Language & Literature Council

११. Ravindran, N.
   1974 **Angami Phonetic Reader**, Mysore : Central Institute of Indian Languages

१२. Sharma, D.D.
   1988 **A Descriptive Grammar of Kinnauri**
   Delhi : Mittal Publication

१३. Van Driem, Dr. George
   1992 **The Grammar of Dzonkha**, Bhutan : Royal Government of Bhutan.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट 'क'

नामरूपावली

कारक	कारकचिन्ह	मानवीय नाम जामे (छोरी)	जन्तुनाम रा (बाखा)	सजीव नाम दोङ् (रुख)	निर्जीव नाम युङ्वा (ढुङ्गा)
कर्ता	-से(ले)	जामेसे जामेजुगुसे	रासे राजुगुसे	X X	X X
कर्म	-दा(लाई)	जामेदा जामेजुगुदा	रादा राजुगुदा	दोङ्दा दोङ्जुगुदा	X X
करण	-से(ले)	X X	X X	X X	युङ्वासे X
सम्प्रदान	-दावीसी (-को लागि)	जामेदावीसी जामेजुगुदावीसी	रादावीसी राजुगुदावीसी	X X	X X
अपादान	- ग्याम्/हरून् छे (बाट/देखि)	X X	X X	दोङ्ग्याम् दोङ्जुगुग्या म्	युङ्वाग्याम्
अधिकरण	-री(मा)	X X	X X	दोङ्री दोङ्जुगुरी	युङ्वारी X
सहार्थक	-थेन(सँग)	जामेथेन् जामेजुगुथेन्	राथेन् राजुगुथेन्	X X	X X

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट 'ख'

सर्वनाम रूपावली

कारकचिन्ह सर्वनाम	-से(ले)	-दा (-लाई)	-से (-ले)	-दावीसी (-को लागि)	ग्याम् हेनछे (बाट देखि)	-री (-मा)	-थेन् (-संग)
ङा (म)	ङासे	ङादा	X	ङादावीसी	ङाग्याम्	X	ङाथेन्
ङानी(हामी)	ङानीसे	ङानीदा	X	ङानीदावीसी	ङानीग्याम्	X	ङानीथेन्
याङ्(हामी)	याङ्से	याङ्दा	X	याङ्दावीसी	याङ्ग्याम्	X	याङ्थेन्
आइ(तिमी)	आइसे	आइदा	X		आइग्याम्	X	आइथेन्
आइनी (तिमीहरू)	आइनीसे	आइनीदा	X		आइनीग्याम्	X	आइनीथेन्
राङ्(तपाईं)	राङ्से	राङ्दा	X		राङ्ग्याम्	X	राङ्थेन्
राङ्नी (तपाईंहरू)	राङ्नीसे	राङ्नीदा	X		राङ्नीग्याम्	X	राङ्नीथेन्
थे (ऊ)	थेसे	थेदा	X		थेग्याम्	X	थेथेन्
थेनी (उनीहरू)	थेनीसे	थेनीदा	X		थेनीग्याम्	X	थेनीथेन्
थेनीगादे (उनीहरू)	थेनीगादेसे	थेनीगादेदा	X		थेनीगादेग्याम्	X	थेनीगादेथेन्
चु (यो)	चुसे	चुदा	X		चुग्याम्	X	चुथेन्
चुमागादे (तिनीहरू)	चुमागादेसे	चुमागादेदा	X		चुमागादेग्याम्	X	चुमागादेथेन्
केजा(त्यो)	केजासे	केजादा	X		केजाग्याम्	X	केजाथेन्
केजागादे (तिनीहरू)	केजागादेसे	केजागादेदा	X		केजागादेग्याम्	X	केजागादेथेन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट 'ग'

क्रिया रूपावली

क्रियामूल	भूतकाल	अभूतकाल	अपूर्णपक्ष	पूर्णपक्ष	अज्ञातपक्ष
क्रियामूल*	+ची/जी	+ला	+पान्/बान्	+पा/बा	+ चीम्/जीम्
क वर्ग	+जी	+ला	+बान्	+बा	+जीम्
कीन्-'लिनु'	कीन्जी	कीन्ला	कीन्बान्	कीन्बा	कीन्जीम्
कोर्-'घुम्नु'	कोर्जी	कोर्ला	कोर्बान्	कोर्बा	कोर्जीम्
क्रो-'पोल्नु'	क्रोजी	क्रोला	क्रोबान्	क्रोबा	क्रोजीम्
खार्-'सुक्नु'	खार्जी	खार्ला	खार्बान्	खार्बा	खार्जीम्
खो-'ओसानु'	खोजी	खोला	खोबान्	खोबा	खोजीम्
खी-'बाँध्नु'	खीजी	खीला	खीबान्	खीबा	खीजीम्
गार्-'जोड्नु'	गार्जी	गार्ला	गार्बान्	गार्बा	गार्जीम्
ग्याल्-'फ्याँक्नु'	ग्याल्जी	ग्याल्ला	ग्याल्बान्	ग्याल्बा	ग्याल्जीम्
चा-'खानु'	चाजी	चाला	चाबान्	चाबा	चाजीम्
ची-'बस्नु'	चीजी	चीला	चीबान्	चीबा	चीजीम्
चुङ्-'समात्नु'	चुङ्जी	चुङ्ला	चुङ्बान्	चुङ्बा	चुङ्जीम्
च्यार्-'बटारिनु'	च्यार्जी	च्यार्ला	च्यार्बान्	च्यार्बा	च्यार्जीम्
छार्-'फक्रनु'	छार्जी	छार्ला	छार्बान्	छार्बा	छार्जीम्
छोर्-'बिउँझनु'	छोर्जी	छोर्ला	छोर्बान्	छोर्बा	छोर्जीम्
छ्या-'जम्नु'	छ्याजी	छ्याला	छ्याबान्	छ्याबा	छ्याजीम्
ज्योर्-'निचोर्नु'	ज्योर्जी	ज्योर्ला	ज्योर्बान्	ज्योर्बा	ज्योर्जीम्
ज़ाङ्-'हरूल्नु'	ज़ाङ्जी	ज़ाङ्ला	ज़ाङ्बान्	ज़ाङ्बा	ज़ाङ्जीम्
ज्याल्-'पूजा गर्नु'	ज्याल्जी	ज्याल्ला	ज्याल्बान्	ज्याल्बा	ज्याल्जीम्
टाङ्-'चुँड्नु'	टाङ्जी	टाङ्ला	टाङ्बान्	टाङ्बा	टाङ्जीम्
टु-'खप्नु'	टुजी	टुला	टुबान्	टुबा	टुजीम्
टे-'सक्नु'	टेजी	टेला	टेबान्	टेबा	टेजीम्
डा-'जित्नु'	डाजी	डाला	डाबान्	डाबा	डाजीम्
डे-'च्यात्नु'	डेजी	डेला	डेबान्	डेबा	डेजीम्
डुप्-'सिउनु'	डुप्जी	डुप्ला	डुप्बान्	डुप्बा	डुप्जीम्
था-'काट्नु'	थाजी	थाला	थाबान्	थाबा	थाजीम्
थाइ-'सुन्नु'	थाइजी	थाइला	थाइबान्	थाइबा	थाइजीम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थु-'पिरो हरूनु'	थुजी	थुला	थुवान्	थुवा	थुजीम्
थुङ्-'पिउनु'	थुङ्जी	थुङ्ला	थुङ्वान्	थुङ्वा	थुङ्जीम्
दो-'पुग्नु'	दोजी	दोला	दोवान्	दोवा	दोजीम्
दोङ्-'मिसाउनु'	दोङ्जी	दोङ्ला	दोङ्वान्	दोङ्वा	दोङ्जीम्
दु-'ताप्नु'	दुजी	दुला	दुवान्	दुवा	दुजीम्
दोन्-'दिनु' (आ.)	दोन्जी	दोन्ला	दोन्वान्	दोन्वा	दोन्जीम्
दार्-'काम्नु'	दार्जी	दार्ला	दार्वान्	दार्वा	दार्जीम्
द़ो-'फकाउनु'	द़ोजी	द़ोला	द़ोवान्	द़ोवा	द़ोजीम्
द़ाइ-'पकाउनु'	द़ाइजी	द़ाइला	द़ाइवान्	द़ाइवा	द़ाइजीम्
नाङ्-'थिच्नु'	नाङ्जी	नाङ्ला	नाङ्वान्	नाङ्वा	नाङ्जीम्
नाइ-'कुहिरू'	नाइजी	नाइला	नाइवान्	नाइवा	नाइजीम्
नो-'अग्लिनु'	नोजी	नोला	नोवान्	नोवा	नोजीम्
ऩा-'सहरू'	ऩाजी	ऩाला	ऩावान्	ऩावा	ऩाजीम्
ऩोङ्-'विग्रनु'	ऩोङ्जी	ऩोङ्ला	ऩोङ्वान्	ऩोङ्वा	ऩोङ्जीम्
पुइ-'बोक्नु'	पुइजी	पुइला	पुइवान्	पुइवा	पुइजीम्
फोर्-'लगाउनु'	फोर्जी	फोर्ला	फोर्वान्	फोर्वा	फोर्जीम्
फार्-'बाल्नु'	फार्जी	फार्ला	फार्वान्	फार्वा	फार्जीम्
फुल्-'चढाउनु'	फुल्जी	फुल्ला	फुल्वान्	फुल्वा	फुल्जीम्
फ्या-'पुछ्नु'	फ्याजी	फ्याला	फ्यावान्	फ्यावा	फ्याजीम्
फ्याङ्-'उड्नु'	फ्याङ्जी	फ्याङ्ला	फ्याङ्वान्	फ्याङ्वा	फ्याङ्जीम्
बा-'ल्याउनु'	बाजी	बाला	बावान्	बावा	बाजीम्
बोर्-'लानु'	बोर्जी	बोर्ला	बोर्वान्	बोर्वा	बोर्जीम्
ब़ा-'थप्नु'	ब़ाजी	ब़ाला	ब़ावान्	ब़ावा	ब़ाजीम्
मार्-'पल्नु'	मार्जी	मार्ला	मार्वान्	मार्वा	मार्जीम्
म्यो-'बोलाउनु'	म्योजी	म्योला	म्योवान्	म्योवा	म्योजीम्
रो-'फल्नु'	रोजी	रोला	रोवान्	रोवा	रोजीम्
रे-'उठ्नु'	रेजी	रेला	रेवान्	रेवा	रेजीम्
ऱो-'भुट्नु'	ऱोजी	ऱोला	ऱोवान्	ऱोवा	ऱोजीम्
सुङ्-'भन्नु' (आ.)	सुङ्जी	सुङ्ला	सुङ्वान्	सुङ्वा	सुङ्जीम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्यु-'वस्नु'(आ.)	स्युजी	स्युला	स्युवान्	स्युवा	स्युजीम्
स्योर्-'खुस्कनु'	स्योर्जी	स्योर्ला	स्योर्वान्	स्योर्वा	स्योर्जीम्
सो-'बनाउनु'	सोजी	सोला	सोवान्	सोवा	सोजीम्
स्याङ्-'पिन्नु'	स्याङ्जी	स्याङ्ला	स्याङ्वान्	स्याङ्वा	स्याङ्जीम्
मा-'हराउनु'	माजी	माला	मावान्	मावा	माजीम्
यो-'पुग्नु'	योजी	योला	योवान्	योवा	योजीम्
याङ्-'पाउनु'	याङ्जी	याङ्ला	याङ्वान्	याङ्वा	याङ्जीम्
ह्यार्-'भाग्नु'	ह्यार्जी	ह्यार्ला	ह्यार्वान्	ह्यार्वा	ह्यार्जीम्
ह्योङ्-'हल्लनु'	ह्योङ्जी	ह्योङ्ला	ह्योङ्वान्	ह्योङ्वा	ह्योङ्जीम्
ख वर्ग	**+ची**	**+ला**	**+पान्**	**+पा**	**+चीम्**
खाक्-'अड्कनु'	खाक्ची	खाक्ला	खाक्पान्	खाक्पा	खाक्चीम्
च्योक्-'कुच्चिनु'	च्याक्ची	च्योक्ला	च्योक्पान्	च्योक्पा	च्योक्चीम्
प्योक्-'उखेल्नु'	प्योक्ची	प्योक्ला	प्योक्पात्	प्योक्पा	प्योक्चीम्
छ्याक्-'बजार्नु'	छ्याक्ची	छ्याक्ला	छ्याक्पान्	छ्याक्पा	छ्याक्चीम्
लीक्-'थकनु'	लीक्ची	लीक्ला	लीक्पान्	लीक्पा	लीक्चीम्
टेट्-'धूलो पार्नु'	टेट्ची	टेट्ला	टेट्पान्	टेट्पा	टेट्चीम्
डेट्-'खोस्याउनु'	डेट्ची	डेट्ला	डेट्पान्	डेट्पा	डेट्चीम्
कोत्-'जोख्नु'	कोत्ची	कोत्ला	कोत्पान्	कोत्पा	कोत्चीम्
क्यात्-'सराप्नु'	क्यात्ची	क्यात्ला	क्यात्पान्	क्यात्पा	क्यात्चीम्
फुत्-'फुक्नु'	फुत्ची	फुत्ला	फुत्पान्	फुत्पा	फुत्चीम्
तात्-'निकाल्नु'	तात्ची	तात्ला	तात्पान्	तात्पा	तात्चीम्
छात्-'जुध्नु'	छात्ची	छात्ला	छात्पान्	छात्पा	छात्चीम्
चीप्-'छिप्पिनु'	चीप्ची	चीप्ला	चीप्पान्	चीप्पा	चीप्चीम्
चोप्-'भुरिनु'	चोप्ची	चोप्ला	चोप्पान्	चोप्पा	चोप्चीम्
छाप्-'ताछ्नु'	छाप्ची	छाप्ला	छाप्पान्	छाप्पा	छाप्चीम्
दप्-'साट्नु'	दप्ची	दप्ला	दप्पान्	दप्पा	दप्चीम्
पाप्-'लड्नु'	पाप्ची	पाप्ला	पाप्पान्	पाप्पा	पाप्चीम्
फप्-'जानु' (आ.)	फप्ची	फप्ला	फप्पान्	फप्पा	फप्चीम्

* क्रियामूलको अन्तिम वर्ण क ट त प भए भूतकालिक क्रियामा /ची/ अज्ञातभूतमा /चीम/ पूर्ण पक्षमा /पा/ र अपूर्ण पक्षमा /पान्/ हुन्छ । क्रियामूलको अन्तिम वर्ण क ट त प बाहेकका अन्य वर्ण भए क्रमश: /जी/, /जीम्/, /वा/ र /वान्/ मा परिवर्तन हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट 'घ'

तामाङ व्याकरण आलेखन पद्धति

यस तामाङ व्याकरणमा निम्नानुसारका वर्णहरू प्रयोग भएको छ :

१. **स्वरवर्ण :**

अ	आ:	इ	इः	उ	उः	ए	ए:	ओ	ओ:
ा	ा:	ी	ी:	ु	ु:	े	े:	ो	ो:

२. **व्यञ्जनवर्ण**

प	फ	ब	ब़		
ट	ठ	ड	ड़		
क	ख	ग	(ग़)		
च	छ	ज	ज़		
ङ	ङ़	न	ऩ	म	म़
स	स़	ह			
र	ऱ	ल	ल़		
य	य़	व	व़		

३. **व्यञ्जनान्त हलन्त वर्ण**

प्	फ्	ब्	ब़्		
ट्	ठ्	ड्	ड़्		
क्	ख्	ग्	(ग़्)		
च्	छ्	ज्	ज़्		
ङ्	ङ़्	न्	ऩ्	म्	म़्
स्	स़्	ह्			
र्	ऱ्	ल्	ल़्		
य्	य़्	व्	व़्		

४. **मात्रा प्रयोग गरिएका वर्णहरु**

का	का:	की	की:	कु	कु:	के	के:	को	को:
जा	जा:	जी	जी:	जु	जु:	जे	जे:	जो	जो:
र	रा:	री	री:	रु	रु:	रे	रे:	रो	रो:

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नोट - दीर्घ स्वरवर्णको लागि विसर्ग /:/ को प्रयोग गरिएको छ । यस्तै व्यञ्जन वर्णको मुनि दिएको थोप्ला /़/ Breathy voiced को लागि प्रयोग भएको छ । Breathy voiced को लागि IPA (International Phonetic Alphabets) चार्टमा सम्बद्ध वर्ण मुनि दुइवटा थोप्ला /़़/ छ तर यस व्याकरण टाइप गरेको कम्प्यूटरमा सो वर्ण चिन्हहरू (dicritics) नपाइएकोले एउटा मात्र थोप्लाको प्रयोग गरिएको छ । वर्ण चिन्हहरू /:/ र /़/ सम्बन्धी विस्तुत जानकारीको लागि तामाङ वर्णव्यवस्था (Tamang Phonology) को १.१.१७ ग हेर्न हुन अनुरोध छ ।)

५. वर्णसंयोग

वर्ण संयोग निम्नानुसार भएको छ -

क. /य/ वर्ण सँगको वर्णसंयोग

क्य ख्य ग्य (ग्य़) च्य छ्य ज्य ज्य़ प्य

फ्य ब्य ब्य़ ङ्य ङ्य़ म्य म्य़ स्य ह्य

ख. /व/ वर्णसँगको वर्णसंयोग

क्व ख्व ग्व ग़्व छ्व ठ्व ड्व ड़्व स्व ह्व

ग. /र/ वर्णसँगको वर्णसंयोग

क्र ख्र ग्र ग़्र प्र फ्र ब्र ब़्र म्र म़्र

घ. /ल/ वर्णसँगको वर्णसंयोग

क्ल ख्ल ग्ल ग़्ल ब्ल ब़्ल म्ल म़्ल

(हेर्नोस् १.१.२१ को क ख ग घ)

६. हलन्तको प्रयोग

व्यञ्जन अक्षरान्त (Syllable ending) मा हलन्त चिन्हहरु/्/ को प्रयोग भएको छ : कान्, पाङ्बा, दोङ्राप्, ताम्बा, स्यांर्ग्याम्, केवालुङ्री आदि ।

७. सर्गलेखनसम्बन्धी

मूल शब्दसँगै जोडिएर लिङ्गी सर्ग (-स्या, -म़ा), बहरूवचनीय सर्ग (-जुगु, -गादे), अकरण सर्ग (आ-), कारकीय सर्ग (-से, -दा, -ला, -हरूनुछे, -ग्याम्, -री) लेखिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामाङ लेखनको नमूना

ताम्बासे ब्रेल्साङ्री सुङ्बा लेङ्मो

ताम्बा : ठीला ङाप्ता थेन् दान्ला दाप्ताजुगु सा थेन् मु तेबान् यीन्ला । यूल्ला चोहोरेम्वोर्छे, ताम्वारेम्वोर्छे, लामारेम्वोर्छे, गान्वागान्सुम् नाम्साला लानी-दीनीराङ्वान् यीन्ला । राङराङ्ला दान्री कुस्युवा रेम्वोर्छेजुगु, राङ्नी यार्दान् फ्याफुल्ला !

रेम्बोर्छेजुगु ! स्यार्ग्याम् दीनी आफे:वामुसाम् ज्याङ्गाङ्ला ग्लीङ् आग्युर्गेला, साजाम्बुलीङ्री मुन् थोप्थोप् तागेला । स्यार्से दीनी फे:वासेलामा थोप्थोप् याल्जी । दीनी आफे:बा मुसाम् मुरी खासु आतागेला, नाम् आखागेला, कान् आरोगेला । चु केवालुङ्री दीनी दोक्से ग्रेन् यीन्ला वीसी याङ्ला ताम्वासे कासुङ्बा मुला, रेम्बोर्छेजुगु !

दीनी आस्यार्बा मुसाम् ला आफेगेला दीङ् आफे:गेला । याङ्से चावासाइ आरोगेला कान्, से:नार् तीकाइ आरोगेला । कान् आरोसाम् मी आसोगेला, ह्युल्वा, रुइबाला ठीम् आतागेला । याङ् चुराङ्लासी रुप्तावारी आखाम्गेला, रेम्वोर्छेजुगु !

ङा ताम्बा आयीन्, गान्बा यनो आयीन्, केवालुङ्ला केराप्-दोङ्राप्सेवा खेन्पो नोन् आयीन् । जोङ्जोङ्ला, थुम्थुम्ला खेन्पोजुगु, रेम्वोर्छेजुगु यीराङ रुप्तावा दुयुरी ताम्वाला काइतेन् आसाल्ना कुडीसी स्युमा मेमुइ रुप्ताबाराङ ताला, ठीम् आछार्ला, ज्योम्सा आजेला वीसी सेसाइआसेसाइ ताम् साल्वारी माइवा जेन् का रेम्बोर्छे । तीनीला चु ह्याल्ह्याल्वा दीन्छेन्री ताम्वाला लेङ्मो कासुङ्सी तामाङ् रीमठीम्दा तेन्तोजी दाङ्तोजी रेम्वोर्छेजुगु । फ्याफुल्ला !

सेबुलाताम्बा: [मायुङ्दा पीन्तोबा रेम्जुगु ङाच्छा थान्सीजीन्माहेन्से] सेर्गी दोङ्वो मायुङ्रेम्वोर्छे ताम्बा रेम्बोर्छे, गान्बा रेम्बोर्छे, लामा रेम्वोर्छे ! तोर् ठीरी स्युवा, मार् चेन्री स्युबा गान्बा गान्सुम्, गान्मा गान्सुम यार्दान् फ्याफुल्ला !

यार्सेन् : कासाले ! कासाले !! कासाले !!!

[ताम्वासे सुङ्जी] तील्मा ग्याल्वा ताम्वा गान्बारेम्वोर्छेसे सोसी थान्वा रीमठीम् थान्वारी, चावा-थुङ्बा ज्यावा आरेसाइ सुर्चाम् गीक् स्याप्री फुल्वारी, तीनी ङानी प्राङ्वोजुगु राङ्नीला स्याप्री दोखाजी । ताम्वालाताम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवाहमा ताम्बाको भनाई

ताम्बा : शास्त्रज्ञहरू, प्रमुख पदाधिकारीहरू, आकाश र धर्ती समान नै हुन्छन् । देशका अध्यक्ष महोदय, समाजविज्ञ महोदय, लामा महोदय, बुज्रुक महोदयहरू गाउँका घाम जून जस्तै हुन्छन् । आ-आफ्ना स्थानमा राज गर्नुहोस्, यहाँहरू सबैलाई नमस्कार छ !

महामहिमहरू, पूर्वबाट सूर्य नउदाएको भए, उत्तरको हिउँ पग्लिने थिएन, पृथ्वीमा अँध्यारो छाइरहेथ्यो । पूर्वबाट सूर्य उदाउनाले अँध्यारो हट्यो । सूर्य नउदाएको भए, आकाशमा बादल लाग्ने थिएन, पानी पर्ने थिएन, अन्न फल्ने थिएन । यस पृथ्वीमा सूर्य सबभन्दा ठूलो हो भनेर हाम्रा ताम्वाले हुकुम बक्सेको छ, महामहिमहरू !

सूर्य नउदाएको भए महीना छुट्टिने थिएन, ऋतुहरू फेरिने थिएनन् । हामीले खाने वस्तुहरू फल्ने थिएन, अन्न, फलफूल केही पनि फल्ने थिएन । अन्न नभएको भए, मानिस बाँच्ने थिएन, देशको, समाजको, थरको विधान हुने थिएन । हामी यसरी भेला हेन सक्ने पनि थिएनौं, महामहिमहरू !

म ताम्वा होइन, बुज्रुक पनि होइन, यस धरतीको इतिहास भन्न सक्ने व्यक्ति पनि म होइन । ठाउँठाउँका, थुमथुमका विद्वानहरू, महामहिमहरू, यसरी भेला भएको वेलामा ताम्बाको कैरन नभनीकन वस्दा, जीवजन्तु भेला भए जस्तो होला, सामाजिक विधानहरू, रीतिथितिहरू निष्क्रिय होलान्, सभास्थल नसुहाउला भनेर कुरा कोट्याएको मात्र हुँ, महामहिमहरू । आजको यस गरिमामय सभामा ताम्बाको वचनहरू भन्नु भएर तामाङ रीतिरिवाज, परम्परा पालना गर्नुपर्‍यो, यसलाई अगाडि बढाउनुपर्‍यो, महामहिमहरू, नमस्कार छ !

[माइतीलाई सगुन दिनुपर्ने सगुनहरू अगाडि राखिसकेपछि]

वेहुलापक्षका ताम्वा : विशिष्ट माइती महानुभावहरू, लामाज्यूहरू, तामाङ समाजविज्ञहरू, बुज्रुकहरू, भद्रभलाद्मीहरू, मास्तिर सिंहासनमा बस्नुभएका, तलतिर आ-आफ्ना आसनमा वस्नुभएका सम्पूर्ण भद्रभलाद्मीहरूलाई नमस्कार गर्दछु !

सवैले : मुनासिव हो ! मुनासिव हो !! मुनासिव हो !!!

[ताम्वाले भन्नुभयो]

हिजोका राजा विद्वान तथा समाजविज्ञहरूले वनाइराख्नुभएको सांस्कृतिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसेसाइ ताम्वा दोसी, तामाङ् रीम्ठीम् आसेसाइ गान्वा वीसी, स्याल् ज्यावा आरेसाइ सेबु सोसी राङ्नीला स्याप्री दोखाजी, बोमो आठुङ्साइ कुस्युगो रेम्बोर्छे, फ्याफुल्ला !

यार्सेन् : कासाले ! कासाले !! कासाले !!!

(मायुङ्ला छ्यारी पोङ् दोन्बारी यारी थोवान् ।)

[ताम्वासे दोसी सुङ्जी] दीनी स्यार्ग्याम् फे:सी नुप्री नुप्पा मुला । सारी सापोन् आयुसाम् ङ्चुकङोन्पो आथोन्ला ब्रेबु रीन्छेन् आताना लोङ्छ्योत् योन्तेन् आची । लोङ्छ्योत् योन्तेन् ज्युङ्सी तीनी ताम्वा गान्वागान्सोम् ग्यागार् दान्ला साङ्रीला बोन्, वोत् युल्ला नोर्वोन्, गाङ्रोङ् सोम्ला-डीदाल्बोन्, युर ङ्बोन्, ङारुबोन्, लाबोन्, युल्ला गान्बागान्सुम्, स्याल्कार्पो, टाकार्पो मीछेन् नोर्बु, मीछेन् बोन्बोजुगु दान्स्युवा मुला ।

तील्मा ग्याल्वा गान्बा-ताम्वा रेम्बोर्छेसे सेङ्थानवा रीम्ठीम् सेङ्थान्तोवा चीम् मायुङ्रेम्बोर्छे ! सेर्गी दोङ्वो मायुङ् रेम्वोर्छेसे तीनी हेन्से फाचान् जामेचा फाचानला जा फाचान्दा पीन्जी वीसीनाम् चु पोङ् गीक् चुङ्सी लेङ्मो गीक् सुङ्स्युला बीसी मान्सी स्युबाका मायुङ् रेम्वोर्छे ! [मायुङ्दा पोङ् दोन्मुला । पोङ् यारी थोसी मायुङ्से लेङ्मो सुङ्वा मुला ।]

मायुङ् : तील्मा ग्याल्वा गान्वा-ताम्वारेम्बोर्छेसे सोसी थान्वा रीम्ठीम् थान्बारी जामेकोला खीम्सारी पीत्तोवा चीम्, रेम्बोर्छेजुगु । तामाङ् रीम्ठीम्री डीक्पा रेम् कीन्सी तीनीहेन्छे फाचान्ला छ्यारी जामे फाचान्लादा फुल्जी । डेन्छेन् आपाला 'का', डेन्छेन् आमाला 'स्या' माला छ्यारी प्रात्ची । बुसीङ्ला रुइस्याल् मायुङ्लान् छ्यारी चीवा ओन्माला तामाङ् ठीम् मुला ताम्बारेम्बोर्छे ! सेर्गी गान्दी रेङ्माराङ्, लोला गान्दी रेङ्माराङ मा थेन् जामे छेरीङ्गाइ !

यार्सेन् : कासाले ! कासाले !! कासाले !!!

मायुङ्ला ताम्बा: ठीला ङाप्ता, दोन्गी दुप्ता, कुङ्गी नीमा कुङ्गी दावा, लानी दीनी राङ्बा युल्ला नोम्सीङ् चोहोरेम्बोर्छे, गान्बारेम्बोरछे, ताम्बारेम्बोर छे, लामारेम्बोर्छेजुगु, कुस्युगो !

तील्मा दाङ्बो ग्याल्बा गान्बा ताम्बारेम्बोर्छेसे सोसी थान्बा रीम्ठीम्दा थान्बारी सेर्गी दोङ्बो आपा फाचान् थेन् आमा फाचान्से राङ्ला तीङ्ला लाङ्छ्या जामे फाचान्दा तीनीहरून्से फाचान् रुइबाला फाचान्ला जा फाचान्ला छ्यारी मायुङ्से फुल्जी । डीन्छेन् आपा फाचान्ला 'का' डीन्छेन् आमा फाचान्ला 'स्या' प्रात्ची । बुसीङ्ला रुइस्याल् जेन् मायुङ्ला छ्यारी मुला ।

यार्सेन् : कासाले ! कासाले !! कासाले !!

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परम्परा राख्नको लागि, खाने-पिउने कुरा राम्रो नभए पनि, अलिकति कोसेली पाउमा चढाउन, आज हामी गरीवहरू तपाईहरूको पाउमा आएका छौं । ताम्वाको कुरा नजाने पनि ताम्वा समाजविज्ञ बनेर, रीमठिम (परम्परा) नजाने पनि गान्वा (वुज्रुक) वनेर अनुहार राम्रो नभए पनि बेहुला वनाएर, यहाँहरूका पाउँमा आएका छौं । नरिसाई राज गर्नुहोस्, महानुभावहरू नमस्कार छ !

सबैले: मुनासिब हो ! मुनासिब हो !! मुनासिब हो !!!

[माइतीको हातमा सगुन चढाउन हातमा लिदैं]

[ताम्बाले पुनः भन्नुभयो] : सूर्य पूर्वबाट उदाएर पश्चिममा अस्ताउँछ । माटोमा बिउ नरोपे डुकु विरुवा उम्रदैन, अन्न फल्दैन । अन्नपात नभएको भए, प्राणि जगत् नै हुने थिएन । अन्नपात ग्रहण गरेर नै आज समाजविज्ञ बुज्रुकहरू, तराई प्रदेश, भोट देश र पहरूडी भू-भागका विशिष्ट विद्धानहरू, सज्जनवर्गहरू यहाँ राज गर्नुभएको छ । हिजो राजा, समाजविज्ञ, वुज्रुकवर्गले बनाइराख्नुभएको रीतिथिति मान्नुपर्दो रहेछ, माइती महोदय ! सम्माननीय माइती महोदयले आजदेखि फलाना छोरी फलानाको छोरा फलानालाई दिएँ भनेर यो पोङ् समातेर एउटा वचन दिनुहरूनेछ भनेर बसेका छौं, माइती महोदय !

[माइतीलाई सगुन पोङ् दिन्छ । पोङ् लिएपछि माइतीले भन्न थाल्छ]

माइतीः हिजो राजा, बुज्रुक र समाजविज्ञहरूले बनाईराखेको रीतिथिति कायम राख्नको लागि, छोरीचेलीलाई पराय घरमा पठाउनु पर्दोरहेछ, महामहिमहरू ! तामाङ रीतिथितिको दस्तूर लिएर आजदेखि फलानाको बाहुलीमा छोरी फलानालाई चढाएँ । पूज्य बुबाको 'रगत', पूज्य आमाको 'मासु', ज्वाईंको बाहुलीमा सुम्पे । चेलीको अस्थि माइतीको हातमा रहने उहिलेदेखिको तामाङ परम्परा छ, ताम्बा महामहिमहरू ! पूर्वका लामो नदी (ब्रम्हपुत्र ?) दक्षिणको लामो नदी (गंगा ?) झैं छोरी र ज्वाइँको दीर्घायु होउन् ।

सबैले : मुनासिब हो ! मुनासिब हो !! मुनासिब हो !!!

माइती पक्षका ताम्बा : प्रमूख पदाधिकारीहरू, शास्त्रज्ञहरू, आकाशका घाम जून जस्तै देशका अध्यक्ष महोदय, बुज्रुक महोदय, ताम्बा महोदय, लामा महोदय (सबैलाई) सुन्न हुन अनुरोध गर्दछु - उहिले उहिलेका राजा, बुज्रुक, ताम्बा महामहिमहरूले बनाइराखेका रीतिथितिलाई कायम राख्न, पूज्य बुबा र पूज्य आमा फलानाले आफ्नो मुटुको टुक्रा छोरी फलानालाई आजदेखि फलाना थरको फलानाको छोरो फलानाको बाहुलीमा चढाउनुभयो । पूज्य बुबा फलानाको रगत, पूज्य आमा फलानाको मासु, सुम्पिदिनुभयो । चेलीको अस्थि मात्र माइतीको हातमा छ ।

सबैले : मुनासिब हो ! मुनासिब हो !! मुनासिब हो !!!

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

